


• वर्ष १३ • अंक २५ • काठमाडौं, शुक्रबार, कातिक २३, २०६४ • SAPTAHIK • Nepali National Weekly • Friday, Nov. 9, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-



# रकिङ तिहार



मध्यपृष्ठमा

झरना थापा र अरुणिमा लम्सालको तिहार विशेष पोस्टर

नेपालीहरूको महान् पर्व दीपावलीका अवसरमा हामी सबैले उज्यालोतर्फको यात्रालाई निरन्तरता दिन सकौं । यो अवसरमा हामी हाम्रा सबै पाठक, विज्ञापनदाता, वितरक तथा शुभचिन्तकहरूमा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**साप्ताहिक परिवार**

**तिहार भन्नेबित्तिकै हामीलाई सम्झना आउँछ, दियो एवं बतीको झिलिमिली, मीठा परिकार, लिपिएको घरको आँगन, सयपत्री र मखमली फूल, देउसिरे अनि भैलिनी । यो लहरमा यसपटक पटाकाले पनि स्थान लिँदैछ। दसैं नसकिँदै राजधानीमा पटाकाको व्यापार सुरु भैसकेको छ।**

• सुव्रत आचार्य

*'भैलिनी आइन् आँगन, गुन्यू चोली माग न,*
*हे औंसीबार गाईतिहार भैलो... ।'*

फरिया र गुन्यू चोलोमा सजिएका, रातो रिबनले दुई चुल्ठी बाटेका, निधारमा रातो टीका, गाजले आँखा र लाली पोतिएको अनुहार भएका छ-सात जना किशोरी आँगनमा आएर भैलिनी भाकेपछि घर-आँगनमा तिहारको रमझम देखिन थाल्छ । घरबेटीले नाङ्लोमा दियो बालेर फलफूल, मिठाई, सेल रोटी, धान-चामल, पैसा तथा सयपत्रीको मालाले सजाएर भैलिनी टोलीकी नाइकेलाई अक्षता लगाइएपछि टोलीले भैलिनी गीतकै लयमा शुभाशिष दिँदाको रमाइलो बेग्लै हुन्छ ।

समय परिवर्तित छ । समयसँगै समाजमा आधुनिकता बढ्दै छ । सहरी समाजमा दसैंको बेलाको रमाइलो मानिने लिङ्गेपिङ्ग त देख्न पाइन छोडियो भने सम्भवत: आज लक्ष्मीपूजामा भैलिनी गाउने त्यस्ता समूह पनि कमै देखिएलान् । राजधानीको एक अंग्रेजी विद्यालयमा कक्षा आठमा अध्ययनरत सलोन दसैंअघिदेखि आफ्ना दस-बाह्र जना साथीका साथ दिनहुँ तिहारका लागि 'देउसी प्राक्टिस' गरिरहेका छन् । गायनमा रुचि भएका सलोन आफ्नो किशोर स्वरमा रक ब्यान्ड माउन्ट ८८४८ को अहिलेको चर्चित 'मस्की मस्की'जस्ता गीत गाउँदै छन् । उनको समूहमा रहेकी स्मृति पनि पूजा राई र अभया सुब्बाका गीत गाउँदै छिन् । मादल र खैजडीको साटो उनीहरू अक्टोप्याड, इलेक्ट्रिक गीतारहरूबाट तिहारलाई 'रकिङ्ग' बनाउने योजनामा छन्, किनकि उनीहरूलाई मादल बजाउन आउँदैन । उनीहरूलाई यतिचाहिँ थाहा छ कि लक्ष्मीपूजामा 'भैलीराम' र भोली गोबर्धन पूजामा 'देउसिरे' भट्ट्याउनुपर्छ । उनीहरूका लागि भट्ट्याउने देउसी गीत एक जना आफन्तले लेखिदिएका छन् । पङ्क्तिकारसँग पूर्वपरिचित सलोनका बाबुसँग सोधियो- 'छोराले परम्परा नमानेको जस्तो लाग्दैन ?' उनको जवाफ थियो- 'समयअनुसार ऊ ठीक छ ।'

**पड्किने भए पटाका**

तिहार भन्नेबित्तिकै हामीलाई सम्झना आउँछ, दियो एवं बत्तीको झिलिमिली, मीठा परिकार, लिपिएको घरको आँगन, सयपत्री र मखमली फूल, देउसिरे अनि भैलिनी । यो लहरमा यसपटक पटाकाले पनि स्थान लिँदैछ । दसैं नसकिँदै राजधानीमा पटाकाको व्यापार सुरु भैसकेको छ । दसैंको बेलामा समेत राजधानीको आकाशमा 'रकेट' उडेका देखिए । दसैंको टीका थाप्न जानेहरूले कतिपय स्थानमा 'माल्टाबार' भनिने सानो बम पड्किएको पनि सुने । धेरै वर्षअघिदेखि सरकारी तवरबाट राजधानीमा पटाका निषेधित गरिँदै आएको थियो, तर यसपटक सरकारी आदेशलाई राजधानीका युवाले नमान्ने संकेत पहिल्यै देखिइसकेको छ । राजधानीको सीमा अर्थात् थानकोटमा पनि पहिलेको जस्तो पटाका व्यापारीहरूलाई खासै रोकटोक गरिएको छैन । झारा टारेको जस्तो गरी जाँच गरिए पनि निजी सवारी साधनहरूलाई नजाँची राजधानी भित्रिन दिइएको छ । नयाँ बानेश्वरमा बसोबास गर्ने एक व्यक्तिले यसै साता आफ्ना र आफन्तका लागि मनग्गे पटाका ल्याइदिएका छन् । पटाकाका कारण हुने सम्भावित दुर्घटना तथा आगजनीको डर यसपटक राजधानीवासीले मान्नु र सर्तकता अपनाउनु आवश्यक छ । मुलुकको संक्रमणकालको फाइदा पटाकाको कालो व्यापारले निकै उठाउने पक्का छ ।

**मसलामा पनि आधुनिकता**

बदाम, काजु, मखना, दालचिनी, ल्वाङ, सुकुमेल, पिस्ता, ओखर, छोकडा, कटुस, सुपारी आदि मसला तिहारमा भाइटीकाका बेला दिदी-बहिनीद्वारा टीका लगाएपछि दाजुभाइलाई दिने परम्परा छ । यसको पछाडि एउटै कारण छ– मसला सेवन गरेर तिहारपछि सुरु हुने जाडोसँग जुध्ने ताकत आफ्ना दाजुभाइले पाउन अथवा यस्ता पौष्टिक मसला खाएर दाजुभाइ हृष्टपुष्ट होउन् । आधुनिकताले मसलाका उपरोक्त विविधतामा आधुनिक चकलेटहरू पनि थपिएका छन् । क्याटबरी, टोबलरोनजस्ता महँगा चकलेटका प्याकेटहरू पनि मसलासँगै राख्ने प्रचलन दुई-चार वर्ष यता बढेको छ । भारतीय चकलेटका कतिपय उत्पादकले आफ्ना सबै किसिमका चकलेटलाई एउटै प्याकेटमा राखेर तयार पारेका 'गिफ्ट प्याक' नेपाली बजारमा पनि पठाइएका छन् । तिहारलाई अनरसा तथा सेलरोटीको पर्व पनि भनिन्छ । २३ वर्षकी साम्राज्ञीलाई भने सेल पकाउन आउँदैन । गत वर्ष विवाह-बन्धनमा बाँधिएकी उनका लागि सेल-अनरसा माइतीमा आमाले नै तयार गरिदिन्छिन् । २७ वर्षीया विजयालाई पनि सेल-अनरसा पकाउन आउँदैन । उनका लागि गत वर्षसम्म दिदीले सेल तयार गरिदिन्थिन् । यसपटक दिदी बिदेसिएकीले


बाँकी पृष्ठ १७ मा

## साप्ताहिक

नजिकबाट
रेश्मा
पृष्ठ १६ मा



साइबर गर्ल
पावना
पृष्ठ ४ मा






लभगुरु रेखा
पृष्ठ ११ मा



खुलेर कुरा गर्ने चाहना
पृष्ठ ९ मा

## क्यासेट

### नीलो आकाश




तबलाबादक तथा गायक प्रितम राईको गीतिसंग्रह 'नीलो आकाश' श्रोतामाझ आएको छ । रञ्जना म्युजिक प्रा.लि.ले बजारमा ल्याएको यो संग्रहमा प्रितम राई, साधना सरगम एवं सपनाश्रीको स्वर सुन्न सकिन्छ । आठवटा गीत समाविष्ट संग्रहका गीत अनिता थापाले लेखेकी हुन् भने संगीत जीवन श्रेष्ठले भरेका हुन् ।

### मेरो माया




गायिका राधिका श्रेष्ठको एकल गीतिसंग्रह 'मेरो माया' श्रोतामाझ आएको छ । रन्जना म्युजिक उद्योगले बजारमा ल्याएको यो गीतिसंग्रहमा आठवटा गीत समावेश छन् । संग्रहमा गायिका श्रेष्ठलाई दुईवटा गीतमा विक्रम थापाले साथ दिएका छन् । संग्रहमा शब्द राधिका श्रेष्ठ, अरुण तिवारी तथा प्रदीप बगालेको शब्द एवं राधिका श्रेष्ठ, महाराज थापा, फणीन्द्र राई तथा बिसन मानन्धरको संगीत सुन्न पाइन्छ ।

### कहाँ छिन् होली ?

गायक राजु गौचनको एकल गीतिसंग्रह 'कहाँ छिन् होली ?' बजारमा आएको छ । सान्तना रेकर्ड्सले बजारमा ल्याएको यो संग्रहमा शब्द सुरेन्द्र राना, चेतन कार्की, श्रीमन लामाको छ । आठवटा गीत समाविष्ट संग्रहमा सचिन सिंह, राजु सिंह, शम्भुजित बाँस्कोटा, राम थापा, भानुभक्त ढकाल, पञ्च लामा तथा राजु गौचनको संगीत सुन्न पाइन्छ ।




## ग्यालरी

-कलाकार रागिनी उपाध्याय 'ग्रेला' चित्रकला प्रदर्शनीको क्रममा गत मंगलबार युरोपतर्फ प्रस्थान गरेकी छिन् । त्यसक्रममा उनले बेलायत र जर्मनीमा आफ्नो कला प्रदर्शन गर्नेछिन् । एक महिना लामो यात्राका क्रममा कात्तिक २४ गतेदेखि स्कटल्यान्डको एडनबर्गस्थित ग्यालरी ओपन आइमा आयोजना हुने सामूहिक प्रदर्शनीमा उनका चित्रहरू समावेश हुनेछन् । प्रदर्शनी १८ दिनसम्म सञ्चालन हुने उपाध्यायले बताइन् । त्यसपछि मंसिर १४ गतेदेखि जर्मनीको सानेडाफस्थित संस्कृतिभवनमा उनको एकल चित्रकला प्रदर्शनी आयोजना गरिनेछ । 'जनशक्ति' शीर्षकको उक्त प्रदर्शनी १५ दिनसम्म चल्नेछ ।

-कलाकार इन्दु पन्तको एकल चित्रकला प्रदर्शनी आगामी कात्तिक २८ गतेदेखि प्रारम्भ हुने भएको छ । नाफा आर्ट ग्यालरी बालमन्दिर नक्सालमा आयोजना हुने उक्त प्रदर्शनीको शीर्षक 'बेबी विथ फ्लावर' राखिएको छ । कलाकार पन्तका अनुसार तेल र एक्रेलिक माध्यमबाट तयार पारिएका ३५ वटा चित्र प्रदर्शनीमा राखिनेछ । बालबालिका र फूलको सम्बन्धलाई कलाकार पन्तले चित्रमार्फत् प्रस्तुत गर्ने प्रयास गरेकी छिन् ।

## रंगमञ्च

-१३ औं कन्डम दिवसको अवसर पारेर झापा सचेतक समूह, झापाले इलाममा गत शनिबार सडक नाटक 'होसियार' मञ्चन गऱ्यो । यौन रोग तथा एड्स जस्ता महामारीको रोकथामका लागि कन्डमको सुरक्षित प्रयोग गरौं भन्ने सन्देश नाटकले प्रवाह गरेको छ । एड्स रोगीहरूप्रति गरिने व्यवहार परिवर्तन गर्नुपर्छ भन्ने भाव नाटकमार्फत् प्रस्तुत गरिएको थियो । सडक नाटकमा राजेश गिरी, विकास गिरी, विवश घिमिरे, प्रदीप पुरी, कृषिका पोखेल, सविता राजवंशी, लेखु विश्वकर्मा तथा गोकुल मगरले अभिनय गरेका थिए ।

-गत शनिबार त्रियोग माध्यमिक विद्यालयका विद्यार्थीहरूले रसियाको जेउ समुदायको पौराणिक कथामा आधारित रहेर सांगीतिक नाटक मञ्चन गरेका छन् । सन् १९०५ ताका लेखिएको उक्त नाटकमा किसान परिवारमा जन्मिएका पाँच छोरी आफ्नो परम्परा विपरीत आफ्नो जीवनसाथी आफै खोज्ने प्रयास गर्छन् । यसका लागि उनीहरूले आफ्नै बुबासँग पनि विद्रोह गर्नुपर्ने हुन्छ । अन्ततः जित उनीहरूकै हुन्छ । आकर्षक सज्जा, स्टेज र संगीतको प्रयोग गरिएको यो नाटकको शीर्षक 'छानामाथिको गाइने' थियो । रजत घोषले निर्देशन गरेको उक्त नाटकमा विद्यालयका ७० जना विद्यार्थीले अभिनय गरेका थिए ।

## पुस्तक

### खिने दर्जीले गोली खाए

कवि शंकर खरेलद्वारा रचना गरिएको 'खिने दर्जीले गोली खाए' सत्य घटनामा आधारित रहेको दावी कवि खरेलको छ । एउटा घटनामा आधारित यो पुस्तकलाई विमल गुरागाईंले प्रकाशित गरेका हुन् । यो पुस्तकको मूल्य २ सय रुपैयाँ तथा १० अमेरिकी डलर छ ।

### खगोल र द्वन्द्व

नेपालमा वार्ता साहित्य त्यति प्रचलित छैन, तर लेखक केशवप्रसाद चौलागाईंले वार्ता साहित्यका रूपमा 'खगोल र द्वन्द्व' सार्वजनिक गरेका छन् । महेश प्रसाईंद्वारा सम्पादित तथा छायाँ प्रकाशनद्वारा प्रकाशित यो वार्ता साहित्यमा ६ वटा वार्ता सिलसिलेवार रूपमा प्रस्तुत गरिएको छ । यो पुस्तकको मूल्य संस्थागत ३ सय रुपैयाँ तथा व्यक्तिगत १ सय २५ रुपैयाँ छ ।

### चाहना गुम्सिदिंदा वेदना छल्किदिन्छ

कवि उपेन्द्रमान मास्केका ९८ वटा साना-ठूला कविताको संग्रह 'चाहना गुम्सिदिंदा वेदना छल्किदिन्छ' कवि स्वयंले प्रकाशित गरेका हुन् । १ सय ३५ पृष्ठमा विस्तारित यो पुस्तकको विशेषता भनेकै पाठकहरूले कविको हस्तलिखित कविता पढ्न पाउनु हो । यो पुस्तकको मूल्य १ सय रुपैयाँ छ ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

मान-सम्मान मिल्नेछ । व्यवसायमा लाभ हुनुका साथै यात्रा गर्ने तथा भेटघाटमा रमाउने अवसर जुट्नेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने देखिन्छ । आइतबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ताले सताउने योग छ । शत्रु बढ्नेछन् । काम गर्दा गोपनीयता अपनाउनुहोला ।

### वृष

सुरुमा परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ । भेटघाटमा मन प्रसन्न हुनेछ । अरूबाट सहयोग पनि पाउनुहोला । यात्रा हुनसक्छ । मंगलबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने सम्भावना छ ।

### मिथुन

सुरुमा गलत विचार बढ्नेछ । काममा अवरोध आउनाले मनोबल घट्ने देखिन्छ । कुरा काट्नेहरूका साथै शत्रु बढ्नेछन् । व्यवसायमा अवरोध आउनेछ । मंगलबारदेखि प्रसन्नता बढ्ने, काममा सुधार आउने तथा यात्रा हुने योग छ । धन आर्जन गर्ने अवसर जुट्नेछ । सप्ताहन्ततिर घरेलु समस्याले सताउनेछ ।

### कर्कट

सुरुमा घरेलु समस्याले सताउनेछ । समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ । खर्च एवं विवादले सताउनेछ । विश्वास गरेकाहरूले धोका दिन सक्छन् । मंगलबारदेखि परिश्रम गर्नु परे पनि काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ । अध्ययनमा प्राप्त हुने सफलता कायमै रहनेछ ।

### सिंह

पराक्रम एवं सोच्ने शक्ति बढ्नेछ । अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । धन आर्जन गर्ने अवसर जुट्नेछ । अरुको विश्वास जित्न सकिनेछ । आइतबारदेखि घरेलु समस्याले सताउनेछ । गलत विचार एवं विवाद बढ्नुका साथै धनमाल हराउने सम्भावना छ । कुरा काट्नेहरू सक्रिय रहनेछन् । अरुको काम धेरै गर्नुपर्ला ।

### कन्या

सुरुमा विवाद बढ्नेछ । अरूको आलोचनाले मनोबल पनि घट्नेछ । अध्ययनमा अवरोध आउन सक्छ । समयमा निर्णय गर्न नसक्दा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन् । झूटा आरोप लाग्नसक्छ । आइतबार तथा सोमबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । आम्दानी बढ्नेछ भने मानसम्मान पनि मिल्नेछ ।

### तुला

सुरुमा मानसम्मान मिल्नेछ । भोजभतेरमा संलग्न हुनुपर्ला । मन खोलेर कुरा गर्ने अवसर जुट्नेछ । पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ । अरूबाट सहयोगको सम्भावना छ । बोली प्रभावशाली हुनेछ । अध्ययनमा सफलता पाइएला । आइतबार तथा सोमबार चिन्ता एवं खर्च बढ्न सक्छ ।

### वृश्चिक

सुरुमा खर्च एवं विवाद बढ्नेछ । झूटा आरोप पनि लाग्नसक्छ । विश्वास गर्दा धोका खानुपर्ला । आइतबार तथा सोमबार मानसम्मान मिल्ने, काममा सुधार आउने तथा प्रसन्नता बढ्ने योग छ । व्यवसाय बढ्ने देखिन्छ भने यात्रा पनि हुनसक्छ । स्वास्थ्यको ख्याल गर्नुहोला ।

### धनु

सुरुमा पराक्रम एवं सोच्ने शक्ति बढ्नेछ । धन आर्जन गर्ने अवसर जुट्नेछ । भाग्यले साथ दिनेछ । भोजभतेरमा सामेल हुन पाइनेछ । अरूको विश्वास जित्न सकिनेछ । अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ताका साथै शरीरमा आलस्यता बढ्नेछ । घरेलु समस्याले पनि सताउन सक्छ ।

### मकर

सुरुमा मानसम्मान मिल्नेछ । ठूला व्यक्तिबाट प्रशंसा पाउनुहोला । सजिलै अरूको मन जित्न सकिनेछ । सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ । धन आर्जन गर्ने अवसर जुट्नेछ । अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । मंगलबार तथा बुधबार खर्चका साथै विवाद पनि बढ्ने देखिन्छ । स्वास्थ्य गडबड रहनाले मनोबल घट्नेछ ।

### कुम्भ

सुरुमा नैराश्यता एवं उदासीनता बढ्नेछ । काममा अवरोध आउनाले मनोबल घट्नेछ । घरेलु समस्याले पनि सताउनेछ । मित्र बनेर धोका दिनेहरू प्रशस्तै हुनेछन् । आइतबारदेखि मानसम्मान मिल्नेछ । धन आर्जन गर्ने अवसर जुट्नेछ । सोच्ने शक्ति एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । स्वास्थ्यको ख्याल गर्नुहोला ।

### मीन

सुरुमा स्वास्थ्य गडबड रहनेछ । शरीरमा चोटपटक लाग्न सक्छ । अध्ययनमा अवरोध आउनेछ भने समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ । मंगलबारदेखि मानसम्मान मिल्नेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ । खर्च बढ्ने हुँदा विचार पुऱ्याउनुहोला । घरेलु समस्याले पनि सताउन सक्छ ।

### यो साताको पञ्चाङ्ग

कात्तिक २३ गते लक्ष्मीपूजा, गाईतिहार, देवकोटाजयन्ती, २४ गते गोबर्द्धन पूजा, गोरुतिहार, नेपाल संवत् ११२८ प्रारम्भ, म्ह पूजा, २५ गते भाइटीका, फाल्गुनानन्द जयन्ती, २८ गते विश्व मधुमेह दिवस ।

सम्पादकीय

# कतै नरहोस् अन्धकार

**अहिले हामी नेपालीको घरदैलोमा तिहारको झिलीमिली छ । तिहार खुसियाली तथा सुखको अनुभूति गर्ने एउटा पर्व हो । हाम्रो शास्त्रमा उल्लेख गरिएको 'तमोसमा ज्योतिर्गमय' अर्थात् अँध्यारोबाट उज्यालोतर्फ लैजाऊ भन्ने मन्त्रलाई आत्मसात् गर्ने तिहार सबै किसिमका अन्धकारको विरुद्धको लडाइँ पनि हो । हामी तिहारमा मानवजीवनलाई अनेक किसिमले सजिलो बनाउने र कल्याण गर्ने सबै किसिमका सजीव, निर्जीवहरूको पूजा तथा आराधना गर्छौं । यस्ता पूजा र आराधनाले हाम्रो समाजमा एउटा छुट्टै महत्त्व राख्छन् । यस्तो पूजाले यो धर्तीमा कुनै पनि जीव वा वस्तु तुच्छ तथा हेय छैन भन्ने सन्देश पनि दिन्छ, तसर्थ तिहारलाई धार्मिक दृष्टिकोणले भन्दा पनि वैश्विक दृष्टिकोणले हेरिनुपर्छ । मानव समुदायलाई निरन्तर सहयोग गरिरहने, मानव समुदायको कल्याणमा अहोरात्र खटिरहने सबै खालका पशुपन्छीलगायत वस्तु तथा पदार्थको समेत पूजा–आराधना गरिने भएकाले नै तिहारले धार्मिकभन्दा बढी सामाजिक तथा सांस्कृतिक महत्त्व बोकेको छ । यसै कारण तिहारको रौनक हाम्रो समाजमा बेग्लै किसिमले प्रस्फुटित भएको अनुभव गर्न सकिन्छ ।**

**अन्धकारविरुद्धको लडाइँ तिहारको अर्को शाश्वत पक्ष हो । यहाँ अन्धकारको अर्थ रातसँग मात्र गाँसिएको छैन । सबै किसिमका अन्याय, अत्याचार, अन्यौलका विरुद्ध समाजलाई जागरूक बनाउने र त्यस्ता अन्धकारका विरुद्ध जीवनमा ज्योति जगाउने पर्वका रूपमा तिहारले आफ्नो महत्त्वलाई स्थापित गरिसकेको छ । यो सन्दर्भमा अहिले सामाजिक तथा राजनैतिक रूपमा व्याप्त अन्यौल तथा अराजकताको स्थितिविरुद्ध पनि हामीले नयाँ उज्यालोको खोजी गर्नुपर्ने भएको छ । हाम्रा मनमा रहेका तुषहरूका विरुद्ध हामी आफैँले संघर्ष गर्नुपर्छ भने हाम्रो समाजमा व्याप्त अनिर्णयको कुहिरो हटाउन हामी सबैले सामूहिक प्रयत्न गर्नुपर्छ । त्यस्तो सामूहिक प्रयत्नका लागि हामीलाई यो तिहारले विशेष रूपमा प्रेरित गर्नेछ भन्ने विश्वास गरौँ । अहिलेको अवस्थामा हामीले हाम्रो व्यक्तिगत समस्यालाई भन्दा हाम्रो मुलुकले बेहोर्नुपरेको समस्याको समाधान खोज्नेतर्फ आफूलाई केन्द्रित गर्नुपर्छ । यसका लागि तिहारले हामीलाई झकझक्याउन सकोस् । तिहारमा बल्ने हरेक दियोले हामी सबैलाई अन्धकार अविनाशी छ भन्ने भ्रमबाट मुक्त बनाउन सकोस् । एकपछि अर्को गर्दै फुक्दै गएका हाम्रा समस्याका गाँठाहरू आगामी दिनमा अझ सरल ढंगले फुक्दै जाऊन्, विगतका वर्षहरूमा देखिएका सबै खालका तुवाँलोहरू हट्दै जाऊन्, यो तिहारमा हामी सबै नेपाली यही कामना गरौँ ।**

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न ।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### यो तिहारमा

दिदी-बहिनीको घर जान पाइयोस्
उनीहरूले पकाएका सेल-रोटी खान पाइयोस्
मखमली र सयपत्रीको माला लाइयोस्
हरेक घरमा रुवाबासी होइन, देउसी-भैलो गाइयोस्
धम्की दिन र चन्दा लिन कोही नआओस्
अपहरण र हत्याजस्ता आतंक नमच्चाइयोस्
आफ्नै मातृभूमिको राष्ट्रिय झन्डा नजलाइयोस्
परम्परा र संस्कृतिमाथि बलात्कार
गर्दै गृहयुद्ध नफैलाइयोस्
हजारौं सन्ततिको लास भोगेकी
मातृभूमिलाई अझ नगलाइयोस्
पापी, अधर्मी राक्षसहरूको छिट्टै
मलामी जान पाइयोस्
शान्त समुन्नत नेपाल सबैको चाहना
दीपावली २०६४ को यही छ शुभकामना ।

**– रामप्रसाद खनाल, भर्जिनिया, अमेरिका**

### कलेजको पोसाक सहित चलचित्र भवनमा

अहिले मानिसहरूमा पढ्नु र पढाउनुपर्छ भन्ने चेतना त आएको छ, तर पढेकाहरू नै गलत बाटोतिर उन्मुख भएको पनि देखिएको छ । यसै क्रममा कलेज पहिरनमै एकाबिहानै चलचित्र हेर्न हलतिर छिर्नु किशोरकिशोरीहरूको दैनिकी बन्न थालेको छ । निजी विद्यालयहरूमा विद्यालय छलेर चलचित्र हेर्न जानेहरू कम भए पनि कलेज स्तरमा भने छ्याप्छ्याप्ती नै छन् । अभिभावकहरू छोराछोरी पढ्नका लागि कलेज गएका छन् भनेर ढुक्क हुन्छन् तर छोराछोरी भने पढाइलाई लात मारेर फस्ट सो चलचित्र हेर्न जानाले गम्भीर प्रश्न उठाएको छ ।

कलेज पहिरनमा पढाइ छलेर चलचित्र हेर्न जाने प्रवृत्तिलाई कसैले पनि राम्रो भन्दैन, तर यसको दोष ती किशोरकिशोरीलाई मात्र दिने कि, उनीहरूलाई सही बाटोमा हिंडाउन नसक्ने अभिभावक, शिक्षक र समाजले लिने ? अभिभावकहरूले छोराछोरी कुन बाटोमा हिंडिरहेका छन् भनेर छड्के जाँच गर्ने कि नगर्ने ? त्यसैगरी शिक्षक-शिक्षिकाहरूले पनि जागिर मात्र खाने कि आफ्ना विद्यार्थीहरूको चालचलनको पनि जाँच गर्ने ?

**–विश्वमणि अधिकारी**

### बाबुआमाको महत्व जानौं

नेपाली परिवेशमा आमाबाबुलाई तिरस्कार गर्नु संस्कृति बन्दै गएको छ । एकाइसौं शताब्दीमा एकल परिवारप्रति बढ्दै गएको मोहले बाबुआमाको मूल्य विस्मृत हुँदै गएको छ । फलस्वरूप अशक्त उमेरका बाबुआमालाई वृद्धाश्रममा हाल्नु फेसन हुन थालेको छ । बाबुआमा भनेका नैतिकरूपमा ईश्वर हुन् । संसारमा जति पनि सपूत छन् तिनीहरू बाबुआमाको त्यागलाई बुझेर नै महान् भएका हुन् । गान्धीजीले त मैले जे बोलेको छु त्यो सबै मेरी आमाको देन हो भनी आफ्ना साराका सारा सिद्धान्त आफ्नी आमाको जिम्मा लगाएका छन् । बाबुआमालाई तिरस्कार गर्ने सन्तान भनेका धर्तीका भार हुन् र यस्ता सन्तानलाई वेद, उपनिषद्, गीता, कुरान, बाइबलजस्ता हरेक धर्म ग्रन्थले धिक्कारेका छन् ।

जिउँदो हुँदा बाबुआमालाई भोकै राखेर मृत्युपश्चात् तर्पन दिने सन्तान यो समाजमा छन् जुन मूर्खता मात्र हो । श्राद्धको चौरासी व्यञ्जन खाएर आजसम्म कुनै पुर्खाले डकारेका छैनन् । सात-आठ पेटलाई अघाएर आफ्नो पेट भोकै राख्ने बाबुआमाको दुई पेट पाल्न नसक्ने हामी छैनौं । बाबुआमालाई सुस्वादु परिकार दिनु ईश्वरलाई प्रसाद चढाउनुभन्दा ठूलो पुण्य हो ।

आज बाबुआमालाई बूढाबूढी भए भनेर पन्छाउने सन्तानले भोलि आफ्ना गालामा पनि आउने चाउरीका धर्कालाई बिर्सनु हुँदैन । आफू पनि अशक्त हुने सत्यताप्रति आँखा चिम्लन मिल्दैन । एउटा छोरा बाबु बनेर भोलि फेरि छोरामै निर्भर हुनुपर्ने सत्य घामजत्तिकै छर्लङ्ग छ । यसकारण कुनै पनि छोराछोरीले आज आफ्ना बाबुआमालाई जस्तो व्यवहार गरेको छ आफ्ना छोराछोरीको निम्ति त्यो व्यवहार पाठ बन्न जान्छ र भोलि आफूले पनि त्यस्तै व्यवहार खेप्नुपर्ने बाध्यता आइलाग्छ । त्यो बेलामा विगतको आफ्नै कर्तुतलाई धिकार्नु सिवाय विकल्प रहँदैन ।

अहिलेको परिवेशमा बाबु-आमालाई सुख दिएर आध्यात्मिक लाभ लिने मानिसहरू नगण्य छन् जुन दु:खद पक्ष हो । यदि ईश्वरको अस्तित्व संसारमा छ भने त्यो बाबुआमाको आत्माभित्र छ । त्यो ईश्वरलाई नपुजी संसारको अरू हरेक पूजन सार्थक हुँदैन । छातीमा ममता रसाउने मातृत्व होस् वा काँधमा पहाडी भार लिने पितृत्व, बाबुआमाको त्याग र उत्सर्गको कदरयोग्य शब्द संसारमा छँदै छैन । यसकारण आजैदेखि बाबुआमाको महत्त्व बुझौं । बाबुआमालाई पूजा गरी हुर्कन लागेको विकृति र विसङ्गतिको जरा काटौं ।

**–प्रेमकृष्ण श्रेष्ठ, काठमाडौं**

### आन्दोलन कहिलेसम्म ?

जब २०६२/०६३ को जनआन्दोलन सफल भयो, देशमा खुसीको लहर देखा पर्‍यो । जनताले मुक्ति पाएको अनुभव गरे, तर आठ दलको सरकार बनेपछि दैनिकजसो आन्दोलन हुन थाल्यो । कहिले तराई बन्द, कहिले पूर्व बन्द, कहिले उपत्यका बन्द त कहिले नेपालै बन्द । कहिले नेताको आन्दोलन, कहिले मजदुरको आन्दोलन, कहिले व्यापारीको आन्दोलन त कहिले जनताको आन्दोलन । सरकार चुप लागेर बसेको छ, आन्दोलन हुन नदिने वातावरण मिलाउन सकेको छैन, जनताको थाप्लोमा दुःख माथि दुःख थपिएको छ । अब जनताको गुहार सुन्ने कसले ? यसको जवाफ सात दलले जनतालाई दिनुपर्छ ।

**–टीकाराम अर्याल, गलकोट, स्याङ्जा**

## तीतो सत्य

• प्रेम अजर अमर र अविनाशी हुन्छ साँचो प्रेमले जीवन बलिदान दिन्छ, बदलामा केही लिंदैन ।

• प्रेम एकबाट प्रारम्भ भएर अनन्तसम्म हराउँछ । आकारबाट प्रारम्भ भएर निराकारमा बिलाउँछ ।

• जसले अरूको चासो अनि निन्दा गर्दै हिंड्छ उसले आफ्नो दोष देख्नु त कहाँ हो कहाँ, आफ्नै धोती फुस्केको पनि थाहा पाउँदैन ।

**निशानी, इलाम**

• परिस्थितिले मानिसलाई कहाँ-कहाँ पुर्‍याउँछ, त्यसैले परिस्थितिसँग सम्झौता गर्न सक्नुपर्छ ।

• विपनामा असफल भएको कुरा हामी सपनामा देख्छौं ।

• मानिसको सम्मान बाँचुञ्जेलभन्दा मरिसकेपछि बढी हुन्छ ।

• झूटबिना सत्य सम्भव छैन ।

**प्रेजिन उपाध्याय, हात्तीवन**

• अठोटले मानिसलाई सदा आशावादी बनाउँछ ।

• मौलिक सोचाइद्वारा नै विश्वव्यापी परिवर्तनको चाहना पूरा गर्न सकिन्छ ।

• अनुशासन, सहिष्णुता, धार्मिक क्रियाकलापले ऊर्जा जम्मा गर्छ ।

• धैर्यले मानिसलाई सफल बनाउँछ ।

• जनताको स्वर नै ईश्वरको वाणी हो ।

**कुमार अधिकारी**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***–सम्पादक***

## मुखाले

शान्ति-प्रक्रियालाई माओवादीले हात्ती आयो पुच्छर अड्कियो भन्ने अवस्थामा पुर्‍याएका छन् ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

नेपाल अहिले आफ्नो आम्दानीले प्रशासनिक खर्च पनि धान्न नसक्ने अवस्थामा पुगेको छ ।

**विश्वम्भर प्याकुरेल, अर्थविद्**

इच्छुक सबै शरणार्थीलाई आफ्नो देश लैजान अमेरिका तयार छ ।

**एलेन आर. आउरबेरी, अमेरिकी सहायक विदेश मन्त्री**

पत्रकार वीरेन्द्र साहको अपहरण पार्टीको निर्देशनमा गरेको हुँ ।

**कुन्दन फौजदार, माओवादी कार्यकता**

संसद्ले दिएको निर्देशन कार्यान्वयन नगरे सरकार ढल्छ ।

**डा. बाबुराम भट्टराई**

एमालेमा सरकारको नेतृत्व परिवर्तन गर्ने सोच आइसकेको छैन ।

**भरतमोहन अधिकारी**

सरकारको नेतृत्व परिवर्तन हुने सम्भावनालाई हामी इन्कार गर्दैनौं ।

**बामदेव गौतम**

बाऱ्हबुँदे समझदारीको औचित्य अहिले होइन, गएको वैशाखमै सकिएको थियो ।

**रामबहादुर थापा 'बादल'**

शान्ति प्रक्रिया दलीय झगडाले झन् कमजोर बनाएको छ ।

**इयान मार्टिन, प्रमुख, नेपालस्थित राष्ट्रसंघीय मिसन**

मानव अधिकारको विषयमा सरकारलाई सचेत गर्दा पनि उसले टेरेको छैन ।

**केदारनाथ उपाध्याय, अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोग**

नेताले आफ्ना लागि राजनीति गर्ने कि जनताका लागि ? यो कुरा नेताहरूले नै छिनोफानो गर्नुपर्छ ।

**दिवाकर गोल्छा**

## नीति-नियम

**जो सधैं जप, उपवास, नियम (व्रत पालन), शास्त्र अनुसार कर्म र ध्यानमा रहन्छ, इन्द्रियलाई दमन गर्ने क्षमाशील गुणमा नि:सन्देह रहन्छ उसैलाई तपोनिष्ट भनिन्छ ।**

**जसले माग्नेले माग्नासाथ आफ्नो सारा धन, स्त्री र छोरासमेत नराखी दिएर पठाउन सक्छ उसैलाई दानशील भनिन्छ ।**

**जो मीमांसा, तर्क (न्याय), वेदान्त, शब्दशास्त्रको ज्ञान (व्याकरण) जान्दछ र उक्त विषयमा तर्क गरी यथार्थ रूपमा सम्झाउन सक्षम छ उसैलाई शास्त्रविद् भनिन्छ ।**

**जो संहिता (वाराही संहिता आदि) होराशास्त्र (पाराशर), गणित आदिको यथार्थ रूप जान्दछ र त्रिकालदर्शी (भूत, भविष्य र वर्तमान) को ज्ञाता छ उसलाई ज्योतिर्विद् वा ज्योतिषी भनिन्छ ।**

**जसले कारण र लक्षण पत्ता लगाई औषधीको ज्ञानद्वारा रोगको निदान गरी निको पार्न सकिने वा नसकिने उपचारका कार्यहरू गर्छ त्यसैलाई वैद्य भनिन्छ ।**

**सत्य तथा परोकारलाई सबै पुण्यहरूमध्ये श्रेष्ठ मानिएको छ । अत: यिनीहरूले युक्त र आज्ञा अनुसार सच्चाइपूर्वक कार्य गर्ने सेवकलाई आफूसँग राख्नुपर्छ ।**

-शुक्रनीति

अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा



### अटो क्रेज

संखुवासभा सदरमुकाम खाँदबारी पहिलो पटक आइपुगेका मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, नरेन्द्र कंसाकार, सावित्री शर्मा तथा गायक जगदीश समालबाट अटो भराउन युवायुवतीहरूको ठूलै भीड देखियो । हेल्पिङ हेन्ड्सको भवन निर्माणको सहयोगार्थ सांस्कृतिक कार्यक्रमका लागि आएका उनीहरूलाई बाटोदेखि कोठासम्म पुगेर भेट्दै अटो भराउने र हस्ताक्षर लिनेहरूको लाम देखिन्थ्यो । हेल्पिङ हेन्ड्सका कर्मचारी प्रकाश शाक्य राष्ट्रियमात्र होइन, विदेशमा पनि चर्चित मह जोडीको हस्ताक्षर लिने पुरानो इच्छा पूरा भएको भन्दै हस्ताक्षर लिइरहेका थिए । यहाँ पहिलो पटक आएका यी कलाकारलाई हेर्नेदेखि बोल्नेसम्मको ताँती नै लाग्यो । प्रशासक, सुरक्षा निकायका प्रमुख एवं सञ्चारकर्मीहरूसम्म महको वरिपरि नै देखिन्थे । चर्चाकै कारण उनीहरूसँग नजिकिन खोज्नेहरू तँछाड-मँछाड गर्दै आसपासमा झुमिन्थे, जसमध्ये अधिकांश युवायुवती थिए । मुसुक्क हाँसेर नमस्ते गर्दै बजारमा हिंडडुल गर्ने महजोडीलाई भेट्ने, उनीहरूका हात समाउनेहरू सबै प्राय: अटो भराउनमै व्यस्त देखिन्थे ।

**–सुरेन्द्र सुवेदी**

## साइबर गर्ल




२२ वर्षीया पावना पौडेलको उचाइ ५ फिट ४ इन्च छ । कलंकीकी बासिन्दा पावनाले स्नातक तहको अध्ययन पूरा गरिसकेकी छिन् । कालो आँखा भएकी पावना स्वीमिङ गर्न तथा संगीत सुन्न रुचाउँछिन् । मोडलिङको यात्रालाई निरन्तरता दिने क्रममा उनले नेपाली साइट डटकमका लागि फोटोसेसन गरेकी छिन् । फेसन तथा मोडलिङको क्षेत्रमा आउनुअघि पर्याप्त तालिमको आवश्यकता पर्ने बताउने पावना नेपाली फेसन उद्योगको विकासक्रम देखेर दंग छिन् । पावना भन्छिन्- 'अहिलेको अवस्थामा शैक्षिक योग्यता बलियो बनाएर मात्र यो क्षेत्रमा आउनुपर्छ ।' पावना शारीरिक रूपमा सुन्दर त छँदैछिन, त्यसबाहेक उनी कुशल नृत्याङ्गना पनि हुन् । विद्यालय तथा कलेजस्तरीय थुप्रै प्रतियोगितामा उनले विभिन्न पुरस्कार हासिल गरेकी छिन् । सभ्य तथा सुसंस्कृत मानिस मन पराउने पावना झूटो बोल्नेहरूप्रति घृणा गर्छिन् । पावना मोडलिङअन्तर्गत म्युजिक भिडियो, र्‍याम्प मोडलिङ तथा विज्ञापनका क्षेत्रमा काम गर्न रुचाउँछिन् । उनी आफूलाई इन्टरनेट पुस्ताको प्रतिनिधिका रूपमा चिनाउने चाहना राख्छिन् । शान्तितर्फ अग्रसर हुँदै गएको परिवर्तित राजनैतिक अवस्थातर्फ इंगित गर्दै पावनाले भनिन्- 'अहिलेको अवस्थामा सम्पूर्ण नेपालीको चाहना स्थायी शान्ति हो ।'

# नयाँ पुस्ताको तिहार

दसैंलगत्तैको अर्को महान् पर्व तिहार अर्थात् दीपावली प्रारम्भ भैसकेको छ। यमपञ्चक भनिने यो चाड गत बुधबार कागतिहारदेखि भाइटीकाको दिनसम्म पाँच दिन चल्छ। तिहार दाजु-बहिनी र दिदी-भाइबीच आत्मीयता बढाउने पर्वका रूपमा परिचित छ। तिहारलाई दीपावली र फूलहरूको प्रयोगले झिलिमिली चाडका रूपमा पनि चिनाएको छ। सम्बन्धका दृष्टिकोणले सधैं आत्मीय रहने दाजु-बहिनी र दिदी-भाइबीचको सम्बन्धलाई तिहारले अझ प्रगाढ बनाउँछ। यमराजले बहिनी यमुनाका घर गई पाँच दिन बसेर बहिनीको हातबाट सप्तरङ्गी टीका लगाएर फर्किएको किंवदन्तीले पनि यो चाड दाजु-बहिनी र दिदी-भाइसँग सम्बन्धित छ। तिहारलाई मनाउने शैली परम्परागत भए पनि यो पर्वलाई सामान्यतः नेपाली समाजमा दाजुबहिनी तथा दिदीभाइबीच माया देखाउने पर्वका रूपमा लिइन्छ।

रोल्पाका विक्रम महरा क्यास्पियन भ्याली कलेजमा व्यवस्थापन संकायअन्तर्गत प्लस टुमा अध्ययनरत छात्र हुन्। आफ्नै दिदी-बहिनी नभए पनि तिहारको आगमन उनका निम्ति उत्साहप्रद हुन्छ। विक्रमका एक मात्र दाजु हाल अस्ट्रेलियामा व्यवस्थापनमा स्नातक गर्दै छन्। विक्रमले तिहारलाई उत्साहप्रद बनाउनकै निम्ति अन्य परिवारका चार जनालाई दिदी-बहिनी मानेका छन्। त्यसैले हरेक वर्ष तिनै दिदीबहिनीका हातबाट उनले तिहारको टीका थाप्दै आएका छन्।

गाउँले परिवेशमा हुर्किएका कारण विक्रमले मनाउने तिहार पनि गाउँकै जस्तै छ। दिदीहरूले टीका लगाइदिएर मिष्ठान्न भोजन गराएपछि उनी गच्छेअनुसारको दक्षिणा टक्र्याउने गरेको बताउँछन्। विक्रम भन्छन्- 'मैले अहिलेसम्म महँङ्गो उपहार दिएको छैन, अध्ययनरत भएकाले पैसा पनि कमाएको छैन, दसैंमा मैले पाएको दक्षिणा नै दिदी-बहिनीहरूलाई बाँडेर पुर्‍याउँछु।' विक्रमले तिहार देउसी-भैलो खेलेर बित्ने गरेको बताए। काठमाडौंमै बस्दै आएका विक्रम तिहारको झिलिमिलीमा रमाउनका निम्ति दीपावली भएका साँझ साथीहरूका साथमा सहरका विभिन्न मुख्य स्थान चहार्न पुग्छन्। यसरी घुम्ने क्रममै गत वर्ष उनीहरू एक दुर्घटनाको सिकार बन्न पुगेका थिए। विक्रमले साप्ताहिकसँगको कुराकानीका क्रममा भने– 'यो वर्ष भने सचेतताका साथ रमाइलो गर्नुपर्ला।'

रातोबंगलामा ए लेभल अध्ययनरत अदीति अधिकारी तिहारलाई भाइसँग नजिकिने अर्को अवसरका रूपमा लिन्छिन्। रमझमको चाड भएकाले रमाइलो गरेर तिहार मनाउने बताउने अदीतिले दुई वर्ष कम उमेरका भाइलाई भाइ कम साथी बढी बनाएकी छिन्। परम्परा निर्वाह गर्ने क्रममा भाइटीकाको दिन अन्य दिनभन्दा फरक हुने उनको अनुभव छ। अदीतिले भनिन्- 'वर्षका ३ सय ६४ दिन आधुनिकतामा रमाए पनि भाइटीकाको दिन परम्परालाई ध्यान दिन्छु, तिहारको परम्पराअनुसार भाइको पूजा गरेर उसलाई टीका लगाइदिएर मीठा खानेकुरा दिन्छु।' तिहारको टीकाका दिन उनको घरमा मामा, काकालगायत सबै परिवार एकै स्थानमा भेला हुन्छन्।

अदीतिका अनुसार तिहारबाहेकका अन्य दिन पनि सम्बन्ध सुमधुर रहन्छ। भाइसँग अध्ययनलगायत अन्य समस्या र खुसीयालीका अवसरमा पनि छलफल हुने उनको अनुभव छ। आफू अलि बढी उमेरकी भएका कारण भाइका गतिविधिका बारेमा चासो राख्नु अदीतिले दायित्व मानेकी छिन्। यसकारण नै उनीहरू साथीहरूका अगाडि पनि दिदीभाइभन्दा पनि साथीभाइजस्तो देखिन्छन्। 'हाम्रो मित्रता देखेर साथीहरू पनि अचम्म मान्छन्।' अदीतिले भनिन्- 'कहिलेकाहीं झगडा पनि पर्छ, उमेरमा सानो भएका कारण घुर्की लगाउने भएकाले मैले नै फकाउनुपर्छ।' अदीतिले तिहारमा महँगो उपहारको सट्टा कम मूल्यको आकर्षक र स्मरणयुक्त उपहार छनौटमा ध्यान दिन्छिन्। सानो छँदा साथीसङ्गीसँग देउसी-भैलो खेल्ने अदीति अहिले घरमा आउने देउसेहरूसँगै रमाउने गरेको बताउँछिन्।

क्यापिटल कलेज एन्ड रिसर्च सेन्टरमा प्लस टु अध्ययनरत आयुश ढकाल परिवारका एक मात्र सन्तान हुन्। त्यसैले तिहारको भाइटीका उनी ठूली आमाकी छोरीहरूबाट थाप्छन्। उनीहरूमा एकै परिवारका दिदीभाइको भन्दा बढी माया छ। सामान्यतः नेपाली समाजमा तिहारले सांस्कृतिक महत्त्व राख्ने आयुशको भनाइ थियो। उनले भने- 'तिहारले दिदीबहिनी-दाजुभाइबीच आत्मीयता बढाउँछ।' काठमाडौंवासी आयुशले तिहारलाई लक्षित गरेर साथीहरूसँग रमाइलो गर्दै देउसी खेल्ने योजना बनाएका छन्।

यसका लागि उनले साथीहरूसँग मिलेर ड्रम, मादल आदि बाजादेखि लिएर गीतहरूको छनौटसमेत गरिसकेका छन्। आयुशको समूहले पाको उमेरका मानिसलाई आकर्षित गर्न लोकदोहोरीको प्याकेज पनि बनाएका छन्। समाजले पचाउने खालको संस्कृतिको निर्माण गर्नुपर्छ भन्ने विचारका पक्षपाती आयुश बढ्दो आधुनिकिकरणलाई पनि समयसँगै सुहाउँदो शैलीमा आत्मसात् गर्नुपर्ने विचार राख्छन्।

काठमाडौं युनिभर्सिटीमा मिडिया स्टडिजमा स्नातक गरिरहेकी उषा पराजुलीका एक जना दाजु छन्। चार वर्ष उमेर फरकका उनीहरू घनिष्ठ साथी पनि हुन्। दाजु आफूभन्दा बढी उमेरको भएका कारण उषाले हरेक समस्यामा दाजुको सल्लाह पाउने गरेको बताइन्। चुलबुले स्वभावकी उषा तिहारमा मात्र होइन, अरू बेला पनि दाजु-बहिनीको सम्बन्ध सुमधुर हुनुपर्ने बताउँछिन्।

तिहार नजिकिने क्रममा उनी दाजुलाई मन पर्ने उपहारको खोजीमा जुटिसकेकी हुन्छिन्। कतिपय दाजुभाइ-दिदीबहिनीले सामर्थ्यभन्दा बाहिर गएर मोबाइल, आइपडजस्ता इलेक्ट्रोनिक सामान एक-अर्कालाई उपहार दिनु उचित नहुने बताउने उषा आफूले सक्ने उपहार दिन कञ्जुस्याइँ पनि नगर्ने तर्क गर्छिन्।



तिहारमा इन्टरनेटजस्ता प्रविधिको प्रयोग पनि गरिन्छ। कतिपय दाजुभाइ-दिदीबहिनी विदेसिएका कारण तिहारमा भेट हुँदैन। सामान्यतः उनले पनि तिहार आएपछि साथीभाइहरूलाई मोबाइलबाट शुभकामना म्यासेज पठाउनुका साथै ग्रिटिङ कार्डहरू पनि पठाउने गरेको बताइन्।

त्रिभुवन विश्वविद्यालयबाट वातावरण विज्ञानमा स्नातकोत्तर अध्ययन गरिरहेकी शारदा पौडेल भाइटीकाको दिन वेबक्याम्पको सहायताले अमेरिकामा रहेका दाजुसँग भाइटीकाको औपचारिकता पूरा गर्छिन्। प्रविधिले नजिक्याएको मात्र छैन, भाइटीकाको साइतकै बेला प्रत्यक्ष टीका लगाएजस्तै गरी कुराकानी गर्ने अवसर पनि जुटाइदिएको छ, शारदा भन्छिन्- 'जब तिहार आउँछ, त्यसबेला भने विदेसिएको दाजुको सम्झना बढी आउँदो रहेछ।'

युनाइटेड कलेजका आयुशराज तुलाधरसँग भने तिहारको फरक अनुभव छ। नेवारी संस्कृतिमा हुर्किएका आयुशराजलाई म्ह पूजाको दिन विशेष लाग्छ। त्यसो त उनी हिन्दू परम्पराअनुसार दुई जना दिदीसँग टीका पनि लगाउँछन्। यो बेलामा परिवारमा हुने जमघटलाई उनले रमाइलो एवं महत्त्वका साथ लिने गरेको बताए।



# दीपावलीका पाँच दिन

दीपावली पाँच दिनसम्म मनाइन्छ। विशेष गरी दीपहरू बालेर रमाइलोका साथ मनाइने भएकाले यो पर्वलाई दीपावली भनिन्छ।

**कागतिहार** : कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म पाँच दिन मनाइने यो पर्वको आरम्भ कार्तिक कृष्ण त्रयोदशीका दिन कागपूजा गरिन्छ। काग अत्यन्त चलाख पक्षी हो। काग सर्वभक्षी प्राणी हो। यसको पूजा गर्नुका विभिन्न कारण छन्। कागले सबैलाई समान दृष्टिले हेर्छ भने यसले अन्नबालीमा लाग्ने कीरा-फट्याङ्ग्राहरू खाइदिन्छ। कागलाई यमराजको सन्देश सुनाउने यमदूतका रूपमा पनि लिइन्छ। काग यमराजको अत्यन्त प्रिय भक्त पनि हो। त्यसैगरी हाम्रो समाजमा प्रचलित काकगवेषण, काकन्याय, काकबलि आदि विविध शब्द कागसँगै सम्बन्धित छन्।

**कुकुरतिहार** : यमपञ्चकको दोस्रो दिन अर्थात् कार्तिक कृष्ण चतुर्दशीका दिन कुकुरतिहार मनाइन्छ, जसका सम्बन्धमा विभिन्न धार्मिक एवं सामाजिक मान्यता रहँदै आएको छ। यो दिनलाई नरक चतुर्दशी पनि भनिन्छ। कुकुरलाई पनि यमदूतका रूपमा लिइन्छ। कुकुर यमराजको अर्को प्रियभक्त हो। कुकुरलाई आज्ञापालक एवं रक्षक मात्र मानिँदैन, विभिन्न अपराध गर्ने अपराधीहरू पत्ता लगाउने, अध्ययन-अनुसन्धान गर्ने कार्य पनि कुकुरले गर्छ। कुकुरले घरको रेखदेख तथा चोर-डाँकाबाट बचाउने कार्य गरी मानिसलाई सहयोग गर्दै आएको छ। त्यसैगरी कुनै प्राकृतिक प्रकोप तथा दैवी विपत्ती हुने बेलामा पूर्वसूचना समेत दिन्छ। कुकुरलाई भैरवको वाहन पनि भनिन्छ। त्यसैले हामी कुकुर तिहारमा कुकुरलाई मन पर्ने खाना खुवाई पूजा गरी माला लगाइदिन्छौं।

**गाईतिहार र लक्ष्मीपूजा** : कुनै पनि धार्मिक वा सामाजिक संस्कार गर्नुअघि गाईको गोबरले घर-आँगन लिपपोत गर्ने, गाईको गहुँत सबैतिर छर्केर आफ्ना घर-कोठा-चोटा पवित्र तुल्याउने हाम्रो संस्कार छ। गाईलाई पशुधनका रूपमा पनि लिइन्छ। हिन्दूहरू गाईलाई लक्ष्मी र गौमाताका रूप मान्छन्। गाईजात्रा, गाईपाला, गाईप्राणी, गौप्राणी आदि शब्दले गाईमा आधारित विविध प्रतीकात्मक अर्थ प्रदान गर्छ।

लक्ष्मीलाई धन्यधान्यकी देवी एवं ऐश्वर्यकी प्रतीक मानिन्छ। कार्तिक कृष्ण औंसीको रातलाई अत्यन्त अँध्यारो रातका रूपमा लिइन्छ। यो अन्धकारमा रातलाई उज्यालोको प्रकाशले आलोकित पार्ने कार्य घर-घरमा बत्ती बाली लक्ष्मीको आह्वान गरिन्छ। यसभित्र कुनै पनि किसिमको अन्धकारलाई आफूमा अन्तर्निहित चेतनाशक्तिको प्रकाशले हटाउनुपर्ने सन्देश पनि पाइन्छ।

भगवान् रामचन्द्रले लोककल्याणको भावनाले रावणादि विविध असुरहरूको नाश गरेपछि कार्तिक कृष्ण औंसीको दिन अयोध्याको राजाका रूपमा राज्यारोहण गरेको खुसीयालीमा अयोध्यावासीले दीपावली गरेको प्रसङ्ग होस् वा यमराजले यमपञ्चकका पाँच दिन आफ्नी बहिनी यमुनाकहाँ बसेका कारण यस दिन मृत्यु हुने कुनै मानिसले नरक देख्नुनपर्ने विश्वासमा खुसी मनाउँदै दीपावली गर्ने प्रचलन आरम्भ भएको नै किन नहोस्, यी सबै प्रसङ्गमा यो दिनको ठूलो महत्त्व रहेको तथ्य स्पष्ट हुन्छ।

सुख-सम्पत्ति र ऐश्वर्य अभिवृद्धिको मनोकामनासहित कार्तिक कृष्ण औंसीका दिन माता लक्ष्मीको विशेष रूपमा पूजाआजा र अर्चना गर्नु तथा त्यसपछि लक्ष्मीकै प्रसाद प्रयोग गरी आफ्ना दराज, सेफ, भण्डार आदिमा स्वस्तिक चिह्न अंकित गर्नु वा शुभलाभ लेख्नु हाम्रो धार्मिक परम्परा हो। दीपावलीमा तमसोमा ज्योतिर्गमय अर्थात् अन्धकारबाट प्रकाशतर्फ लागी आफूलाई आत्मिक रूपमा सुख-सन्तोष प्रदान गर भन्नेयो दिन चेलीबेटीहरू भैलो खेलेर रमाइलो गर्छन्।

**गोरुतिहार** : हाम्रो देश कृषिप्रधान देश हो। गोरु कर्मयोगी किसानहरूका लागि अत्यन्त आवश्यक जनावर हो। गोरु भगवान् शिवको वाहन पनि हो। गोपाल शब्दले गाई पाल्ने व्यक्ति, गाईको धनी, ग्लावा, गोठाला आदिको पनि बोध हुन्छ। गोपाल भगवान् श्रीकृष्णको पर्यायवाची नाम पनि हो। द्वापरयुगमा नै इन्द्रले पानी नपारिदिएकाले कृषि पेसामा संलग्न कर्मयोगी गोपालहरू अत्यन्त चिन्तित थिए। यो अवस्थामा भगवान् श्रीकृष्णले गोबर्धन पर्वतको पूजा गर्ने सल्लाह दिए। गोपालहरूले त्यसै गरे, फलस्वरूप वर्षा भयो। सबै अन्न र ऐश्वर्यबाट समृद्ध भए। गाई र गोरुको संख्यामा पनि वृद्धि हुन पुग्यो। यसरी गोरुतिहार पर्व गोवर्धन पर्वतसँग गाँसिन पुगेको छ। यस दिन गोरुतिहारका रूपमा गोरुको पूजा गर्ने, गाईको गोबरबाट पहाड निर्माण गरी गोवर्धनको कामना गर्दै गोबर्धन पर्वतको पूजा गर्ने प्रचलन रहिआएको छ।

**भाइतिहार** : तिहारको अन्तिम दिन अर्थात् कार्तिक शुक्ल द्वितीय तिथिका दिन यो पर्व विशेष उत्साहका साथ मनाइन्छ। यो पर्व दिदीले भाइलाइ र बहिनीले दाजुलाई अनि त्यसैगरी भाइले दिदीलाई र दाजुले बहिनीलाई विशेष मानसम्मानका साथ विधिपूर्वक पूजाआजा गर्ने, मेवा-मिष्ठान आदि मनपर्ने कुरा खुवाउने, दिदीबहिनीलाई दान-दक्षिणा एवं वस्त्र आदि दिने परम्परा छ। परापूर्वकालमा बहिनी यमुनाले यसै दिन आफ्नो भावना अन्तर्निहित पाइन्छ। दाजु यमराजलाई विशेष मानसम्मान गर्दै भाइपूजा गरेको धार्मिक महत्त्व छ। यमपञ्चकका पाँच दिन यमराजले यमुनाको घरमा बास गर्छन् भन्ने हाम्रो धार्मिक विश्वास छ। यी पाँच दिन इन्द्रादि दश दिक्पालले बलि राजाका लागि आफ्नो राज्य छाड्ने कथा पनि पाइन्छ। भाइतिहारको दिन दियो, कलश र गणेशको पूजा गर्ने, यमराजको आह्वान गर्ने, बिमिरो, ओखर, तेल, मखमलीको माला, दूबोको टीका, कटुस आदिको प्रयोगमा आफ्ना दिदीबहिनी र दाजुभाइको सुख-समृद्धि, अरोग्य एवं दीर्घायुको कामना अन्तर्निहित छ।



# तिहारको देउसी-भैलो

कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म पाँच दिन मनाइने पर्व तिहारलाई यमपञ्चक पनि भनिन्छ । यमराजसँग सम्बन्धित पाँच दिन भएकाले पनि यो अवधिलाई यमपञ्चक भनिएको हो । पौराणिक ग्रन्थअनुसार यमराज पनि तिहारका लागि अतिथि बनेर आफ्नी बहिनी यमुनाको घरमा जान्छन् । त्यसैले पनि वर्ष दिनसम्म एकअर्कालाई भेट्न नसकेका दाजुभाइ तथा दिदीबहिनीबीचको मिलनको पर्व मानिन्छ- तिहारलाई । तिहारको अवधिभर यमराजको दूत काग, कुकुर एवं गाई, गोरु आदि मानिसका लागि उपयोगी जनावरहरूको पूजा गरिन्छ । कार्तिक कृष्ण औंसीको रात्रिमा दीपावली गरी लक्ष्मीपूजा गर्ने परम्परा रहिआएको छ । गोवर्धन पूजाको दिन गोवर्धनरूपी प्रकृतिको पूजा गरिन्छ । यसै दिन नेपाल संवत्को सुरुवात हुने भएकाले विशेष गरी नेवार समुदायले आत्मपूजा गर्छ ।

तिहारमा खेलिने देउसी र भैलोले नेपाली संस्कृतिमा विशेष महत्त्व राख्छन् । देउसी र भैलोलाई तिहारको मुख्य आकर्षणका रूपमा लिइन्छ । तिहारका पाँच दिनमध्ये पछिल्ला तीन दिन देउसी र भैलो खेल्ने परम्परा छ । डा. भूपहरि पौडेल देउसी र भैलो नेपाली लोक-साहित्यको एक महत्त्वपूर्ण अंग भएको बताउँछन् । पौडेलका अनुसार विभिन्न ठाउँमा तिहारदेखि एकादशीसम्म पनि देउसी खेल्ने चलन छ ।

कार्तिक शुक्ल औंसीको रात घरघरमा लक्ष्मीपूजा गरेपछि रातभरि गाइने गाथालाई नै भैलो भनिन्छ । भलो होस् भन्ने कामनासहित भैलेनीहरू परम्परागत वेशभूषा गुन्यु-चोली लगाएर घरघर गएर भैलो गाउँछन् । घरबेटीको घरमा गरिएको मनमोहक दीपावलीसहितको लक्ष्मीपूजाको वर्णन गर्दै भैलिनीहरू यसरी भैलो सुरु गर्छन्-

***हरियो गोबरले लिपेको, लक्ष्मीपूजा गरेको***
*हे औंसीबारो गाई तिहारो भैलो...*

आफूहरू त्यसै नआएको, बलि राजाले वर्ष दिनको एकपटक घरघरमा गएर भैलो खेल्न अनुरोध गरेकाले आएको भन्दै औंसीको रातमा गरिएको झिलिमिली दीपावलीको वर्णन गर्छन् । यसैगरी घरबेटीको प्रशंसालगायत विभिन्न ठाउँको वर्णन गरेर ठाउँअनुसारको भाकामा नाचगान गरिन्छ । अन्त्यमा भैलेनीहरू श्रद्धाले दिएको चामल, भेटी, सेलरोटी, फलफूल आदि ग्रहण गर्दै घरबेटीलाई विभिन्न आशीर्वाद दिन्छन् । भैलिनीहरूले दिएको आशीर्वाद लाग्छ भन्ने विश्वास गरिन्छ ।

यसैगरी गोवर्धनपूजाको दिनदेखि देउसेहरू देउसी खेल्न घरघर डुल्छन् । देउसी खेल्दा परम्परागत वेशभूषा दौरा-सुरुवाल लगाएर ए भन भन भाइ हो, देउसी रे भन... भन्दै स्वमा स्वर मिलाएर गाउँछन् । देउसी खेल्दा नेपाली परम्परागत बाजाहरू मादल, मुजुरा, खैँजडी आदिको प्रयोगले वातावरण नै मनोरम हुन्छ । देउसी खेल्ने परम्परा कसरी सुरु भयो भन्ने सम्बन्धमा पुराणमा एउटा कथा छ । जसअनुसार दैत्य राजा बलि ज्यादै सत्यवादी र दानी थिए । उनी आफ्नो दानशीलतामा ज्यादै घमन्ड गर्थे । त्यसकारण बलिको घमन्ड चुर गर्न भगवान् विष्णुले वामन अवतारका रूपमा उनलाई आफूले जे मागे पनि दिने वाचा बाँध्न लगाउँछन् । वाचाअनुसार विष्णुले मागेको तीन पाइला जमिनमध्ये दुई पाइलामा सम्पूर्ण भू-भाग ढाकिएकाले तेस्रो पाइलामा आफ्नो शिर दिएका थिए ।

त्यसबेला विष्णुले देऊ शिर भनी मागेकाले अपभ्रंश भै देउसीको गाथा चलेको हो भन्ने जनश्रुति छ । आफ्नो सर्वस्वहरण भै पाताल पुगेका बलिलाई विष्णुले वर्षको तीन दिन पृथ्वीमा तिम्रो आधिपत्य रहनेछ भन्ने वरदान दिएको स्मरण गर्दै मानिसहरूले देउसी-भैलो खेल्ने परम्परा चलाएका हुन् भन्ने विश्वास छ । यसैकारण पनि देउसी-भैलोमा बलि राजाले पठाएको प्रसंग जोड्दै उनको गाथा गाइन्छ ।

पहाडी क्षेत्रमा देउसी खेल्दा ब्राह्मण-क्षेत्री समुदायले बालन गाउँछन् । बालन गाउँदा रामायण, महाभारत तथा पौराणिक प्रसंगहरू जोडिन्छ । खैंजडीको तालमा नाच्दै गाइने यस्ता देउसी-भैलोमा रात बितेकै पत्तो हुँदैन तर हिजोआज यस्ता मौलिक संस्कृतिहरू क्रमशः लोप हुँदैछन् । नयाँ पुस्ताले आफ्नो मौलिक संस्कृतिलाई जोगाउन नसकेकोमा परम्परागत रूपमा बालन गाउनेहरू चिन्ता व्यक्त गर्छन् ।

विगत केही वर्षदेखि देउसी र भैलोमा विकृति आइसकेको छ । परम्परागत मौलिक वेशभूषा लगाएर मौलिक बाजाहरूको प्रयोग गरेर खेलिने देउसी र भैलो गीतार एवं ड्रमको भाकामा रिमिक्स भैसकेका छन् । भैलेनीका भाकामा गुन्यू-चोली माग्ने र च्यौसेको भाकामा सेलरोटी माग्ने संस्कृति अब लोप भैसकेको छ । बेसुरा स्वरमा गीत गाउने, घरबेटीलाई धम्क्याउने, देउसी-भैलो खेलेर उठाएको पैसा मादक पदार्थ खाई होहल्ला गर्ने, पटका पड्काउनेजस्ता विकृतिले गर्दा कतिपयलाई त तिहारै नआए पनि हुन्थ्यो भन्ने लाग्न थालेको छ । रातभरि च्यौसे-भैलेनीलाई स्वागत गर्ने नेपालीहरू अहिले साँझमै झ्यालढोका बन्द गरी बत्ती निभाएर सुत्न बाध्य हुन थालेका छन् ।


**–रामप्रसाद धिताल**

## देउसी र भैलोको परम्परा

दसैंपछिको अर्को ठूलो चाड तिहार कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुल्क द्वितीयासम्म पाँच दिन मनाइन्छ । सूर्यपूत्र यमराज आफ्नी बहिनी यमुनाकहाँ आई बसेको र यमुनाले उनको सेवा र पूजा गरेको घटनाका पाँच दिनलाई यमपञ्चक भनिन्छ ।

तिहारका पाँच दिनमध्ये पहिलो दिनलाई कागतिहार, दोस्रो दिनलाई कुकुर तिहार, तेस्रो दिन गाई तिहार र लक्ष्मीपूजा, चौथो दिनलाई गोरु तिहार, गोवर्द्धन पूजा, म्ह पूजा र अन्तिम वा पाँचौं दिनलाई भाइटीका भनिन्छ । यस अवसरमा विभिन्न प्रकारले नाचगान गरी रमाइलो गरिन्छ । कतै पिङको रौनक, विभिन्न फूलको सुन्दरता, विभिन्न किसिमका धूपको सुगन्ध आदिका कारण तिहारको वातावरण निकै सुरम्य एवं आकर्षक हुन्छ । विभिन्न शुभ आशीर्वाद बाँड्दै घरघरमा गएर देउसी र भैलो खेल्ने पुरातन संस्कृतिका कारण यो पर्वले एक-आपसमा हार्दिकता बढाउँछ ।

त्यसो त दीपावलीमा गाइने देउसी र भैलोको आफ्नै परम्परा छ । कार्तिक कृष्ण औंसी अर्थात् गाई तिहारको दिन रातभरि गाइने गीत एवं गाथा नै भैली हो । भलो होस् भन्ने कामना गर्दै सामूहिक रूपमा भैली खेलिन्छ । भैली खेल्ने नारीलाई भैलिनी भनिन्छ । यस अवसरमा भैलिनीहरू परम्परागत वेशभूषा, नाचगानसहित भैली खेल्दै गाउँघर, टोल, छिमेक डुल्छन् । श्रद्धाले दिएको सेल रोटी, भेटी, फलफूल आदि ग्रहण गर्छन् अनि पुनः अर्को वर्ष भेट्ने वाचासहित घरभेटीलाई आशीर्वाद दिएर फर्कन्छन् । थुप्रै गाथा गाउँदै पहाडदेखि तराईसम्म भैलो खेल्ने परम्परा छ ।



त्यस्तै लक्ष्मीपूजाको भोलिपल्ट र पर्सिपल्ट देउसी खेल्ने चलन छ । प्रायः युवकहरू मात्र देउसी खेल्छन् । देउसीको परम्परा राजा बलीको पालादेखि चलेको हो भन्ने धार्मिक मान्यता छ । धार्मिक मान्यताअनुसार राजा बली दानी र सत्यवादी थिए । उनी माग्न आउने जोकोहीलाई पनि रित्तो हात फर्काउँदैनथे । उनलाई आफ्नो दानशीलतामा घमण्ड थियो । त्यसैले उनको घमण्ड तोड्न भगवान् विष्णु वामनरूप धारण गरेर तीन कदम राख्ने जमिन माग्न पुगे । बली राजाले दुई कदम राख्ने जमिन त दिए तर तेस्रो कदम राख्ने ठाउँ नपाएपछि आफ्नै शिर दिएका थिए । त्यतिबेला 'देउशिर' भनी मागेकाले नै देउसीको गाथा चलेको हो । त्यसरी आफ्नो सर्वस्व हरण भएर पाताल पुग्दा पनि बली राजा प्रसन्न भएको देखेर विष्णु भगवान्ले वर्षमा तीन दिन तीनै लोकमा तिम्रो आधिपत्य रहोस् र तिम्रो गुणगान सबैले गाऊन् भनेर वरदान दिए । त्यसपछि कालान्तरमा यही कुरालाई स्मरण गरी मानिसहरूले देउसी र भैलो खेल्ने परम्परालाई निरन्तरता दिएका हुन् । विभिन्न प्रकारका शुभवचन, शुभकामना, देवकथा, उपकथा आदि भट्याउँदै पहाडदेखि तराईसम्म सर्वत्र देउसी खेलिन्छ । यस प्रकारको कार्यले सांस्कृतिक, पौराणिक एवं धार्मिक मूल्य-मान्यतालाई अक्षुण्ण राख्न सहयोग पुग्छ ।

**–देवेन्द्र अर्याल**

# जैविक तथा वातावरणीय दृष्टिमा तिहार

हिन्दूहरूको महान् पर्व तिहारको आफ्नै धार्मिक, सांस्कृतिक, पौराणिक एवं वातावरणीय महत्त्व छ । यो पर्वको जति धार्मिक तथा सांस्कृतिक महत्त्व छ त्यति नै जैविक र वातावरणीय महत्त्व पनि छ । त्यसो त हाम्रो देशमा परापूर्वकालदेखि नै जीवजन्तु र वृक्षको पूजा गर्ने चलन, जसले वातावरण र मानव समुदायबीचको सम्बन्धलाई प्रस्तुत गर्दछ । हाम्रो वरपरको वातावरण बिग्रनु वा विनाश हुनु भनेको यहाँ भएका जीवजन्तु तथा वनस्पति लोप हुँदै जानु हो । वातावरणमा आश्रित जीवजन्तु र वनस्पति लोप हुँदै गए मानिसकै अस्तित्वमा पनि प्रश्नचिन्ह लाग्नसक्छ । त्यसैले हामीले वातावरण सम्बर्द्धन एवं संरक्षणमा चासो दिनु अत्यावश्यक छ । हाम्रा पुर्खाले चलाएको वृक्ष तथा जीवतन्तुको संरक्षण वा पूजा गर्ने परम्परा आजको वैज्ञानिक युगमा पनि उत्तिकै सान्दर्भिक छ ।

तिहारको पहिलो दिन कागको पूजा गरिन्छ । धार्मिक कथनअनुसार कागलाई यमदूत मानिन्छ जसले एक ठाउँबाट अर्को ठाउँमा शुभ-अशुभ खबर आदान-प्रदान गर्छ । त्यस्तै कागलाई वातावरणीय दृष्टिले पनि निकै महत्त्वपूर्ण मानिन्छ । कागले हाम्रो वरपर रहेका फोहोरमैला खाएर नष्ट गर्ने भएकाले कागलाई जैविक तथा वातावरणीय दृष्टिले महत्त्वपूर्ण मानिएको हो । कागले फोहोरमैला खाएर वातावरण सन्तुलन गर्न सहयोग पुऱ्याउँछ । त्यसैले तिहारको पहिलो दिन कागको पूजा गर्ने र खानेकुरा खानदिने चलन छ ।

तिहारको दोस्रो दिन कुकुरको पूजा गरिन्छ । घर वरपरको वातावरणमा सन्तुलन कायम राख्न, घरको हेरचाह गर्न तथा अपराधीहरू पत्ता लगाउने कार्यमा कुकुरको महत्त्वपूर्ण स्थान रहेकाले कुकुरलाई आज्ञाकारी एवं स्वामीभक्तका रूपमा पूजा गरिन्छ साथै यस दिन मीठा-मीठा खानेकुरा दिएर 'भैरवका वाहन' एवं यमदूतका रूपमा कुकुरको पूजा गरिन्छ ।

दीपावलीको तेस्रो दिन गाई तिहार मनाइन्छ । गाईको गोबर, गहुँत, दूध, दही, घिउ सधैं उपयोगी हुने भएकाले यसको ठूलो महत्त्व छ । गाईको गोबरलाई ऊर्वरायुक्त मलका रूपमा प्रयोग गरिन्छ । बालीनाली सपार्न तथा वातावरण सन्तुलन कायम गर्न सहयोग पुऱ्याउने भएकाले गाईको ठूलो महत्त्व छ । त्यसो त हिन्दू संस्कृतिमा मानवको जन्मदेखि मृत्युसम्म गाईको पूजा गरिन्छ भने दही, दूध, गहुँत, गोबर, घिउलाई शुद्ध मानेर प्रयोग गरिन्छ ।

दीपावलीको चौथो दिन गोरुको पूजा गरिन्छ । कृषि प्रधान देशमा गाई-गोरुको निकै महत्त्व भएकाले नै परापूर्वककालदेखि नै गाई-गोरुको पूजा गरिएको हो । गाई-गोरुको मल तथा गोरुको परिश्रमलाई कृषि प्रधानदेशमा अतुलनीय मानिन्छ । बाँझो खेतलाई जोतेर ऊर्वरा बनाउन गोरुले ठूलो सहयोग पुऱ्याउने भएकाले गोरुको जैविक तथा वातावरणीय दृष्टिमा ठूलो महत्त्व रहेको पाइन्छ । त्यसैले यस दिन गोरुको पूजा गरी सेल रोटी, पीठो खान दिइन्छ ।

दीपावलीको अन्तिम दिन भाइ तिहार हो । यस दिन दिदी-बहिनीले दाजुभाइलाई टीका लगाई मीठा-मीठा फलफूल, परिकार, विभिन्न मसलालगायत अन्य सामान दिन्छन् । तिहारमा खाने मसलाले आरोग्य वृद्धि हुनुका साथै स्वास्थ्यमा फाइदा पुऱ्याउने भएकाले यो पर्वभित्र वैज्ञानिकता पनि रहेको पाइन्छ । त्यस्तै दीपावलीमा सबैतिर लिपपोत वा सरसरफाइ गरिन्छ फलस्वरूप रोगका कीटाणुहरूले हामीलाई आक्रमण गर्न सक्दैनन् । विभिन्न धूपदीपको प्रभावले रोगका कीटाणु नाश हुने भएकाले पनि यो पर्वले सरसफाइ एवं वातावरण सन्तुलनका दृष्टिले विशेष महत्त्व राखेको पाइन्छ ।

# दाजुभाइलाई ढाकाटोपी

वसन्तपुर (तेऱ्हथुम)- तिहारको अवसरमा वसन्तपुर हाटको चहलपहल निकै बढेको छ । खासगरी चेलीबेटीहरूको भीड देखिने उक्त बजारमा अहिले तिहारलाई नै लक्षित गरेर सामान किनबेच भैरहेको छ । विराटनगरबाट वसन्तपुर बजार डुल्न आएकी गायत्री लुइँटेलले यस पटकको तिहारमा दाजुभाइलाई टीका लगाएर उपहार दिन चारवटा तेऱ्हथुमे ढाकाटोपी किनिन् । गायत्री भन्छिन्– 'हराउँदै गएको ढाकाटोपीको जगेर्ना हामी आफैंले गर्नुपर्छ । नयाँ ठाउँको चिनो अमूल्य हुन्छ, त्यसैले दाजुभाइलाई सधैं तिहारमा ढाकाटोपी नै उपहार दिने गरेकी छु ।' लुइँटेल भन्छिन्– 'तेऱ्हथुमे ढाकाटोपी देशभर प्रसिद्ध छ । दाजुभाइको शिरमा ढाकाटोपी लगाइदिँदाको गौरव नै अर्कै हुन्छ ।'

गायत्री मात्र होइन, यो साताको हाटमा अधिकांश महिलाको हात र झोलामा ढाकाटोपी देखिन्थ्यो भने ढाकाटोपी पसलहरूमा चहलपहल पनि थियो । राष्ट्रियताको प्रतीकका रूपमा रहेको ढाकाटोपी लगाउने चलन हराउँदै गएका बेला तिहारमा दिदीबहिनीहरूले शिरमा पहिऱ्याइदिएको ढाकाटोपीले नेपाली युवाहरूलाई एकपटक देशका बारेमा सोच्न बाध्य बनाउने



गायत्री बताउँछिन् ।

ठूला-ठूला पार्टी-समारोहदेखि स्थानीय सांस्कृतिक कार्यक्रम, विवाह-बटुलोमा जाँदासम्म लगाइने ढाकाटोपी तेऱ्हथुम मात्र नभएर छिमेकी जिल्ला धनकुटाका सिधुवा, हिले, धनकुटा, सुनसरीका धरान, इटहरीलगायत देशका विभिन्न भागमा बजार पाउन सफल छ ।

विशेष गरेर तिहारमा दाजुभाइलाई सप्तरङ्गी टीका, सयपत्रीको मालासँगै शिरमा ढाकाटोपी लगाइदिने नेपाली चलन छ । सामाजिक परिवर्तनसँगै नेपाली मौलिकता र संस्कृति हराउँदै गएको बेला राष्ट्रियताको चिनोका रूपमा रहेको ढाकाटोपीलाई तेऱ्हथुमले भने अझ हराउन दिएको छैन । तेऱ्हथुमकी सुधा खड्का भन्छिन्– 'वर्ष दिनमा आउने यो पर्वमा हामीले दाजुभाइलाई उपहार दिँदा आफ्नै स्थानीय स्तरमा भएका हराउँदै गएका सामग्रीहरू दिऊँ, जसले सांस्कृतिक पर्वहरूको महत्त्व बढ्दै जाओस् । स्थानीय स्तरमा उत्पादित वस्तुहरूले बजार नपाइरहेको अवस्थामा तेऱ्हथुमे ढाकाटोपीले भने अझै पनि त्यत्तिकै बजार पाइरहेको कुरा १५ वर्षदेखि तेऱ्हथुमे ढाकाटोपीको व्यापार गर्दै आएका भोजपुरका हंसमान राई बताउँछन् । अरू समयभन्दा तिहारमा ढाकाटोपीको व्यापार दोब्बर हुने राई बताउँछन् । तिहारमा सबै जात-जातिका दिदीबहिनीहरूले ढाकाटोपी किन्ने गरेको उनले बताए ।

**–भिषा काफ्ले**

# दीपको उज्यालोमा लुकेको इतिहास



आदि मानवले आगोको खोज गरिसकेपछि निश्चित रूपमा उसले त्यसको प्रयोग प्रकाशकै रूपमा प्रारम्भ गरेको हुनुपर्छ। त्यतिबेला प्रकाशको यो उपयोगिता कुनै पनि दृष्टिमा धार्मिक विचारधाराबाट प्रभावित थिएन। अग्निबाट प्रकाश प्राप्त गर्ने विधि पनि सम्भवतः अनौठो थियो। बिस्तारै मानव सभ्यता विकसित भयो र उसले पाषाण युगमा प्रवेश गऱ्यो। उसको जीवनमा ढुंगाको प्रयोग विभिन्न रूपबाट तथा विभिन्न प्रयोजनका लागि हुन थाल्यो। अनुसन्धानकर्ताहरूका अनुसार दीपकको प्रादुर्भाव त्यतिबेलै भएको हुनुपर्छ। इतिहासविद्हरूका अनुसार त्यतिबेलै दीपक अर्थात् दियो सीपी तथा पत्थरका हुन्थे जसमा जनावरको बोसो प्रयोग गरेर सुकेको घाँस-पात प्रयोग गरी बत्ती बनाएर बालिन्थ्यो। प्राचीन नगरहरूको उत्खनन्का क्रममा भेटिएका ढुंगाका दीयाहरूले उल्लेखित तथ्य पुष्टि गरेको छ। ढुंगा मात्र नभएर माटाका दियोको आकृति र अवशेष भेटिएका थुप्रै उदाहरण छन्।

वैदिक कालमा दीपावलीको विशेष महत्त्व पाइन्छ। 'धर्मोत्सव' का रूपमा यसलाई मनाइएको पाइन्छ। यति मात्र नभएर दीपावलीसित यज्ञ, हवन, मन्त्र एवं पौराणिक आख्यानलाई समेत संलग्न गरिएको देखिन्छ। पद्म पुराण, स्कन्द पुराण एवं नारद पुराणमा समेत दीपावलीको विस्तृत उल्लेख पाइन्छ। वैदिक कालमा यसलाई 'दीपान्विता' नामबाट चिनिन्थ्यो। ब्राह्मणसंहिताहरू, जातक कथाहरू, कामसूत्र, मुद्रा राक्षस आदिमा समेत दीपावलीको विशेष उल्लेख छ। प्राचीन कालमा हातबाटै दियो बनाइन्थ्यो, जसमा बत्ती राख्ने स्थान अलिक दबाएर बनाइएको हुन्थ्यो। लामो समयपछि दियोलाई कुमालेको चक्रमा बनाउन थालियो। यसबाट दियोको आकारमा निकै परिवर्तन आयो, पहिले हातले नै बनाएका कारण दियोको आकार बेढंगका हुन्थे। पछि आएर दियो सुन्दर, कलात्मक एवं सुरुचिपूर्ण हुन थाले। दियो प्रज्ज्वलनका लागि जैतुन, तोरी, सीसम तथा अरन्डीको तेल प्रयोग हुन थाल्यो। विशेष पूजाका लागि भने शुद्ध घिउ प्रयोग हुन थाल्यो।

मध्यकालमा आएर दियो निकै लोकप्रिय भयो। संगीत क्षेत्रमा भएको प्रगतिसँगै दियो वा दीपकको नामबाट 'दीपक राग' को प्रादुर्भाव पनि भयो। समयसँगै दियोको स्वरूपमा पनि परिवर्तन आउन थाल्यो। माटोमा मात्र सीमित दियो विभिन्न धातुबाट पनि बनाइन थालियो। सुन-चाँदीबाट पनि दियो बनाइन थालियो। अलग-अलग उद्देश्य अनुरूप दियोको स्वरूपमा विविधता पाइन्छ। मन्दिर एवं पूजाका लागि प्रयोजनमा ल्याइने दियोलाई 'आरती दीपक' भनिन थालियो। ती दियोको आकार सानो हुन्थ्यो र तिनलाई प्रज्ज्वलन गरेर देवी-देवताको आरतीमा प्रयोग गरिन्थ्यो। आरती दीपक कैयन प्रकारका हुन्थे, जस्तै- एक मुखी, दुई मुखी, पञ्च मुखी वा सप्त मुखी आदि। यी स-साना दियोका अतिरिक्त कैयन मन्दिरमा दीपक स्तम्भ राख्ने चलन पनि थियो। कैयन स्थानमा यसको प्रचलन अद्यापि पाइन्छ।

दीपावली मुख्यतः धनकी देवी लक्ष्मीको उपासनाको उत्सव हो। त्यसैले देवी लक्ष्मीलाई पनि दीपसित जोडिएको पाइन्छ। 'दीप लक्ष्मी' नामक नयाँ दीपकको आविष्कार गरिएको छ। यस प्रकारको दीपक हेर्दा आकर्षक हुनुका साथै यसमा देवी लक्ष्मीको मूर्तिसमेत बनाइएको हुन्छ जसको हातमा एक वा कैयन् दीपक राख्ने स्थान बनाइएको हुन्छ। पछिल्लो समयमा झुन्डिने दियोको पनि आविष्कार भएको पाइन्छ। यस्ता दीपकलाई देवालय, पूजागृह, महल तथा घरको उपयुक्त स्थानमा प्रयोग गरिन्छ। यस्ता दीपकमा देवी-देवता, पशुपंछी तथा अन्य आकृतिबाट सजाइएको पाइन्छ।

'कुम्भ दीपक' पनि प्रचलनमा छ, जुन लोटासमान हुन्छ र त्यसमा मूठसमेत राखिन्छ। मूठ भने सर्पाकार शैलीको हुन्छ। यस्तो दीपकमा लोटा आकार शैलीमा दीप लगाइएको हुन्छ। साथमा चम्चा आकारको एक पात्र पनि। जसमा तेल वा घिउ हालेर दीप जलाइन्छ। 'दीप वृक्ष' नामक दीपकको पनि रचना भएको छ। बृहद् आकार तथा अधिक मूल्यका कारण यसको प्रयोग उच्च वर्गमै सीमित छ। वृक्षको आकृतिसित मिल्ने यसप्रकारको दियोमा वृक्षका प्रत्येक शाखामा दियो हुन्छ। विस्तृत भएका कारण यसप्रकारको दीपकमा एकै साथ एक दर्जन दियो बाल्न सकिन्छ। तुलसीमुनि राखी बालिने 'तुलसी वृन्दावन' नामक दीपकको चलन छ। पित्तलबाट बनेको यस प्रकारको दियो आकारमा गोलो डब्बाजस्तै हुन्छ। जसको चारैतिर जाली हुन्छ र डब्बाको बीचमा दीपक राखेर बालिन्छ।

**– रोजिन शाक्य**

## दीपहरूको पर्व

कुनै पनि कार्य प्रारम्भ गर्नुपूर्व दियो बाल्ने चलन छ। दियो, बत्ती, दीप आदि नामले पूजा गरिने दीपको प्रयोग आजभन्दा ४ हजार ५ सय वर्ष पहिले 'मोहन्जोदडो' र 'हरप्पा' का बासिन्दाहरूले पनि गरेको पाइन्छ। तत्कालीन मूर्तिहरूका वरपर दियो जडिएका हुन्थे। यो कुराको ठोस प्रमाण सिन्धु सभ्यताको उत्खनन्बाट प्राप्त दियोहरू नै हुन्। ती दियोहरू माटो र ढुंगाद्वारा निर्मित छन्। वैदिक शास्त्रमा उल्लेख गरिएको छ- 'तमसोमा ज्योतिर्गमय' अर्थात् अँध्यारोबाट उज्यालोतर्फ अग्रसर होऊ। प्राचीनकालमा प्रकाशको मुख्य स्रोत नै अग्नि थियो।

'दियो' वा दीप तिहार अर्थात् दीपावलीसँग सम्बन्धित कुरा हुन्। दीपावली दीपहरूको पर्व हो। यो पर्वमा परम्परागत, आधुनिक थुप्रै प्रकारका दीप प्रयोग गरिन्छ। कुनै पनि माङ्गलिक कार्यमा दीप बाल्ने चलन छ। त्यसैगरी कुनै शुभ कार्यमा दीप बालेर शुभारम्भ गर्ने प्रचलनबाट पनि यसको महत्त्व प्रस्ट हुन्छ। बत्ती बाल्ने दियोहरू तामा, काँस, पित्तल, चाँदी आदि धातुबाहेक ढुंगा, माटो र काठ आदिबाट बनाइएका हुन्छन् भने कपास कातेर बनाइएका बत्तीलाई घिउ, तेलमा भिजाएर बालिन्छ। दियो अर्थात् दीपदान वा दीपमाला विभिन्न आकार-प्रकार एवं आकृतिमा पाइन्छन्। साना अञ्जुली आकारदेखि ठूला पानससम्मका दियो भेटिन्छन्।

दियोको प्रचलन नेपालमा निकै पुरानो भएको तथ्य विभिन्न ग्रन्थहरूमा पाइन्छ। अंशुबर्माको पालामा विभिन्न कलाकृतियुक्त दीपस्तम्भ भएको वर्णन इतिहासमा उल्लेख छ। विभिन्न देवी-देवताका सुन्दर आकृति भएका अनमोल रत्न, हीरा-मोती, चाँदीद्वारा निर्मित दीपस्तम्भलाई त्यतिबेला सभा वा बैठकको आकर्षण मानिन्थ्यो। त्यतिबेला प्रचलनमा रहेका दीपस्तम्भ वा चिराग दीपलाई वृक्षदीप भनिन्छ। यसप्रकार दीपहरू विशेष पर्व वा सभा र पूजापाठमा मात्र प्रयोग गरिन्थ्यो। कलशजस्तो आकृतिको दीपलाई 'वृहदाकार दीप' भनिन्छ। गोलो आकारका बीचमा बत्ती राखिने दीपलाई 'बलयाकृति दीप' भनिन्छ। त्यस्तै धार्मिक कार्यमा बालिने दीपलाई 'अखण्ड दीप' र पितृकार्यमा बालिने दीपलाई 'पाथेय दीप' भनिन्छ।

दीप वा बत्तीलाई जे जसरी वर्णन गरे पनि त्यसको शाब्दिक अर्थले उज्यालो, सुख, शान्ति, ज्ञान, पवित्रता आदिलाई बोध गराउँछ। दियो दीपावलीमा मात्र नभएर अन्य कार्यमा पनि युगौंदेखि प्रज्ज्वलित हुँदै आएको हो। बिजुली, प्रकाशपुञ्ज एवं आधुनिक साधनको बाहुल्य भएको यो युगमा पनि दियोको आफ्नै महिमा, गरिमा र विशेषता छ भने परम्परागत दीपमालाको प्रयोग गर्नेहरूको पनि कमी छैन।



# उत्सवका अवसरमा सजावटी सामानको सफाइ

तिहार (दीपावली) नजिकिँदै जाँदा हामी अरू कुरासँगै सरसफाइप्रति निकै ध्यान दिन थाल्छौं र यस्तो सरसफाइ कुनै एउटा कुराको मात्र नभएर घर, बगैंचाका साथै घरभित्र राखिएका सो-पिसको पनि गरिन्छ। तिहारमा घरका पुराना सामानहरू हटाएर नयाँ किन्ने विचार पनि गरिन्छ, यद्यपि पुराना सामानहरू पनि राम्रोसँग सफा गरेर ठीक ठाउँमा राख्दा घरको आकर्षण बढ्छ। सो-पिसेसको सुन्दरता कायम राख्न तिनको सही तरिकाले सफा गर्नु आवश्यक हुन्छ। विभिन्न मेटेरियल्सबाट बनेका यी सजावटी सामान सफाइ गर्दा भिन्दाभिन्दै उपाय अपनाउनुपर्छ।

**मेटेलिक सो-पिसेस**

विभिन्न प्रकारका मेटल जस्तै- पित्तल, तामा, चाँदी जस्ता धातुले बनेका सजावटी सामानलाई विभिन्न तरिकाले सफा र आकर्षक बनाउन सकिन्छ।

-पित्तलको सो-पिस, फूलदान, दीपदान, गमला आदि सफा गर्न मलमलको मुलायम कपडामा लुगा सिलाउने मेसिनमा हाल्ने तेल हालेर रगड्नाले पित्तलको सो-पिस सफा हुन्छ।

-पित्तलका सामानमा अलिकति ब्रासो पालिस लगाउने र मुलायम कपडाले रगड्ने।

-पित्तलले बनेका सजावटी समानमा हावाको सम्पर्कले गर्दा अक्सिडाइज्ड हुन्छ, जसका कारण चमक कम हुन्छ। चमक बढाउन पीताम्बरी पाउडर प्रयोग गर्न सकिन्छ।

-चाँदीका थाल, कचौरा, गमला, मूर्ति आदि सफा गर्न बेकिङ सोडामा अलिकति पानी हालेर बाक्लो लेप बनाउने र त्यो लेप चाँदीको सो-पिसमा लगाई अल्मुनियम फायलमा बेरेर रातभर त्यसै राखिदिने। अर्को दिन तातो पानीले धोएर सफा र सुख्खा कपडाले पुछ्ने। यसो गर्दा चाँदीका सरसामान चम्किन्छन्। चाँदीका सरसामान चम्काउन पालिस पनि प्रयोग गर्न सकिन्छ।

-कार्विङ गरिएका सामान सफा गर्न पुरानो नरम टुथब्रस प्रयोग गर्न सकिन्छ।

-पित्तल तथा तामाका सजावटी सामान, मूर्ति आदि सफा एवं चम्किला बनाइसकेपछि त्यसमा ट्रान्सपरेन्ट नेलपलिसको एक कोट लगाउँदा ती सामान धेरै समयसम्म चम्किला रहन्छन्।

**काँचका सो-पिस**

काँचका सो-पिसेसहरू फूलदानी, स-साना मूर्तिहरू, तस्बिर फ्रेम आदि सामान सफा गर्दा संयम अपनाउनु पर्छ अन्यथा ती सामान फुट्ने डर हुन्छ।

-काँचका सामान फोहोर छन् भने हल्का हातले नुन दल्दा चम्किला हुन्छन्।

-काँचका सामानलाई कोलिनले पनि सफा गर्न सकिन्छ।

-सोप सोल्युसनलाई फोमको टुक्रामा लगाएर त्यसले काँचका सामान सफा गर्न सकिन्छ।

-काँचको फूलदानीभित्र फोहोर तथा धूलो जम्मा भएको छ भने फूलदानीमा पानी भरेर त्यसमा ब्लिचिङ पाउडर हालिदिने र दुई घन्टापछि फूलदानी हल्लाउँदा सबै फोहोर बाहिर आई फूलदानी सफा एवं चम्किलो हुन्छ।

-सिसाको प्रयोग आजभोलि केवल ड्रेसिङ टेबलमा मात्र नभएर कोठा ठूलो र सुन्दर देखाउन पनि हुन्छ। त्यसैले ती सिसा चम्किलो हुनु अति आवश्यक छ। त्यसैले पत्रिकालाई हल्का भिजाएर बिस्तारै दल्नाले सिसा सफा हुन्छ पानीमा केही थोपा अमोनिया हालेर पुछ्दा पनि सिसा चम्कन्छ।



**फाइवरका सामानहरू**

फाइवरको तस्बिर फ्रेम, ट्रे, ट्रली, कर्नर रेक्समा लागेको धूलो-मैलो सफा गर्न एउटा कचौरामा डिटरजेन्ट पाउडरको घोल बनाउने र एउटा फोमको टुक्रा घोलमा चोपेर फाइवरको सामान सफा गर्ने र अर्को फोमको टुक्राले घोल सफा गर्ने त्यसपछि मुलायम सुतीको कपडाले पुछ्नाले फाइवरका सामान सफा हुन्छन्।

फाइवर ग्लासको ल्याम्पसेड तथा प्लास्टिकको सेड सफा गर्न एउटा कचौरामा माइल्ड डिटरजेन्ट मनतातो पानी हालेर फिज निकाल्ने र त्यो फिंजलाई फोमको टुक्रामा लगाएर सफा गर्ने ।

**काठ र छालाका सो-पिसेस**

-काठका सजावटी सामान सफा गर्न सरस्युँको तेल र मट्टितेल समानरूपमा मिसाएर कुनै मुलायम कपडाले सफा गर्ने।

-छालाको सामान सफा गर्न श्रीखण्डको साबुन प्रयोग गर्न सकिन्छ। छाला चम्काउन अण्डाको सेतो भाग पनि प्रयोग गर्न सकिन्छ।

**क्रिस्टलका सजावटी सामान**

डेकोरेटिव क्रिस्टलको सो-पिसेसले घरको हरेक भाग चम्कन्छ तर यसलाई सफा गर्दा विशेष ध्यान दिनुपर्छ, किनभने क्रिस्टलका सामान महँगा हुने भएकाले टुटेफुटे धेरै नोक्सान हुन्छ।

-दुईवटा सानो भाँडामा मनतातो पानी राख्ने त्यसमध्ये एउटामा माइल्ड डिटरजेन्ट हालेर सोपी सोल्युसन बनाउने। क्रिस्टलका सामान त्यो सोपी सोल्युसनमा दुई मिनेटसम्म डुबाउने र त्यसबाट झिकेर फेरि अर्को मनतातो पानीमा राख्ने केही समयपछि सुख्खा मुलायम कपडाले पुछ्दा क्रिस्टल चम्किलो हुन्छ।

-क्रिस्टलको फूलदानीलाई भित्रैबाट सफा गर्न अलिकति चामल फूलदानीभित्र हालेर हल्लाउने।

-क्रिस्टल अथवा काँचको सेन्डलियर सफा गर्ने काम साह्रै जोखिमपूर्ण हुने भएकाले यसलाई सफा गर्दा विशेष ध्यान पुऱ्याउनुपर्छ। पहिले बिजुलीका सबै स्विच बन्द गर्ने र सेन्डलियरलाई तल निकाल्ने, त्यसमा कोलिनले स्प्रे गर्ने र मुलायम कपडाले पुछ्ने।

**हेन्डिक्राफ्टका सामानहरू**

हेन्डिक्राफ्टका सामान जस्तै- झालर, चराहरू, मोतीका सामान आदिलाई जेन्टिल लिक्विड सोपले मात्र सफा गर्नुपर्छ।

यस्ता स-साना सजावटी सामानलाई केही समय दिएर राम्रोसँग सफा गर्नाले यी सामानहरू सुन्दर र आकर्षक हुन्छन् जसका कारण घर पनि आकर्षक देखिन्छ।

**–अरुणँ भट्टराई**

# लक्ष्मीको आराधना किन ?

आज लक्ष्मीपूजा, प्रत्येक हिन्दूधर्मावलम्बीले आज घरघरमा दीपावली गरी लक्ष्मीपूजा गर्छन्। आजको रात विधिपूर्वक लक्ष्मीपूजा गर्नाले माता लक्ष्मी खुसी भै धनधान्य समृद्धि एवं वृद्धि हुने जनविश्वास रहिआएको छ। हिजोआज प्रचलित आधुनिक स्वरूपको लक्ष्मीपूजाको परम्परा वैदिक युगभन्दा धेरै नै पछि सुरु भए पनि लक्ष्मीको आराधना, उपासना गर्ने परम्परा भने अनादि कालदेखि नै चल्दै आएको पाइन्छ। जसरी आज कार्तिक कृष्ण औंसीको रात लक्ष्मीको पूजा गरिन्छ, त्यस प्रकारको विधान भने वेदमा पाइँदैन। तैपनि लक्ष्मीलाई वेदमा श्री, पद्मा, लक्ष्मी आदि नामबाट स्तुति गरिएको पाइन्छ। ऋग्वेदअन्तर्गतको श्रीसूक्तमा श्रीको रहस्य निरूपण गरिएको छ। श्रीको रहस्यभित्र लौकिक, अलौकिक, वैभव, समृद्धि आदि पर्छन्।

सोह्र ऋचामा विभाजित श्रीसूक्तमा हरितवर्ण (केही सुवर्ण समान पीतवर्ण) भएकी, हरिणी रूपधारिणी, सुवर्णमिश्रित रजतको माला धारण गरेकी, चन्द्रमा सरी प्रकाशमान तथा चन्द्रमा जस्तै संसारलाई शीतलता प्रदान गरेर प्रसन्न पार्ने, चञ्चला, हिरण्यमय शरीर भएकी गुणयुक्ता लक्ष्मीको आराधना गर्दै भनिएको छ- चन्द्रमा समान प्रकाश भएकी, प्राकृतिक कान्तियुक्त, आफ्नो कीर्तिले देदीप्यमान, स्वर्गलोकमा इन्द्रादि देवगणबाट पुजित, अत्यन्त दानशीला, कमलको मध्यभागमा विराजमान भएकी सम्पूर्ण जगत्को रक्षा गर्ने आश्रयदात्री लक्ष्मीले दरिद्रता नाश गरून्।

यही सूक्तको आठौं ऋचामा लक्ष्मीकी ज्येष्ठ बहिनी दरिद्राको चर्चा गर्दै भोक, प्यासरूपी मललाई धारण गर्ने दरिद्राको नाशका लागि लक्ष्मीको आराधना गरिएको छ। यसैगरी बाह्रौं



ऋचामा लक्ष्मीका चार पुत्र आनन्द, कर्दम, चिक्लीत र श्रीतको चर्चा गर्दै उनीहरूलाई समेत माता लक्ष्मीलाई आफ्नो कल्याणार्थ आराधना गरिएको छ।

यसैगरी ऋग्वेदकै लक्ष्मीसूक्त अन्तर्गतको तेह्रौं श्लोकमा पुत्रपौत्र, धनधान्य एवं दीर्घायुले भरिपूर्ण गरिदिने विष्णुपत्नी लक्ष्मीको आराधना गरिएको छ। यजुर्वेदमा पनि विभिन्न अध्यायहरूमा श्रीरूपी लक्ष्मीको चर्चा गरिएको पाइन्छ। यजुर्वेदकै ३१ अध्यायको २२ ऋचामा श्रीश्चतेलक्ष्मीपत्न्या... भन्दै श्री र लक्ष्मीको चर्चा गरिएको छ। चौथो वेद अथर्ववेदमा पनि व्यापक रूपमा लक्ष्मीको वर्णन गरिएको पाइन्छ। यसबाट पनि के प्रष्ट हुन्छ भने लक्ष्मीको आराधना गर्ने परम्परा प्राचीन परम्परा हो। अझ पौराणिक ग्रन्थहरूमा त उल्लेखनीय रूपमा लक्ष्मीको वर्णन गरिएको छ। पौराणिक ग्रन्थहरूमा लक्ष्मीलाई विष्णुपत्नी भएकाले विष्णुप्रिया भनिन्छ भने राजाहरूको ऐश्वर्यका रूपमा रहने भएकीले राज्यलक्ष्मी पनि भनिएको छ।

स्कन्द, भविष्य र पद्म आदि पुराणहरूमा लक्ष्मीका बारेमा वर्णन गरिनुका साथै आराधना, उपासनाको विधिसमेत उल्लेख छ। देवी भागवत् पुराणको नवम् स्कन्दको ४१/४२ अध्यायमा पनि लक्ष्मीका सम्बन्धमा वर्णन गरिएको छ। ती अध्यायमा दुर्वासा ऋषिको अपमान गर्नाले इन्द्रले श्राप पाएको र श्रीसम्पत्ति, राज्यलक्ष्मी विहीन भएको कुरा उल्लेख छ। पछि ब्रह्माजीको सल्लाहले महालक्ष्मीको उपासना गरी इन्द्रले आफ्नो राज्यलक्ष्मी तथा श्रीसम्पत्ति पुनः पाएका थिए। यसैगरी ती अध्यायहरूमा लक्ष्मीको उत्पत्तिका बारेमा वर्णन गरिएको छ। जब समुद्र मन्थनका लागि सम्पूर्ण देवता र दानव एकत्रित भएर मन्थन गर्न थाले समुद्र मन्थनबाट विविध किसिमका वस्तुहरू निस्कन थाले। मन्थनबाट बहुमूल्य वस्तुहरूसहित लक्ष्मी प्रकट भई भगवान् विष्णुलाई वरमाला पहिऱ्याएको कुरा पुराणमा उल्लेख छ। यसैकारण पनि लक्ष्मीलाई समुद्रकी छोरी मानिन्छ।

पुराणहरूमा आज गरिने लक्ष्मीपूजाको विधिविधान बताइएको छ। दीपावली सहित विधिपूर्वक लक्ष्मीको आराधनासहित पूजा गर्नाले इच्छित फल पाइने पुराणहरूमा बताइएको छ। या देवी सर्वभूतेष लक्ष्मीरूपेण संस्थिता नमस्तस्यै नमस्तस्यै नमतस्यै नमो नमः मार्कण्डेयपुराण अन्तर्गत दुर्गासप्तशतीको पाँचौं अध्यायमा मातृशक्ति भगवती दुर्गाको रूपमा उल्लेख गर्दै आराधना गरिएको छ।

–रामप्रसाद धिताल

# तिहारमा मनोरञ्जन

**एकराज सुवेदी**

धड्याम धुडुम पटाका, देउसी-भैलो, सेलरोटी, जुवातास आदि तिहारका रमाइला पक्ष हुन्। केटाकेटीदेखि बूढाबूढीसम्म यो चाडमा आ-आफ्नै तरिकाले रमाउँछन्। सामान्यतः देउसी-भैलोको हूलमा केटाकेटीको बाहुल्यता हुन्छ। कतिपय मानिस सेलरोटीलगायतका मीठा पकवानका कारण बिरामी पनि पर्छन् तर पनि तिहारको सबैभन्दा रोचक पक्ष भनेको देउसी-भैलो हो। हे भन भन भाइ हो ......देउसी रे...... भैलिनी आइन् आँगन.......यस्ता लय तिहारभरि सुन्न पाइन्छ। सामान्यतः साथीभाइ मिलेर देउसी भैलो खेल्ने चलन छ।

देउसी-भैलोबाहेक तिहारमा गरिने मनोरञ्जनको अर्को पाटो पनि छ। यो चाडमा तास, लंगुरबुर्जा आदिको रौनक पनि बढेको पाइन्छ। अन्य समयमा तास नछुने मानिसहरू पनि यो चाडमा तास खेलेर रमाइलो गर्छन्।

**लंगुरबुर्जा**

दसैंको मौसम प्रारम्भ हुनासाथ लंगुरबुर्जाको खाल प्रारम्भ भैसक्छ। यसमा विशेष गरी बालबालिकाहरू रमाइरहेका हुन्छन्। एउटा कपडाको टुक्रामा ईंटा, पान, बुर्जा, झन्डी, हुकुम, चिडी आदिका छाप बनाइएको हुन्छ। यो खेल खेलाउन केही मानिसको समूह हुन्छ। यसमा ६ वटा गोटी हुन्छन् र प्रत्येकको ६ पाटामा माथिका ६ छाप हुन्छन्। कपडामा भएका छापमा खेलाडीले निश्चित पैसा राख्छन्। गोटीलाई एउटा भाँडामा राखेर घुमाएपछि भुइँमा घोप्ट्याइन्छ। त्यसपछि यसलाई खोलेर हेर्नुपर्छ। यसरी खोलेपछि एकै प्रकारको छाप भएका गोटी २ वटा फर्किएमा राखेको भन्दा दोब्बर पैसा पाइन्छ। त्यसैगरी ३ वटा छाप परेमा तेब्बर पैसा पाइन्छ। कुनै पनि छाप नपरे राखेको पैसा पनि जान्छ।

**तासको रौनक**

तिहारमा खेलिने सबैभन्दा रोचक र प्रचलित खेल तास हो। यसका विभिन्न खेल खेलिन्छ। सबैभन्दा प्रचलित खेल म्यारिज हो। यसमा ३ जोडी तास बाँडिन्छ। एक जनाले २१ वटा तास पाउँछन्। एक स्थानमा ५ जनासम्मले खेल्ने चलन बढी छ, तर यसभन्दा थोरै अथवा धेरै जना पनि खेल्न सकिन्छ। यो खेल प्वाइन्टका आधारमा खेलिन्छ। एक प्वाइन्टमा जतिसुकै पैसा पनि राख्न सकिन्छ।

तासको अर्को प्रचलित खेल फलास हो। यसमा सबैलाई ३-३ वटा तास बाँडिन्छ। यी ३ तासको जोडमा जुन ठूलो हुन्छ, उसले अन्य सबैलाई जित्छ। एक-अर्काको तासका बारेमा थाहा नपाइने भएका कारण पैसा बढाउँदै खेल्नु रोमाञ्चक हुन्छ।

कल ब्रेक अर्को खेल हो। यसमा एक जोडी तास ४ जनालाई बाँडिन्छ। हुकुम यसको प्रमुख रंग हुन्छ। जसले बढी हात तास खान्छ, उसैले जित्छ।

यसबाहेक दस पत्ती, किट्टी, रमी आदि तासका प्रचलित खेल हुन्। अन्य धेरै प्रकारका खेल पनि संसारभर प्रचलित छन्। तास नै संसारमा सबैभन्दा बढी खेलिने खेल मानिन्छ। बुद्धिको समेत प्रयोग गर्नुपर्ने भएका कारण पनि यसको लोकप्रियता बढेको हो, तर पनि खेलका नियममा केही विभिन्नता पाइन्छ। स्थानीय स्तरमा पनि फरक-फरक नियम हुन्छन्। यो अवस्थामा सबैलाई मान्य हुने नियम बनाइन्छ।

तासबाहेक तिहारमा कौडाको प्रयोग पनि गरिन्छ। कतिपयले तासलाई जुवाका रूपमा पनि प्रयोग गर्छन्। यद्यपि तासलाई स्वच्छ मनोरञ्जनको माध्यमका रूपमा प्रयोग गर्नुपर्छ। यसको प्रयोग पैसा कमाउने माध्यमका रूपमा हुनु हुँदैन। कतिपय अवस्थामा जीउधनको नाश पनि हुन्छ। यो कुरामा भने सचेत हुनैपर्छ।

**विश्वमा तास**

नेपालमा तास खेल्दा घडीको सुई घुम्ने दिशातिर पालो बढ्दै जान्छ, तर यसको विपरीत दिशातिर खेल्ने चलन पनि छ। एसिया, दक्षिण तथा पूर्वी युरोप एवं दक्षिण अमेरिकातिर क्लकवाइज दिशामा खेलिन्छ भने उत्तर अमेरिका, उत्तर तथा पश्चिम युरोप, रसिया आदितिर विपरीत दिशामा खेलिन्छ।

तासका नियममा स्थानअनुसार केही विभिन्नता पाइन्छ, तर पनि यी नियमलाई व्यवस्थित गर्न र तास खेलाडीको हक-हितको रक्षार्थ विश्वस्तरमै एउटा संगठन क्रियाशील छ, जसको नाम इन्टरनेसनल प्लेइङ कार्ड सोसाइटी हो। यो सोसाइटीले तासका नियम बनाउनुका साथै विभिन्न समस्या समाधान गर्छ। २५ वर्षभन्दा अघि नै यसको स्थापना भएको हो। संसारभर यसका ५ सयभन्दा बढी शाखा छन्। नेपालमा भने यसको शाखा स्थापना भएको जानकारी पाइएको छैन। यसले तासका बारेमा विभिन्न पत्रपत्रिका र जर्नल पनि प्रकाशन गर्छ। भर्खरका सिकारुदेखि लिएर विशेषज्ञसम्म यो संस्थाका सदस्य छन्। प्रत्येक वर्ष यसको सम्मेलन हुन्छ। सन् २००३ मा बेलायतको लन्डनमा, २००४ मा स्वीट्जरल्यान्डको स्काफहसनमा, २००५ मा बेल्जियमको रनहर्टमा, २००६ मा फ्रान्सको पेरिसमा तथा २००७ मा इटलीको रेभेनामा संगठनको सम्मेलन भएको थियो। सन् २००८ को सम्मेलन नेदरल्यान्डको आम्स्टर्डममा हुने निधो भएको छ। हाल इन्टरनेसनल प्लेइङ कार्ड सोसाइटीका अध्यक्ष क्लाउडिओ डिकोर्ट छन्।

# जताततै गोदावरी



**साप्ताहिक समाचार**

काठमाडौं- गत कात्तिक १६ गतेदेखि १८ गतेसम्म ललितपुरस्थित कृषि विभागको परिसर गोदावरीमय भएको थियो। दसैं-तिहारको मौसमलाई फूलहरूको मौसम पनि भनिन्छ। यही बेला फूलबारी विभिन्न किसिमका फूलले मनमोहक देखिन्छ। यो मौसममा फूल्ने विभिन्न जातका फूलमध्ये सबैभन्दा आकर्षक गोदावरी फूलको रौनक कृषि विभागमा देखिएको छ। फूल व्यवसायीहरूलाई प्रोत्साहन गर्न बर्सेनि आयोजना हुने यस पटकको पुष्प प्रदर्शनी तथा प्रतियोगितामा गोदावरी फूलका उत्पादकहरूबीचको प्रतिस्पर्धा निकै चर्को रह्यो। स्पाइडर, मिनियचर, इन्करभ तथा रिफ्लेक्सन जातिका गोदावरी फूललाई विशेष रूपमा सहभागी गराइएको उक्त प्रतियोगिता वि.सं. २०५३ देखि वनस्पति उद्यान, गोदावरीले गर्दै आए पनि यस पटकको प्रदर्शनी तथा प्रतियोगिता पुष्प व्यवसायी संघले कृषि व्यवसाय प्रवर्धन एवं बजार विकास निर्देशनालयसँग सहकार्य गर्दै आयोजना गरेको थियो।

## आहा फूल

पोखरा- आहा कति राम्रो फूल, पोखरा सभागृह आसपास चिरिच्याँट्ट सजाएर राखिएका रंगीबिरंगी फूलले हरेकलाई यसरी नै लोभ्यायो। बडादसैंको रन्को सेलाउँदा-नसेलाउँदै भाइटीका अर्थात् तिहारले छोपिसकेका बेला यहाँ आयोजित पाँचदिने क्षेत्रीय पुष्प मेला अवलोकन र फूलहरू खरिद गर्नेहरूको लस्कर देखियो। त्यसो त तिहारलाई फूलैफूलको पर्व पनि मानिन्छ।

पर्वलाई नै ध्यानमा राखेर फ्लोरिकल्चर एसोसिएसन कास्कीले थरीथरीका आकर्षक फूललाई एकै थलोमा उतारेर फूलप्रेमीहरूको मन आनन्दित तुल्याएको देखियो। फूल पर्व आउँदा मात्र होइन, जुनसुकै बेला पनि चाहिरहेको हुन्छ तर यो प्रदर्शनीमा राखिएका फूलहरूले विशेषतः नेपालीहरूको चाड तिहारले छोपिसकेको संकेत गर्छ।

कुनै बेला चाडपर्वमा फूल खोज्न निकै झन्झट बेहोर्नुपर्थ्यो तर हिजोआज पुष्प व्यवसायीहरूले फूलको व्यवसाय नै थालेर वातावरण सहज बनाइदिएका छन्। प्रदर्शनीमा घरमा सजाउनका लागि गमलाको फूल खरिद गर्न पनि उत्तिकै तँछाडमछाड थियो। शनिबारदेखि स्थानीय सभागृहमा पाँच दिनसम्म चलेको पुष्प मेलामा विभिन्न नर्सरीहरूका उत्पादनसहितको जमघट, औजार, गमला, प्राङ्गारिक मल तथा बगैंचाका सजावट सामग्री र पुष्प सजावट तथा प्रतियोगिता प्रमुख आकर्षण थिए। मेलामा उत्कृष्ट स्टल, उत्कृष्ट ल्यान्डस्केप, उत्कृष्ट मौसमी फूल, उत्कृष्ट फुल्ने बिरुवा, उत्कृष्ट प्रदर्शित बिरुवा एवं उत्कृष्ट सुनगाभालाई पुरस्कृत गरिएको थियो। कुल २२ स्टल रहेको मेलामा ८ लाखभन्दा बढीको कारोबार भएको आयोजकहरूले बताएका छन्। मेलामा पोखरा एवं काठमाडौंका पुष्प व्यवसायीहरूले सहभागिता जनाएका थिए।

– शिव शर्मा

# नेपाल-भारत विद्यार्थीको सांस्कृतिक नृत्य

विराटनगर- नेपाल र भारतको सम्बन्ध सुदृढ गराई विश्वमै उदाहरणीय काम गर्न सकिने जनाउँदै गएको शनिबार दुवै देशका विद्यार्थीले विराटनगरमा आ-आफ्नो देशका सांस्कृतिक नृत्य प्रदर्शन गरेका छन्। भारत अररियास्थित आई.एच.एच.एस एकेडेमिबाट शान्ति सन्देश लिएर विराटनगर आएका विद्यार्थीले नेपाली विद्यार्थीसँग अनुभव आदान-प्रदान गर्दै नृत्यहरू प्रस्तुत गरे।

विराटनगरको सेन्ट जोसेफ स्कुलको प्राङ्गणमा सम्पन्न कार्यक्रममा नेपाली विद्यार्थीहरूले नेपाली भाषाको गीतमा र भारतीयले हिन्दी भाषाको गीतमा नृत्यहरू प्रस्तुत गरे। त्यस अवसरमा भारतीयले भारतको राष्ट्रिय गीत र नेपालीले नेपालको राष्ट्रिय गीत गाएका थिए। त्यस बाहेक भारतबाट आएका सय जनाजति विद्यार्थीले त्यति नै नेपाली विद्यार्थीसँग आ-आफ्नो देशको झन्डा साटासाट गरे। नेपाली विद्यार्थीले दिएको नेपाली झन्डा हल्लाउँदै उनीहरू भारततर्फ लागेका थिए।

नेपाली मूलका कलाकारहरू डेनी डेन्जोङपा, मनीषा कोइराला, प्रशान्त तामाङ आदिले भारतमा ख्याति कमाएको जनाउँदै उनीहरू भारतमा सम्मानजनक रूपमा रहेको भारतीय विद्यार्थीहरूले चर्चा गरे। विद्यार्थीकालदेखि नै दुई देशका नागरिकबीचको सम्बन्ध प्रगाढ भए दुई देशको सम्बन्ध पनि सुदृढ हुँदै जाने भएकाले विद्यार्थीलाई नेपालका राम्रा कुराको अवलोकन गर्न ल्याएको आई.एच.एच.एस एकेडेमिका प्राचार्य विश्वास भाजनले बताए।

-कमल रिमाल



# लक्ष्मीले नचाइन् सेमलारवासीलाई

बुटवल- रूपन्देहीको सेमलारस्थित नवरत्न उच्च माविको मैदानमा गत बुधबार लोकदोहोरी तथा विविध सांस्कृतिक कार्यक्रम सम्पन्न भयो। नवरत्न भूतपूर्व विद्यार्थी समाज सेमलार रूपन्देहीको प्रथम अधिवेशनको अवसरमा आयोजित उक्त कार्यक्रममा चर्चित गायिका लक्ष्मी न्यौपाने र अर्का गायक झलक रेग्मीको लोक र रोइला गीत प्रस्तुतिले गाउँले दर्शकहरूलाई दिनभरि नचायो। लोकगीतभन्दा भजन टुक्काको शैलीमा गाइने रोइला गीतमा खासगरी सबै उमेरका महिलाहरू दुःख-पीडा भुलेर छमछमी नाच्दै रमाएका थिए। आफ्नो ठाउँमा राष्ट्रियस्तरमा चर्चित गायिकालाई पाउँदा सेमलारवासीहरू सबै कामकाज छोडेर परिवारसहित उनका गीत सुन्न ओइरिएका थिए। कार्यक्रममा अन्य कलाकारहरू मोहन आचार्य, राजेन्द्र बास्तोला, कमला कार्की, शोभा ज्ञवाली, दीपा लामिछानेको दोहोरीले पनि उपस्थित दर्शकहरूलाई पर्याप्त मनोरञ्जन प्रदान गरेको थियो। स्थानीय दृष्टिविहीन गायक बुद्धिसागर न्यौपाने तथा सीता कुँवर, दीपेन्द्र भुसाल र गीता ढकालको फरक-फरक प्रस्तुतिले पनि घरेलु दर्शकको मन जितेको थियो। थारू जातिको संस्कृति झल्कने झुमडा नृत्य समेत प्रदर्शन गरिएको कार्यक्रम साँझ ६ बजेसम्म चलेको थियो।

-टोपराज शर्मा

# साप्ताहिक झल्को

## फर्किइन् झुमा



मौसमी मल्ललाई चिन्नुहुन्छ ? मुस्ताङमा खिचिएको उहिलेको चलचित्र 'झुमा'की नायिका । उक्त चलचित्रमा उनले नाचेको गीत 'बोल बोल पाखाहरू'लाई त्यतिबेलाका दर्शकले अहिलेसम्म बिर्सिएका छैनन् । उनै मौसमी मल्ललाई फेरि चलचित्रको पर्दामा हेर्न चाहनेहरूका लागि राम्रो खबर छ । उनी फेरि चलचित्रमा आउँदैछिन्, त्यो पनि आफ्नै लगानीमा । एकताकाकी कुशल नायिका मौसमी एक दशकसम्म पारिवारिक किचलोका कारण मौन थिइन्, तर अहिले निर्मात्रीका रूपमा उपस्थित भएकी छिन् । डान्सर हिरोइनका रूपमा परिचय बनाएकी मौसमीले 'गिरफ्तार' शीर्षकको चलचित्र बनाउँदै छिन् भने चलचित्रमा उनी आफैं पनि बोल्ड क्यारेक्टरमा देखिने भएकी छिन । मौसमी 'गिरफ्तार'मा आफ्नो भूमिका शानदार भएको बताउन पछि पर्दिनन् ।

विगतका केही वर्ष उनी चलचित्रकर्मबाट टाढा रहिन् । यतिसम्म कि उनका नजिकका साथीभाइहरूले समेत उनी कहाँ के गर्दैछिन् भन्नेसम्म थाहा पाएनन् । उनको पत्तो पाएपछि उनलाई अभिनय गराउन चाहनेहरू पनि प्रशस्तै देखिए, तर उनी अभिनय कर्ममा फर्कन मानिनन् । चलचित्र निर्माणमा सफल हुन सकेमा यही कामलाई निरन्तरता दिने सोचाइ बनाएकी मौसमीले गिरफ्तार कस्तो विषयमा आधारित छ भन्ने कुरा खोल्न चहिनन् ।

## निर्माता-निर्देशकबीच कट्टी

निर्माण सुरु हुनुअघि सुमधुर सम्बन्ध भएका निर्मात्री कृषा चौलागाईं र निर्देशक सोभित बस्नेतबीच अहिले बोलचाल छैन । अचम्मको कुरा के छ भने उनीहरू एउटै चलचित्रमा काम गरिरहेका छन्, तर बोल्दैनन् । 'इन्साफ' बाट निर्मात्री बनेकी कृषा आफू पनि कुनै नायिकाभन्दा कम छैनन् । सोभितकै आड-भरोसामा चलचित्र निर्माणको आँट गरेकी उनलाई सोभितले जसरी पनि छायाङ्कन पूरा गरिदिने प्रतिबद्धता जनाएका थिए । यद्यपि छायाङ्कन सकिँदा-नसकिँदै निर्माता र



निर्देशकबीच बोलचाल हराएको छ । निर्माण सुरु हुँदासम्म सोभित र कृषाबीचको सम्बन्ध सुमधुर थियो । चलचित्र कसरी सस्तो र राम्रो बनाउने एक-आपसमा खुलेर छलफल गर्थे । दुवैले एक-अर्कालाई सघाउने प्रतिबद्धता जनाएका थिए । काम हुँदै गएपछि निर्मात्री र निर्देशकबीच मनमुटाव सुरु भयो । काम सजिलैसँग सकाइदिन्छु भनेर जिम्मा लिएका सोभितले एउटा सामान्य कुरामा उल्टै निर्मात्रीलाई धम्क्याउन पुगेछन् । यहाँसम्म भयो कि उनीहरूबीच कुराकानी गर्ने माध्यम निर्माण व्यवस्थापक सुवास काफ्ले बनेका छन् । सोभितले कृषालाई केही कुरा भन्नुपर्‍यो भने सुवासलाई भन्छन् भने कृषा पनि त्यसै गर्छन् । निर्माता र निर्देशकको पानी बाराबारमा बिचरा प्राविधिकहरू पिसिएका छन् । एक-अर्कासंग 'कट्टी' भनेका यी दुईको सम्बन्ध कसले पो मिलाइदिने हो ?

## म त कुमार

विक्रान्त, यो नाम तपाईंहरूलाई कस्तो लाग्यो ? कुनै दन्त्य वा लोककथाका नायक वा पात्रजस्तो । कलिउडमा अहिले एक जना नायक छन् । उनी कुनै पनि कोणबाट दन्त्य वा लोककथाका नायक जस्तो लाग्दैनन् । तर उनको नाम भने विक्रान्त नै हो, विक्रान्त बस्नेत । आफूलाई नेपाली जोन अब्राहम भनिटोपल्न पछि नपर्ने यी नायकको वास्तविक नाम त त्यो रहेनछ भन्ने हालै थाहा भयो । कान्तिपुर एफएमको चलचित्रसम्बन्धी एक कार्यक्रममा आरजे प्रज्ञानलाई अन्तर्वार्ता दिँदै जाँदा उनले आफ्नो वास्तविक नाम बताए । तपाईंको वास्तविक नाम ? प्रज्ञानको प्रश्नमा उनले अनकनाउँदै भने- 'कुमार..कुमार बस्नेत ।' लौ उनको नाम त हाम्रा पुराना लोकगीत गायकसँग पो मिल्दो रहेछ । त्यसैले पो उनले



आफ्नो नाम परिवर्तन गरेका रहेछन्, तर विक्रान्तले त अर्कै कारणले पो नाम फेरेको हल्ला सुनिन्छ त ? थाहा भएअनुसार विवाह नगरे पनि कुमार नभएकाले उनले नाम फेरेको रे । सत्य के हो, भगवान् नै जानून् ।



## कुरा काटेर हैरान

चलचित्र उद्योगमा कुरा काट्नेहरू कति-कति । अरूका बारेमा भने निकै सोधीखोजी गर्ने चलन यहाँ छ, तर समयावधिमा कुरा काट्ने विषय भने चलचित्रका कथाझैं फरक-फरक हुन्छ । अहिले कुरा काटिने पात्र बनेका छन नायिका सञ्चिता लुइँटेल र निर्माता चिरञ्जीवी बस्नेत । भाग्य विधाता, युद्ध र दाइको ससुराली बस्नेतले निर्माण गरेका चलचित्र हुन् । यी तीनै चलचित्रमा सञ्चिताले मुख्य भूमिका निर्वाह गरेकी छिन । त्यही कारणले होला, चिरञ्जीवी र सञ्चिताको सम्बन्धका विषयमा धेरैले धेरै थरीका कुरा काटे । यद्यपि उनीहरू दुवै आफ्नो सम्बन्ध व्यावसायिक भएको दाबी गर्छन् ।

बस्नेत कम पैसामा धेरै चलचित्र बनाउने निर्माताका रूपमा चिनिन्छन् भने सञ्चिता अहिलेकी व्यस्त नायिकामा । निर्माता बस्नेत आफू कामका लागि सक्रिय भएकाले कुरा काट्नेहरूप्रति कुनै गुनासो छैन भन्छन् । त्यसो त नायिका सञ्चिताले पनि कुरा काट्नेहरूको त्यति वास्ता गरेकी छैनन् । यो काम नपाउनेहरूले काम हो भन्ने लागेको छ उनलाई, तर धेरैले कुरा काटेकै कारण निर्माता बस्नेतको पछिल्लो चलचित्र रामबलराममा भने सञ्चिताले काम गर्न अस्वीकार गरेकी थिइन् । जुन चलचित्रमा सञ्चितालाई मुख्य भूमिकामा अभिनय गराउने प्रस्ताव थियो ।

## गफै त हो

### खुलेर कुरा गर्ने चाहना

नायिका रेजिना उप्रेतीको विचारमा जीवनयापनका क्रममा कसै न कसैको माया अपरिहार्य नै छ । माया बिना त यो संसारै चल्न गाह्रो छ । त्यसैले सबैमा माया हुनैपर्छ । बडो गाँठी कुरा ठम्याउनुभयो रेजिनाजी । यति मात्र कहाँ हो र ? रेजिनाको विचारमा विवाह सामाजिक परम्परा अनि वंश चलाउने प्राकृतिक कुरा पनि हो । रेजिनासँग असहमत हुनुपर्ने कुनै कुरै छैन किनकि उनको विचारमा जसरी वंश चलाउन विवाह आवश्यक छ त्यसैगरी यौनसम्बन्ध पनि अपरिहार्य छ मानवजीवनमा । यद्यपि रेजिना 'मिस'लाई यौनसम्बन्ध मानवजीवनका लागि मात्र नभै प्राणीजगत्कै लागि अपरिहार्य भएको कुरा थाहा नभएको चाहिँ होइन । खैर, रेजिना विवाहअघि र पछिको यौनसम्बन्ध सम्बन्धमा त्यति कन्फयुज्ड देखिन्नन् । उनी भन्छिन्- विवाहपछि नै यौनसम्बन्ध सम्बन्ध राख्नु राम्रो हो । यसको अर्थ अघि राखे पनि फरक पर्दैन भनेर लगाउनचाहिँ मिल्दैन है ! आफूले सपनाको राजकुमार फेला नपारिसकेको बताउने रेजिनाले फुर्सद डटकमलाई भनेकी छिन्– 'यौनसम्बन्धका बारेमा खुलेर कुरा गर्नुपर्छ ।' यो पंक्तिकार पनि खुलेरै कुरा गर्न तयार नै छ नि, बरु कहाँ बसेर छलफल चलाउने हो, कुन्नि ?



## चलचित्र निर्माणमा नायक-नायिका



अभिनयसँगै चलचित्रमा लगानी गर्ने नायक-नायिकाहरूको एउटा लहर नै सुरु भएको छ । कोही अभिनयमा जम्न नसकेर त कोही जमेर पनि सौखका रूपमा चलचित्रमा लगानी गरेर निर्माता-निर्मात्री बन्न थालेका छन् । अभिनयमा पोख्त नायक दिलीप रायमाझी पनि निर्माताका रूपमा दरिएका छन् । उनले अर्का नायक सुनीलदत्त पाण्डेसँग मिलेर चलचित्र 'हामी साथीभाइ' निर्माण गरे । चलचित्रमा कुनै अफर नआएर उनले निर्माणमा हात हालेका भने होइनन् ।

नेपाली चलचित्रमा केही नयाँपन दिन निर्माणमा हात हालेको हुँ, रायमाझीले साप्ताहिकसँग भने- 'नेपाली चलचित्र राम्रो नभएको गुनासो निमिट्यान्न पार्न निर्माण गरेको हुँ ।' नेपाली चलचित्रका नायकहरूमा एक दशकपहिले भुवन केसीले 'करोडपति', 'नेपालीबाबु' जस्ता हिट चलचित्र बनाएका थिए । अहिले लामो समयको सुस्ततापछि उनले चलचित्र 'तिमीविना मरिहाल्छु' बनाउने घोषणा गरेका छन् । कुनै जमानाका चर्चित नायक केसी पछिल्लो समयमा अभिनयमा फाटफुट्ट मात्र देखिएका छन् । आफ्नो अभिनय यात्राको रिक्तता मेट्न पनि उनी फेरि निर्माणमा जुटेका हुन ।

अहिले नायक मात्र होइनन्, नायिकाहरू पनि चलचित्रमा लगानी गर्न तम्सिएका छन् । नायिका झरना थापाले चलचित्र 'तकदीर' निर्माण गरिन् । चलचित्र बनाउँछु भन्ने अन्य नायिकाहरू पनि बढेका छन् । चर्चित नायिका करिश्मा मानन्धरले चलचित्र बनाउँदा उनको सबै लगानी डुब्यो । चलचित्र ढुकढुकी बनाएकी करिश्माको चलचित्रले घाटा बेहोरेपछि लगानी उठाउन अमेरिका पलायन भइन् । यस्तो समस्या अरूले पनि झेलेका छन् । रहरका लागि मात्र चलचित्र बनाउनु भएन, नायिका अरुणिमा लम्साल भन्छिन्- 'सोचेर बुझेर मात्र निर्माणमा हात हाल्नुपर्छ ।' धेरै समय पहिलेदेखि नायिका रेजिना उप्रेतीले चलचित्र निर्माण गर्ने भने पनि अहिलेसम्म त्यसको कुनै अत्तोपत्तो छैन । अहिलेकी चल्तीकी नायिका



रेखा थापाले दुई चलचित्र 'अजम्बरी नाता' र 'हिम्मत' निर्माण गरिसकेकी छिन् । उनले निर्माण गरेको 'हिम्मत' राम्रै चलचित्रको कोटीमा गनिएको थियो । अहिले उनले फेरि अर्को चलचित्र बनाएकी छिन्– 'किस्मत' ।

उता नायक बन्नकै लागि चलचित्र निर्माण गर्नेहरूको होडबाजी पनि कम छैन । आकाश अधिकारीले आफैं नायक भएर 'पक्षी' र 'क्रोध' बनाए । उनले बनाएको 'क्रोध' ले केही सफलता बटुले पनि 'पक्षी' ले चर्चा मात्र कमायो । अहिले देखासिकीमा अरू नायक-नायिका पनि चलचित्रमा लगानी गर्न तम्सिन थालेका छन् । अहिले आफैं चलचित्र बनाएर नायक बन्ने प्रतिस्पर्धा बढेको छ, एक चर्चित निर्देशकले आफ्नो नाम उल्लेख नगरिदिने शर्तमा साप्ताहिकसँग भने- 'यो प्रतिस्पर्धाका कारण प्रतिभावान् कलाकारहरू ओझेलमा परेका छन् ।'

यद्यपि यो कुरामा धेरै सिनेकर्मीको सहमति भने पाइँदैन । तन्नेरी निर्देशक श्याम भट्टराई भन्छन्- 'यसलाई पनि चलचित्र क्षेत्रकै उपलब्धि मान्नुपर्छ ।' जसले जे भने पनि अभिनयसँगै निर्माणतर्फ हात हाल्ने नायक-नायिकाहरूको संख्या बढिरहेको छ । नवल खड्का पछिल्लो समयमा नायकभन्दा बढी निर्माता भएका छन् ।

अहिलेका व्यस्त नायक निखिल उप्रेती पनि अभिनयसँगै चलचित्र निर्माणको कामलाई निरन्तरता दिँदै छन् । नायिका सज्जा मैनालीसँग मिलेर उनले चलचित्र 'सावधान' बनाए, तर उक्त चलचित्रले आशातीत सफलता भने हासिल गर्न सकेन । त्यसैको तिर्सना मेटाउन निखिल अहिले फेरि चलचित्र 'निशाना' बनाउँदै छन् । चलचित्र 'पुकार' मा नायक बनेका केशव भट्टराई निर्माणको क्षेत्रमा चम्किएका छन् ।

यति मात्र होइन, टेलिसिरियल बनाएर आफैं नायक-नायिका हुनेहरू पनि कम छैनन् । नायिका मेलिना मानन्धर पछिल्लो पटक टेलिसिरियल एवं चलचित्र निर्मात्री भएकी छिन् ।

–शिव शर्मा







# कान्तिपुरका अभिलाष र मनीशा

गत आइतबार १४ जना महिला तथा ९ जना पुरुष प्रतिस्पर्धी नमुना कलेज अफ फेसन टेक्नोलोजीका विद्यार्थी डिजाइनरद्वारा तयार पारिएका पहिरन शैलीमा ठाँटिएका देखिए। लक्की ब्युटिपार्लरको मेकअप र हेयर स्टाइलिङबाट उनीहरू अझ सुन्दर र आकर्षक देखिएका थिए। मिस्टर एन्ड मिस कान्तिपुर २००७ छनौट गर्ने प्रक्रिया मोडलहरूले पालैपालो आ-आफ्नो परिचय दिँदै गएपछि प्रारम्भ भयो। त्यसपछि वेस्ट ड्रेस राउन्डमा सहभागीहरूले विभिन्न पहिरनमा सजिएर क्याटवाक गरे। ग्यालेक्सी मोडलिङ एजेन्सिको आयोजना, धीरज तण्डुकारको कोरियोग्राफी, दीपक घिमिरे तथा प्रियंका सिटौलाको संयोजनमा सम्पन्न उक्त प्रतिस्पर्धामा महिलातर्फ टपटेन र पुरुषतर्फ टप सेभेन छनौट हुँदै अन्तिम चरणमा ५-५ जना सहभागी पुगेका थिए।

महादेव त्रिपाठीको हास्यप्रस्तुति तथा सविना कार्की र किसन गुरुङको सांगीतिक प्रस्तुतिले मनोरञ्जनात्मक बनेको उक्त प्रतिस्पर्धामा अन्ततः मिस्टर पसर्नालटीको उपाधिसहित अभिलाष थापा छानिए मिस्टर कान्तिपुर। मिस कान्तिपुरको ताज भने मनीषा श्रेष्ठले पहिरिन्। फस्ट रनरअप उपाधितर्फ दीपेश शिल्पकार र दीक्षा कार्की उत्कृष्ट ठहरिए। सेकेन्ड रनरअप विजेता भने साजन सिंह ठकुरी र श्रुति थापा भए। अन्य उपाधितर्फ अरुण केसी र लक्ष्मी ढकाल-ट्यालेन्टेड, विजय श्रेष्ठ र प्रतिक्षा शर्मा- वेस्ट ड्रेस, रवि गुरुङ र नविना बस्नेत- फोटोनिक मनीष महर्जन र रोजिना खड्का- पर्सनालिटी, सहयोग विक्रम कुवर र रेजिशा कटुवाल पर्फर्मेन्स तथा साजनसिंह ठकुरी र नलिनी केसी क्याटवाक विजेता छनौट भए।



# मिस टिन कोसी हुने

विराटनगर- आगामी मंसिर ८ गते विराटनगरमा 'मिस टिन कोसी २००७' हुने भएको छ। १३ देखि १९ वर्षसम्मका २० किशोरीहरू प्रतियोगिताका लागि तालिम लिइरहेका छन्। मोरङ र सुनसरीका विराटनगर, पथरी, इटहरी, इनरुवा, तरहरा आदि स्थानका किशोरीहरूले प्रतियोगितामा भाग लिइरहेका छन्। 'ड्रिम एन्ड आइडियाज इन्टरटेनमेन्ट होम' को आयोजनामा हुने प्रतियोगिताको पहिलो चरणको छनौटबाट २० जना छानिएका छन्।

इन्टरटेनमेन्ट होमका प्रबन्ध निर्देशक योगेन्द्रविक्रम धमलाका अनुसार, प्रतियोगीहरूमध्येबाट पहिलो चरणमा १५ जना छनौट गरिनेछ। त्यसबाट १० अनि ५ जना छनौट हुनेछन्। फाइनल राउन्डमा मिस टिन कोसी, फस्ट रनरअप र सेकेन्ड रनरअप छानिनेछ। प्रतियोगीहरूलाई बेस्ट स्माइल, ट्यालेन्ट, बेस्ट फिजिक्स, बेस्ट स्किन, भिवाज च्वाइस आदि उपाधि पनि प्रदान गरिनेछ।

पहिलो पटक हुन लागेको मिस टिन कोसीका लागि प्लस टुमा अध्ययनरत किशोरीहरू प्रतियोगितामा सहभागी हुन आएका छन्। प्रतियोगिताको एक महिनाअघिदेखि नै उनीहरूलाई फेसन, मोडलिङ तथा कुकसम्बन्धी विभिन्न प्रशिक्षण दिइएको छ। प्रशिक्षणसँगै सुनसरी र मोरङका विभिन्न औद्योगिक प्रतिष्ठान तथा एफ.एम. रेडियो स्टेसनहरूको अवलोकन गराइएको छ। प्रतियोगीहरूको बौद्धिक विकासका लागि पनि ज्ञानगुनका विभिन्न कक्षा लिइएको कोरियोग्राफर अमित ताम्राकारले बताए।

# चाखेरै पेट भरियो

**साप्ताहिक समाचार**

काठमाडौं- तपाईंले कतिवटा मुलुकका परिकार चाख्नुभएको छ? गत शनिबार अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसरमा आयोजित अन्तर्राष्ट्रिय खाना महोत्सवमा झन्डै डेढ दर्जन मुलुकका परिकारको स्वाद लिएका एक जना खाना पारखी भन्दै थिए- 'चाखेरै पेट भरियो।' विगत छ वर्षदेखि द हिमालय टाइम्सले आयोजना गर्दै आएको अन्तर्राष्ट्रिय खाना महोत्सवमा २० हजारभन्दा बढी पारखीले विभिन्न मुलुकका परिकारको जिब्रो पड्काउँदै स्वाद लिए। एकदिने उक्त महोत्सवमा नेपाल, भारत, भुटान, बंगलादेश, अमेरिका, जापान, जर्मनी, चीन, अफगानिस्तान, इजरायल, मेक्सिको, इटाली, कोरिया, थाइल्यान्ड, रूस, अस्ट्रेलिया आदि मुलुकका



परिकारहरूको स्टल राखिएको थियो। महोत्सवमा विभिन्न ककटेल-मोकटेलका चुस्कीको आनन्द लिनेहरू पनि त्यत्तिकै थिए। महोत्सवलाई मनोरञ्जक बनाउन विभिन्न खेलका साथै गीत र संगीतको कार्यक्रम पनि प्रस्तुत गरिएको थियो। सांगीतिक कार्यक्रमलाई योगेश्वर अमात्य, जेम्स प्रधान, रोज मोक्तान, प्रीति कौर, सिनी गुरुङ, अभया सुब्बा, एक्स मन्त्र, म्याडजोन, नेप्साइडेज, किड सोल आदि कलाकार तथा समूहले मनोरञ्जक बनाएका थिए।

# अर्को ह्यान्डसम पार्लर



काठमाडौंको इन्द्रचोकस्थित पल्स ब्युटिपार्लरले गत सोमबारदेखि ह्यान्डसम पार्लर पनि सञ्चालनमा ल्याएको छ। उक्त पार्लरको उद्घाटन साप्ताहिकका सम्पादक सुवास ढकाल, सुप्रसिद्ध हास्यकलाकार दीपकराज गिरी, नायक सुशील क्षेत्री, गायक आनन्द कार्की तथा निर्देशक नारायण पुरीले संयुक्त रुपमा पानसमा बत्ती बालेर गरेका थिए। उक्त अवसरमा पार्लर सञ्चालिका ब्युटिसियन लक्ष्मी श्रेष्ठले पल्स ब्युटिपार्लरले पुरुषहरुको सौन्दर्यप्रतिको चाहना पूरा गर्ने विश्वास व्यक्त गर्नुभयो।

# विभिन्न ठाउँमा प्रत्यक्ष प्रशान्त

**साप्ताहिक समाचार**

धरान- आठ महिनाअघिसम्म दार्जीलिङस्थित तुङसुङका प्रशान्त तामाङ धेरैका निम्ति गुमनाम थिए। उनी परिवार, साथीभाइ र कोलकाता पुलिस ब्यान्डमै सीमित थिए। इन्डियन आइडलको तेस्रो संस्करणले केही व्यक्तिमै सीमित प्रशान्त विश्वका जुनसुकै देशमा रहेका नेपालीहरूमाझ एकाएक चर्चाको विषय मात्र बनेनन्, लोकप्रिय गायक पनि बने। उनलाई तेस्रो इन्डियन आइडल बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका धरानेहरूले 'प्रत्यक्ष प्रशान्त'मा प्रशान्तको गायन प्रतिभालाई प्रत्यक्ष रूपमा नियाल्न पाउने भएका छन्।



प्रशान्तले राजधानी काठमाडौं, पोखरा र बुटवलमा आफ्ना गायनकला प्रस्तुत गरिसकेका छन्। इन्डियन आइडलका दौरान भोट हाल्न आतुर दसौं हजार धरानेलाई कात्तिक २८ गते बुधबार प्रशान्तले गीत गाउँदै नचाउनेछन्। कात्तिक २७ गते काठमाडौंमा कन्सर्ट भ्याएर पूर्वाञ्चलमा पहिलोपल्ट बुधबार प्रशान्तले संगीतको जादु देखाउने 'प्रत्यक्ष प्रशान्त'का अयोजक सदस्य सौरभ श्रेष्ठले बताए।

प्रशान्तले धरानपछि बिहीबार मेची रंगाशाला, चन्द्रगढीमा आफ्नो स्वरको जादु देखाउनेछन्। प्रशान्तको कार्यक्रममा नेपाली संगीतकर्मीहरू राजेशपायल राई, शीतल-शुभानी मोक्तान तथा धराने युवा गायक डिल्ली फोम्बोले पनि गीत प्रस्तुत गर्नेछन्।

# नचाए मौसमी र अविनाशले




पोखरा- गायिका मौसमी गुरुङ मञ्चमा उत्रिनेबितिक्कै दर्शकहरूले जोडदार हुटिङ गरे। पर्वत डिमुवा पहाडी बजारमा भएको दसैं तथा तिहार मेलामा राष्ट्रिय कलाकारहरूका साथ त्यहाँ पुगेकी मौसमी दर्शकको पहिलो रोजाइ बन्न पुगिन्। उक्त अवसरमा मौसमीले आफ्ना आधा दर्जन गीत गाइन्। यद्यपि उनले सर्वाधिक चर्चित च्याङ्बा होई च्याङ्बा गीतमा भने सबैलाई नचाइन्।

मोदी युवा क्लबले आयोजना गरेको उक्त सांगीतिक कार्यक्रममा दर्शकहरू राष्ट्रिय हस्तीहरूको गीत सुन्न गाउँ-गाउँबाट ओइरिएका थिए। दर्शकलाई नचाउन तन्नेरी गायक अविनाश घिसिङ पनि कम देखिएनन्। घिसिङले कलकत्ते काइँयो गीतबाट दर्शकहरूलाई तताए। उनको चर्चित गीत ल्हासाको चिसोमा दर्शकहरू अझ रौसिए। यो गीत उनले दर्शकको अनुरोधमा दोहोऱ्याएर गाउनुपरेको थियो।

पपको गीतको स्वाद लिइरहेका दर्शकलाई फरक स्वाद दिन गायक मिलन लामा उपस्थित भए। उनले लोकदोहोरीप्रेमी दर्शकहरूलाई माझी दाइ पोखरा फेवातालको, हङकङ आइडीजस्ता आफ्ना चर्चित गीत गाएर भुतुक्कै पारे। त्यस्तै लोकगायिका निशा सुनुवारले पनि पर्वतका दर्शकहरूको मन राखिन्। गायक भाष्करध्वज श्रेष्ठले पनि दर्शकहरूलाई आफूसँगै नचाए। कार्यक्रम स्थानिय कलाकारहरूले पनि आफना गीत प्रस्तुत गरेका थिए।

**-शिव शर्मा**

# डिजे युवाले तताए धरान



**साप्ताहिक समाचार**

धरान- दोस्रोपल्ट धरानेहरूलाई नचाउन आएका डिजे युवा हुँदाहुँदै पनि ह्वात्तै बढेको चिसो मौसमले शुक्रबार निर्वाणा कन्ट्री क्लबको घाँसे मैदानमा उज्यालो भएसम्म रौनक आउन सकेको थिएन, तर सूर्यको प्रकाश कम हुँदै गएपछि युवायुवतीहरू बियरको चुस्की लगाउँदै गल्फ मैदानमा धक फुकाएर नाच्न थाले।

थर्ड जेनेरेसन ग्रुपले आयोजना गरेको 'दीपावली पार्टी'मा सयौं धरानेले मौसममा आएको चिसोपनलाई केही समयका निम्ति भए पनि तताउने मौका पाए। डिजे युवाले धरानको मौसम सुहाउँदो रिमिक्स गीत मिक्सिङ गरे पनि कार्यक्रममा रोमाञ्चकता ल्याउन सकेनन्। इङ्लिस म्युजिकमा नाच्ने बानी भैसकेका धरानेहरूलाई उनले नेपाली लोकगीतमा नचाउने प्रयास गरेका थिए तर लोकप्रिय अंग्रेजी गीत नबजाई धरानेहरू उफ्रिएनन्। हिन्दी रिमिक्स र पाकिस्तानी ब्यान्डका पप गीतको मिक्सिङमा पनि धरानेहरू आ-आफ्नै समूहमा मच्चिँदै नाचिरहेका देखिन्थे।

नाच्दानाच्दै विद्युतीय खराबीका कारण संगीत रोकिएपछि डिजे र नर्तक-नर्तकीहरूले नेपाली नेताहरूलाई गाली गर्न पनि भ्याएका थिए। पुनः चर्को आवाजमा संगीत गुञ्जिन थालेपछि भने उनीहरू कम्मर मर्काउँदै नाच्नमै व्यस्त देखिन्थे। डिजे युवासँगै धरान आएका नेपाली हिपहप ब्यान्ड नेप्साइडजका हकिम र मानसले आफ्ना तथा अन्य नेपाली र हिन्दी गीत प्रस्तुत गर्दै मैदानमा उभिएकाहरूलाई गोजीबाट हात निकाली नाच्न बाध्य तुल्याए।

## फिल्मी खबर

**राजधानीको** विश्वज्योति चलचित्र भवनमा चलचित्र 'माझी मामा'को प्रथम प्रदर्शन गरियो। तिहारलगत्तै सार्वजनिक प्रदर्शनमा ल्याइने उक्त चलचित्रको छायाङ्कन छोटो समयमै सकेर प्रथम प्रदर्शन गरिएको हो। पदमकृष्ण बानियाँले निर्माण गरेको यो चलचित्रमा सुशील क्षेत्रीले शीर्ष भूमिका निर्वाह गरेका छन् भने विष्णु रिजाल, सौजन्य सुब्बा, उमा बेबी आदि कलाकारको पनि उल्लेखनीय भूमिका छ। राजुध्वज राणाले निर्देशन गरेको माझीमामामा मामा र भाञ्जाबीचको सम्बन्धको चर्चा गरिएको छ।

**एकसाथ** सातवटा चलचित्र निर्माणको घोषणा गरेको गोपीकृष्ण मुभिजको घोषित पहिलो चलचित्र 'पर्खी बसें'को प्रदर्शन तिहारपछि हुने भएको छ। प्रेमकथामा आधारित उक्त चलचित्रमा नयाँ जोडी राजबल्लभ तथा यमुना उप्रेतीको मुख्य भूमिका छ। चलचित्रका निर्देशक दीपक श्रेष्ठ हुन्।

**चरित्र** कलाकार प्रज्ञा जोशीद्वारा निर्मित चलचित्र 'सपूत'को प्रदर्शन मिति सरेको छ। तिहारको अवसर पारेर उपत्यकाबाहिर चलचित्रको प्रदर्शन गर्ने योजना उक्त मितिमा अरू पनि चलचित्र प्रदर्शन हुने भएपछि प्रदर्शन मिति सारिएको हो। रेखा थापाको चलचित्र 'किस्मत,' दीपक श्रेष्ठको चलचित्र 'पर्खी बसें' तथा योगेश घिमिरेको चलचित्र 'सपूत' एकसाथ प्रदर्शनको तयारीमा छन्, दसैंको मौका छोपेर प्रदर्शन गरिएका चलचित्र राम-बलराम, बुबाआमा, त्रिशूल र कानुन जुध्दा सबैलाई घाटा पुगेकाले चलचित्र 'सपूत'को प्रदर्शन मिति सारिएको बताइन्छ।

**निर्माता** तथा निर्देशक नरेश पौड्याल चलचित्र 'दीपशिखा' निर्माणका लागि तयार भएका छन्। केही समयभित्रै छायाङ्कन आरम्भ गरिने यो चलचित्रमा दिलीप रायमाझी, अरुणिमा लम्साल तथा विराज भट्टको त्रिकोणात्मक प्रेमकथा रहनेछ। यसअघि प्रेमकथामै आधारित निर्देशक पौड्यालको चलचित्र 'धडकन'लाई धेरै दर्शकले मन पराएका थिए।

**बलिउडमा** चलचित्र 'धुम'का दुवै श्रृंखलाले सफलता पाएपछि कलिउडमा त्यसको असर नपर्ने त कुरै भएन। हाल छायाङ्कन भैरहेको चलचित्र 'तहल्का डटकम' धेरै हदसम्म बलिउडको 'धुम'बाट प्रभावित छ। चलाख चोरमा केन्द्रित उक्त चलचित्रमा दिलीप रायमाझी तथा रमित ढुंगाना नायक छन्। भनिन्छ, बलिउडको 'धुम' मा झैं चलचित्र 'तहल्का डटकम'मा पनि यी दुई नायकबीच चोर-पुलिसको खेल खेलाइएको छ। दीपक परिकोटीको निर्देशनमा काठमाडौं उपत्यकामा छायाङ्कन भैरहेको यो चलचित्रको निर्माण गोपीकृष्ण मुभिजले गरिरहेको छ। चलचित्रमा ऋचा घिमिरे, पुजाना, नवीन श्रेष्ठ आदि कलाकारको पनि महत्त्वपूर्ण भूमिका छ।

**नृत्य** निर्देशक राजु शाहद्वारा निर्देशित चलचित्र 'सपनाको नौलो संसार' तिहारमा सार्वजनिक गरिने भएको छ। युरोपकै केही सहरबाट प्रदर्शन शुभारम्भ गरेपछि यो चलचित्रलाई स्वदेशमा प्रदर्शन गरिने योजना रहेको उक्त चलचित्रका अर्का निर्माता तथा नृत्य निर्देशक प्रदीप श्रेष्ठले साप्ताहिकलाई बताए। विदेशको चमकदमकभन्दा स्वदेशको गाउँले जीवन नै रमाइलो हुने सन्देश बोकेको यो चलचित्रमा राजेश हमाल, दिलीप रायमाझी, तृप्ति, ऋचा घिमिरे तथा जर्मनीमा बसोबास गरिरहेकी युवती कमला दाहाललाई अभिनय गराइएको छ।



## लभ गुरु रेखा

**म १९ वर्षीया युवती हुँ। अहिले म कक्षा ११ मा अध्ययनरत छु। करिब ३ वर्षपहिले प्रेमदिवसको अवसर पारी मैले आफ्नै घरछेउको युवकसमक्ष प्रेमप्रस्ताव राखेकी थिएँ। उसले सकारात्मक प्रतिक्रिया दिएपछि हाम्रो प्रेम निरन्तर रूपमा चल्दैछ। हामी दुवै एक-अर्कालाई जीवनभर साथ दिन चाहन्छौं। हामी कुनै पनि हालतमा हाम्रो प्रेमको अन्त्य गर्न चाहदैनौं। हाम्रो समस्या के छ भने मेरी काकी र उसकी सानीआमाले एक-अर्कासँग मितिनी साइनो लगाउनुभएको छ। उनीहरू नेवार हुन् भने हामी ठकुरी हौं। अहिले काकी र सानीआमाबीचको मितिनी साइनोका कारण हाम्रा परिवारले दाजु-बहिनीको नाता देखाएर हाम्रो सम्बन्ध छुटाउन खोजिरहेको छ। हामी हाम्रो प्रेमको अन्त्य गर्न चाहदैनौं र अहिले नै विवाह गरेर आफ्नो भविष्य पनि बिर्गान चाहन्नौं। हामी दुवै २५ वर्ष कटेर आफ्नो खुट्टामा उभिएपछि मात्र विवाह गर्न चाहन्छौं। यस्तो बेलामा हामीले के गर्न सक्छौं ? के काकी र सानीआमाबीच मितिनी साइनो छ भन्दैमा हामी दाजु-बहिनी पर्छौं ?**

**– आरएस**

तपाईंहरूबीचको समस्या खासै ठूलो समस्या होइन। मीत वा मितिनी साइनोको हाम्रो सामाजिक परम्पराअनुसार कुनै पनि युवा-युवतीले आफ्नो मीतबुवा अथवा मितिनीआमाको छोरा वा छोरीसँग मात्र वैवाहिक सम्बन्ध राख्नु हुँदैन। यस्तो परम्पराको आधार मीतसम्बन्धको पवित्रता कायम राख्नुपर्छ भन्ने मात्रै हो। यस्तो सम्बन्धमा धार्मिक परम्पराहरूले पनि केही भूमिका निर्वाह गरेका छन्। जहाँसम्म तपाईंकी काकी र तपाईंको प्रेमीकी सानीआमाबीचको मितिनी सम्बन्धको कुरा छ त्यसले तपाईंहरूको सम्बन्धमा कुनै बाधा पुऱ्याउँदैन। किनभने सामाजिक परम्पराअनुसार कतिपय अवस्थामा, कतिपय जातीय संस्कारमा सानीआमाको नजिकका नातेदार वा नातेदारका सम्बन्धीसँग विवाह हुन सक्ने अवस्थाहरू विद्यमान छन्। तपाईंहरूबीचको समस्या त केही पनि होइन। अहिले जे भनेर तपाईंहरूलाई छुटाउने प्रयास गरिएको छ त्यो एउटा बहाना मात्र हो। त्यसैले तपाईंहरू ढुक्क भएर एक-अर्कालाई प्रेम गर्न सक्नुहुन्छ र आफ्नो खुट्टामा उभिएपछि विवाह गर्न स्वतन्त्र हुनुहुन्छ। कथंकदाचित कुनै किसिमको बाधा-अवरोध आइपरे कानुनले तपाईंहरूलाई नै साथ दिनेछ।

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्नेउद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।



# तपाईंलाई सबैभन्दा अल्छी लाग्ने काम कुन हो ?

## केवल एक प्रश्न

लेख्न अल्छी लाग्छ । खोइ लेख्न भनेपछि मऱ्याजस्तो लाग्छ । पहिलो शब्द उक्काउनै गाह्रो लाग्छ । त्यही भएर कसैले लेख्न आग्रह गरे भरसक टार्ने प्रयास गर्छु ।

**सुनील पोखरेल, रंगकर्मी**

हिंड्नुपर्दा पनि साह्रै अल्छी लाग्छ, बाटोमा चर्को घाम भएको बेला, गाडी गुडिरहेको बेला र भीडभाडमा हिंड्न त अझ गाह्रो लाग्छ । अहिले त झन् चिनेका मानिसले जिस्क्याउँछन् पनि । अनि कसैलाई कुर्नुपऱ्यो भने पनि झ्याउ लाग्छ । कसै-कसैले त एक घण्टासम्म कुराइदिएका छन् ... ।

**अविनाश घिसिङ, गायक**

धेरै छन्, गीत गाउन र रियाज गर्नबाहेक मलाई त जे काम गर्न पनि अल्छी लाग्छ, खाना बनाउन, लुगा धुन, बोलाएको कार्यक्रममा जान सबै... अल्छी लाग्छ ।

**सिन्धु मल्ल, गायिका**

घरको काम गर्न साह्रै अल्छी लाग्छ । अँ...सामान किनमेल गर्न, खाना बनाउन एकदमै अल्छी लाग्छ, तर मलाई अरू काम गर्न भने अल्छी लाग्दैन... ।

**आनन्द कार्की, गायक**

खासगरी हाम्रो सरकारी कार्यालयमा गएर काम गर्नुपऱ्यो भने त्यहाँको ढिलासुस्तीका कारण साह्रै अल्छी लाग्छ । यसबाहेक मलाई खासै अल्छी लाग्दैन, आममानिसलाई लाग्ने अल्छी मलाई लाग्दैन ।

**निखिल उप्रेती, नायक**









## जम्का भेट

लोकप्रिय कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य संविधानसभा निर्वाचनसम्बन्धी प्रचार सामग्रीदेखि टेलिचलचित्र बनाउने आदि थुप्रै काममा व्यस्त रहेकै बेला अचानक संविधानसभाको निर्वाचन स्थगित भयो । संविधानसभाको निर्वाचनअघि विदेशमा कुनै पनि कार्यक्रम नगर्ने योजना बनाएका मह यो निर्णयबाट स्तब्ध पनि भए ।

**अहिले के गर्दै हुनुहुन्छ ?**

हामी त जिल्ल परेर बसिरहेका छौं, संविधानसभा निर्वाचनको विषयमा विज्ञापन बनाइयो, संविधानसभाकै विषयमा टेलिचलचित्र पनि तयार भैसकेको थियो, अचानक निर्वाचन रोकिएकाले बनाएको कुरा के गर्ने भनेर जिल्ल परेका छौं ।

**निर्वाचन स्थगित भएपछि तपाईंहरूलाई कस्तो लाग्यो ?**

जिन्दगीमा यति जोक्कर त कहिल्यै भएका थिएनौं, जनतालाई हँसाउने काम गरे पनि यस्तो आफै जोक्कर हुने काम गरिएको थिएन । यसपटक चाहिँ जोक्कर बनाइदिए । अहिले त बाटामा हिँड्दा पनि ओ सम्धी-सम्धिनीज्यू खै त के भो तपाईंहरूको संविधानसभा ? भनेर प्रश्न गर्छन् । बाटोमा हिँड्न पनि लाज लाग्न थालेको छ ।

**आगामी दिनमा निर्वाचन हुने सम्भावना देख्नुहुन्छ ?**

भविष्यमा जे पनि हुनसक्छ तर हामी सकारात्मक सोच्ने भएकाले निर्वाचन हुन्छ जस्तो लाग्छ । चुनावै नगरी समस्या समाधान हुन्छ भने झन् राम्रो, तर अब चुनाव हुन्छ भनेर जनतालाई तुरुन्तै विश्वास दिलाउन भने गाह्रै होला । यिनीहरूले झुक्याउँछन् पछि लगेर थाङ्नामा सुताउँछन् भनेर विश्वास नगर्ने सम्भावना छ ।

**अब तपाईंहरूको भूमिका के हुनसक्छ ?**


हामीहरूले हरेस खाइसकेका छैनौं, फेरि पनि संविधानसभाको वातावरण निर्माण गर्न र निर्वाचनको पक्षमा रहेका जनतालाई साथ दिन हामी तयार छौं । हुन त निर्वाचनका लागि हाम्रो भन्दा पनि प्रमुख राजनैतिक दलहरूकै भूमिका महत्वपूर्ण हुन्छ । यो बेलामा हामी सबैले आफ्नो अस्तित्व वा नागरिकको भूमिका निर्वाह गर्नुपर्छ तर सबैले निर्वाचनको ढोकामा आएर माग तेर्स्याउनु हुँदैनथ्यो । त्यसलाई नाघेर हिँड्न गाह्रो हुन्छ । देश त रहिनै रहन्छ, नेताहरू भैहाल्छन्, कतिपय माग जायज छन् जसलाई विस्तारै-विस्तारै पूरा गर्न सकिन्छ ।

**मदनबहादुर-हरिबहादुर टेलिश्रृङ्खलापछि जनताले अर्को टेलिश्रृङ्खला पनि हेर्ने इच्छा राखेका छन्, अब कहिले हेर्न पाउनेछन् त ?**

अब मदनबहादुर-हरिबहादुरलाई नै निरन्तरता दिने सोचाइमा छौं । तिहारपछि काम प्रारम्भ हुन्छ । स्क्रिप्ट र कन्सेप्ट लगभग तयार भैसकेको छ, पुरानै चरित्रलाई नयाँ कथामा ढालेर दर्शकमाझ ल्याउनेछौं ।

## चलचित्र

### किस्मत





नायिका रेखा थापाको चलचित्र निर्माण संस्था रेखा फिल्म्सद्वारा निर्मित तेस्रो चलचित्र किस्मत भोलि शनिबारदेखि उपत्यकाबाहिरका प्रमुख सहरहरूमा प्रदर्शन हुँदैछ। गोठालो, जिन्दगानी जस्ता सफल चलचित्रका निर्देशक उज्ज्वल घिमिरेद्वारा निर्देशित यो चलचित्रलाई ३५ एमएम सिनेमास्कोप प्रविधिमा निर्माण गरिएको छ। पुरुषको भाग्यका बारेमा समाजमा निकै चर्चा भए पनि नारीको किस्मतका बारेमा कुनै कुरा उठाइँदैन। नारीकै किस्मतका कारण पुरुषको भाग्य बलियो हुने वा बिग्रन सक्ने विषयमा निर्माण गरिएको यो चलचित्रकी नायिका निर्मात्री रेखा थापा स्वयं हुन्। चलचित्रमा विराज भट्ट नायक रहे पनि रोमान्टिक नायकका रूपमा आर्यन सिग्देल पहिलो पटक ठूलो पर्दामा देखा पर्दैछन्।

### ओम शान्ति ओम



बलिउड चलचित्र उद्योगमा आज बहुचर्चित दुई चलचित्र एकैपटक सार्वजनिक हुँदैछन्। प्रदर्शनअगावै अत्यधिक प्रचार गरिएका ओम शान्ति ओम र साँवरियामध्ये कसले दर्शकको मन जित्ने हो भन्ने कौतूहलता पनि त्यत्तिकै छ। रेड चिल्लिज इन्टरटेनमेन्ट ब्यानरका लागि नायक शाहरूख खानकी धर्मपत्नी गौरी खान निर्माता रहेको चलचित्र 'ओम शान्ति ओम'लाई फराह खानले निर्देशन गरेकी छिन्। यसअघि फराह र शाहरूख खानको सहकार्यमा निर्माण भएको चलचित्र 'मै हुँ ना' ले सफल व्यापार गरेको थियो। यो चलचित्रको अर्को आकर्षक पक्ष भनेको बलिउडमा नाम चलेका चार दर्जनभन्दा बढी कलाकारलाई चलचित्रमा देख्न पाउनु पनि हो। चलचित्रमा शाहरूख खान, दिपिका पादुकोण, श्रेयस तालपाडे, अर्जुन रामपाल तथा किरण खेरले मुख्य भूमिकामा अभिनय गरेका छन्। ओम शान्ति ओम पुनर्जन्मको कथामा आधारित चलचित्र हो। ७० को दशकबाट प्रारम्भ हुने यो चलचित्रले अहिलेको समयसम्मको यात्रा तय गरेको छ। त्यसक्रममा अगाडिको फेसन र अहिलेको फेसनलाई पनि निर्देशकले मेहनतका साथ देखाउने प्रयास गरेकी छिन्। चलचित्रमा ओमप्रकाश माखिजा अर्थात शाहरूख खान राजेश खन्नाको समयका कलाकार हुन्छन्। सबै क्षमता भएर पनि नायक बन्ने अवसर नपाएका शाहरूख त्यस बेलाकी चर्चित नायिका दीपिका पादुकोणसँग प्रेम गर्न पुग्छन्। त्यहीबेला अचानक शाहरूखको मृत्यु हुन्छ। दीपिका शाहरूखको सम्झनामा एक्लै जीवन बिताइरहेकी हुन्छिन्। केही वर्षपछि शाहरूखले ओम कपुरका रूपमा जन्म लिन्छन्। त्यसबेला शाहरूखलाई अघिल्लो जन्मको सम्झना आउन थाल्छ। त्यसपछि चलचित्र रोमाञ्चक मोडमा प्रवेश गर्छ। विशाल डडलानी, जावेद अख्तर तथा कुमारको गीत सुन्न पाइने यो चलचित्रमा विशाल शेखरले संगीत दिएका छन्। नायिका दीपिकाले यो चलचित्रमा पहिलो पटक अभिनय गरेकी हुन्।

### साँवरिया



हम दिल दे चुके सनम, देवदास, ब्ल्याक जस्ता सुपरहिट चलचित्र प्रस्तुत निर्माण गरिसकेका निर्माता-निर्देशक सञ्जय लीला भन्सालीको अर्को महत्त्वाकांक्षी चलचित्र 'साँवरिया' पनि आज सार्वजनिक हुँदैछ। नयाँ कलाकारलाई मुख्य भूमिकामा अभिनय गराएको हुनाले आवश्यकभन्दा बढी प्रचार गरिएको यो चलचित्रले दर्शकको साथ भने कति पाउने हो, हेर्नलायक हुनेछ। स्वयं निर्माता-निर्देशकले पनि चलचित्रमा नयाँ कलाकारलाई मुख्य भूमिकामा अभिनय गराउनु जोखिमपूर्ण रहेको स्वीकार गरेका छन्। यद्यपि बलिउड चलचित्र विश्लेषकहरूका अनुसार लगातार सुपरहिट चलचित्र दिएका भन्सालीले कस्तो चलचित्र बनाएछन् भन्ने आधारमा पनि यो चलचित्र सफल हुने लख काटेका छन्। नायक ऋषि कपुर तथा नायिका नितु सिंहका सुपुत्र रणवीर कपुर र अर्का नायक अनिल कपुरकी सुपुत्री सोनम कपुर चलचित्रका मुख्य नायक-नायिका हुन्। चलचित्रलाई व्यावसायिक खतराबाट बचाउनकै लागि भन्सालीले सलमान खान र रानी मुखर्जीको जोडीलाई पनि अभिनय गराएका छन्। यसबाहेक वेगम पारा, अँचला साचदेव, जोहरा सहगलले चलचित्रमा मुख्य भूमिकामा अभिनय गरेका छन्। चलचित्र साँवरिया युवा उमेरका दुई युवायुवतीको प्रेमकथामा आधारित छ। प्रेममा चुर्लुम्म डुवेका यी निर्दोष प्रेमयात्री एक-अर्काका निम्ति ज्यान समर्पण गर्न पनि तयार छन्। चलचित्रमा रणवीर चित्रकार हुन्छन्। उत्साही रणवीरका केही आदर्श र सपना छन्। त्यही क्रममा रणवीर अनौठो सहरमा पुग्छन्। पहाडले घेरिएको उक्त सहर एउटा चित्रकारले कल्पना गरेको सहर जस्तै हुन्छ। एक रात रणवीरले उदास, चुपचाप र रहस्यमयी युवती सोनमलाई भेट्छन्। केही समयमै उनीहरूबीच गहिरो प्रेम हुन्छ। यद्यपि हरेक सम्बन्ध एकदिन अवश्य टुट्छ भन्ने भनाइ उनीहरूमा पनि लागू हुन्छ। सोनमको पुरानो जिन्दगीका बारेमा थाहा पाएपछि रणवीरले उनलाई स्वीकार्न सक्दैन। यो चलचित्रमा भन्सालीले प्रेम, वेदना, कोमलता, उत्साह, पीडा र इच्छा आदि प्रस्तुत गरेका छन्। चलचित्रमा मोटी शर्माको संगीत सुन्न पाइन्छ।

# नृत्य प्रतियोगिताको मेघा फाइनल



चितवन- नारायणगढको कला मन्दिरमा दर्शक एवं श्रोताको भीड बढ्दै गएको थियो। दिउँसोको १ बजे सुरु हुने भनिएको कार्यक्रम बल्ल २ बजे सुरु भयो। दर्शकको भीडभाडले कला मन्दिरको एउटा कुर्सी पनि खाली थिएन तैपनि दर्शकहरू आउने क्रम रोकिएको थिएन। यो गत शनिबार नारायणी कला मन्दिरले आयोजना गरेको खुला नृत्य प्रतियोगिताको मेघा फाइनलको दृष्य हो। प्रतिभा मञ्च २०६४ नाम दिइएको प्रतियोगितामा चितवन, नवलपरासी, तनहुँ, मकवानपुर, गोर्खा तथा लमजुङका प्रतियोगीहरू सहभागी थिए।

यो खुला नृत्यमा विशेष आर्कषण हुनुको कारण पनि अलि फरक थियो। २०६२ सालदेखि नै यो नृत्यको छनौट प्रक्रिया आरम्भ गरी दुई वर्षपछि मेघा फाइनलको आयोजना गरिएको थियो। अर्कातिर आकर्षणका केन्द्रविन्दु थिए– प्रतियोगिताका निर्णायकहरू नायक श्रीकृष्ण श्रेष्ठ, निर्देशक शिव रेग्मी तथा नृत्य निर्देशक पुष्प श्रेष्ठ। दुई वर्षअघिदेखि नै सञ्चालन हुँदै आएको प्रतियोगितामा १२ वर्षभन्दा माथिका युवती ६० जनाले सहभागिता जनाएका थिए। नारायणी कला मन्दिरले नै प्रतियोगीहरूलाई प्याकेजअन्तर्गत सःशुल्क तालिम दिएको थियो। सुरुदेखि नै प्रतियोगितामा विभिन्न चार चरणमा गरी प्रतियोगीलाई अघिल्लो चरणमा प्रवेश गराएका थिए। गत वैशाखदेखि प्रतिभा मञ्चबाट प्रत्येक महिना सर्वोत्कृष्ट र उत्कृष्ट छानी १० जना युवतीबीच मेघा फाइनलमा प्रतिस्पर्धा गराइएको थियो। स्थानीय स्तरमा लुकेर रहेका प्रतिभाहरूलाई उजागर गर्नु नै प्रतियोगिताको उद्देश्य रहेको नारायणी कला मन्दिरका अध्यक्ष शेखर श्रेष्ठले साप्ताहिकसँग भने।

मेघा फाइनल दुई चरणमा सम्पन्न भएको थियो। पहिलो राउन्ड सेल्फ राउन्डमा नृत्य गरेका थिए भने अर्को निर्णायकको कमेन्ट राउन्ड। प्रतियोगिता राष्ट्रगानबाट सामूहिक रूपमा प्रतियोगीहरूले आ-आफ्नो परिचय दिँदै प्रारम्भ भएको थियो। कल्याणपुरका रश्मी पौडेलले पहिलो चरणको प्रस्तुति भोजपुरी गीत करेन्ट मारे र दोस्रो चरणको आँखै बैंसालु गीतमा नृत्य गर्दा एकातिर दर्शकको वन्स मोरले हल गुञ्जिरहेको थियो भने अर्कातिर निर्णायकले उनको प्रस्तुतिपछि प्रतिक्रिया दिँदै उनलाई राष्ट्रिय स्तरमा स्थापित हुन्छ्यौ भनेपश्चात् उनी नै सर्वोत्कृष्टको उपाधि जित्न सफल भइन्। प्रतियोगितामा पूनम परियारले द्वितीय, श्रीमाया गिरीले तृतीय तथा मुस्कान शर्माले सान्त्वना पुरस्कार जिते।

**–प्रवीण दत्त**

# दोहोरीमय बन्यो बुटवल



बुटवल- आफ्नो तेस्रो महाधिवेशनका लागि देशभरबाट जम्मा भएका कलाकारले सडकमै दोहोरी खेलेर शनिबारदेखि रमाइलो बनेको बुटवल सोमबार त पूरै दोहोरीमय भयो। राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानको महाधिवेशन समापनको अवसरमा हाटबजारलाइनस्थित कान्ति मावि प्राङ्गणमा आयोजित कार्यक्रममा लोकदोहोरीका हस्तीदेखि नवोदित कलाकारले मैदानमा खचाखच दर्शकको मन जित्न मरिमेटेर गाए। नाम चलेका सबैजसो कलाकारको प्रस्तुति एकसाथ हेर्न पाएका दर्शकहरू पनि उत्साहित हुँदै कलाकारसँगै धक फुकाएर नाच्दै-गाउँदै रमाए। नेतृत्व चयनका कारण झन्डै दुई घण्टा ढिलो हुँदा अधैर्य बनेका दर्शकहरूलाई बद्री पंगेनीले तताइहाले। बद्रीले आफ्नो आगामी एल्बममा रहने 'लासमाथि फूल राख्दैमा सहिदको सपना साकार हुन्न हजुर, लागिपरौं जनताको पीरमर्का बुझ्न हजुर..' गीत मार्फत दर्शकलाई भावविभोर बनाए भने 'खाने हो गुल्मीको माछा जाने हो बटौली बजार..' गाएर छमछमी नचाए। अस्वस्थताका कारण स्टेजबाट बिदा माग्न लागेका बद्रीलाई गणतन्त्रको पक्षमा गीत नगाई जान पाइँदैन भनेर लामो हुटिङ गरेपछि 'अझै नि लोकतन्त्र आ'को छैन है, गणतन्त्र नल्याई त मुक्ति पाइँदैन..' गीत प्रस्तुत गरेर दर्शकको मन शान्त पारे।

त्यसपछि सुरु भयो दोहोरीको रन्को। 'झल्को लाली ओठमा' र 'आँधीखोला उर्लेर आयो' र 'माकुरीको जाल' भाखामा मिलन लामा, विष्णु खत्री, पशुपति शर्मा, युवराज आचार्य, पुर्ण अर्याल, नवीन पौडेल तथा मञ्जु महत, पार्वती जीसी, शकुन्तला थापा, रीता थापा, हरिमाया रायमाझी, सरला पाण्डे आदि कलाकारको प्रस्तुतिले दोहोरीप्रेमीहरूलाई नचाउनु नचायो। प्रजापति पराजुलीले नेताहरूप्रति व्यङ्ग्य गर्दै भजन प्रस्तुत गरेर रमाइलो बनाएको कार्यक्रममा पुरुषोत्तम न्यौपानेले 'धिक्कारै छ फूल सिमीलाई' नयाँ र एउटा पुरानो गीत गाए। विमलराज क्षेत्रीले औंठी कुशैको एल्बमका 'डुल्छु रनवन' र 'सुपारी चाम्रो.' प्रस्तुत गरे। पाल्पाका नवोदित गायक पुष्कल शर्माले आफ्नै एल्बम 'रैछौ बैगुनी' का गीत प्रस्तुत गर्दा जोडदार तालीको समर्थन पाए। सुनवलका विष्णु गुरुङले सालैजो भाखाको गीत, राप्तीका नेत्र भण्डारीले टप्पा गीत र अर्घाखाँचीका जीवन परियारले प्रस्तुत गरेको गीत मनोरञ्जक रह्यो। कार्यक्रममा बालप्रतिभा संजिता श्रेष्ठलगायत स्थानीय कलाकारहरूले तामाङ सेलो, कौडा, मारुनी, सोरठी तथा माझी नृत्य प्रस्तुत गरेर दर्शकलाई थप मनोरन्जन प्रदान गरे।

## ज्योतिको धरान आगमन

**साप्ताहिक समाचार**

काठमाडौं- ज्योति ब्राह्मिनको नाम सुन्नुभएको छ ? मिस इन्डिया अर्थ-२००४ ज्योतिको मूलघर दार्जीलिङ हो। मुम्बईकी चर्चित मोडल ज्योति तिहारलगत्तै धरानमा आयोजना हुने एक फेसन सोमा सरिक हुँदैछिन्। वेस्टबंगालको हेलो सिटी फेसन इन्स्टिच्युटले नेपालको फेसन नगरी धरानमा आफ्नो शाखा सञ्चालन गर्दैछ।

त्यही अवसरमा आयोजना हुन लागेको फेसन सोमा ज्योतिको आगमन हुन लागेको हो। नेपालका चर्चित हेयर स्टाइलिस्ट नील डेविडलाई पनि निम्त्याइएको उक्त फेसन सो नौलो शैलीको हुने इन्स्टिच्युटका महेन्द्र श्रेष्ठ तथा सुनील जैनले जनाएका छन्। फेसन सोअघि ज्योती र डेविडले संयुक्त रूपमा आगामी मंसिर ३ गते इन्स्टिच्युटको उद्घाटन गर्दैछन्।




## सानो पर्दा



**कान्तिपुर** टेलिभिजनमा नयाँ पारिवारिक टेलिश्रृंखलाको प्रसारण आरम्भ भएको छ। हरेक आइतबार साँझ साढे सात बजे प्रसारण हुँदै आएको अर्को पारिवारिक टेलिश्रृंखला 'नारी'को प्रसारण बन्द भएपछि त्यही समयमा नयाँ श्रृंखला 'संस्कार' प्रसारण हुन थालेको हो। रेशराज आचार्यले निर्देशन गरेको उक्त टेलिश्रृंखलामा गायक बाबु बोगटी नायक भएका छन् भने नायिका तथा मोडल निशा अधिकारीले पर्दामा पहिलो पटक खलनायिकाको चरित्र निर्वाह गरेकी छिन्। कान्तिपुर टेलिभिजनले निर्माण गरेको यो श्रृंखलाकी नायिका सौजन्य सुब्बा हुन्।

**नेपाली** चलचित्रको निर्माणक्रम बढेपछि टेलिभिजन च्यानलहरूमा मात्र होइन, केबुल च्यानलहरूमा पनि चलचित्रसम्बन्धी कार्यक्रमहरू प्रसारण हुन थालेका छन्। नेपाल अधिराज्यका स्थानीय केबुल च्यानलहरूबाट हरेक दिन बेलुकी साढे आठ बजे पत्रकार आरके सुवेदीको निर्माण तथा निर्देशनमा कार्यक्रम 'हाम्रो सिनेमा' प्रसारण हुने गरेको छ। चन्द्रमा भिडियो हाउसको प्रस्तुतिमा निर्माण भैरहेको उक्त कार्यक्रममा सुवेदीले नेपाली चलचित्रका बारेमा जानकारी दिनुका साथै गीत पनि प्रस्तुत गर्छन्।

**बालबालिका** हराउने, अपहरण गरिने वा वयस्कहरू नै बेपत्ता हुने क्रम बढिरहेको बेला सन्दर्भमा नेपाल वान टेलिभिजन च्यानलबाट हरेक शनिबार साँझ साढे सात बजे प्रसारण हुने गरेको कार्यक्रम 'खोज-तलास'ले चर्चा कमाइरहेको छ। हराएकाहरूको खोजीका लागि निःशुल्क कार्यक्रम निर्माण गरिदिने उक्त कार्यक्रममार्फत धेरै जना फेला परेका पनि छन्। हराएकाहरूको परिवार, इष्टमित्र आदिसँग कुराकानी गर्नेर हराउने बेलाको घटनालाई कथामा ढालेर कलाकारहरूद्वारा अभिनय गराइने उक्त कार्यक्रमका लागि हराएका मानिसका आफन्तहरू आउने क्रम बढेको कार्यक्रमकी निर्मात्री सुलोचना थिंगले बताइन्।

**नेपाल** टेलिभिजनबाट निकट भविष्यमै रहस्य, डर,रोमाञ्च तथा जासुसी कथामा आधारित एक टेलिश्रृंखला प्रसारण हुने भएको छ। दुईवटा चलचित्रको निर्देशन गरिसकेका निर्देशक विनोद सेरेङ्गले निर्देशन गरेको उक्त टेलिश्रृंखलाको शीर्षक 'समय'राखिएको छ। १ सय ४ भागको उक्त टेलिश्रृंखलामा प्रेम सुब्बा,रोहित थेबे,रवि गिरी, सूरवीर पण्डित, कोपिला थापा,रञ्जिता गुरुङ, लता योञ्जन, अस्मिता श्रेष्ठ, सरिता महत, मार्शलराठौर, शिवहरि लामिछाने आदि कलाकारले अभिनय गरेका छन्। श्रृंखलाका निर्माता नवीन चेम्जोङ्ग तथा डि.बी. गुरुङ हुन्।

# केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ?

केटा र केटी दुवैको मन मिल्छ भने उमेरले छेक्दैन ।

**एस.के. कुँवर** (२४), **इँटाखेल**

केटाका लागि २५ र केटीका लागि १९ हो। त्यतिबेलासम्म केटाले जागिर खाइसक्छ र केटीको शारीरिक विकास पनि भैसकेको हुन्छ।

**सरोज अधिकारी, बर्दिबास**

आफू त अहिलेसम्म विवाह नगरी बसेको छु। खासै भन्नुपर्दाचाहिँ उमेरभन्दा पनि केटा र केटी सक्षम भएपछि मात्र विवाह गर्नु राम्रो हुन्छ।

**जीवन थापा, पनौती-४, काभ्रे**

केटाको ३० वर्ष तथा केटीको २७ वर्ष, भविष्यको बाटो तय भैसकेपछि मात्र विवाह गर्नु उचित हुन्छ।

**त्रिताल नोदनाथ** (२६), **धनकुटा**

हाम्रोतिर पाकाले कुरा गरेको केटाकेटीले सुन्नुहुँदैन भन्थे। अनि के प्रश्न गरेको सम्पादकज्यूले केटाकेटीले विवाह गर्ने कुरा ? बालविवाहसम्बन्धी यस्तो प्रश्न नगर्नु है, थाहा छ नेपालको कानुन ?

**मुक्ति अधिकारी, करादी**

यौनसम्पर्कका लागि १८ देखि २२ वर्ष र क्यारियर बनाएर गर्ने हो भने १८ देखि ३० वर्षभित्र ।

**शालिग्राम पत्थर, धादिङ**

भन्नैपर्दा त टन्न कमाउने भएपछि भन्छन्। त्यसो भए नकमाउनेहरूको नो चान्स... ? ल भैगो वहस नगरौं, जहिले लगन जुर्छ त्यही बेला ।

**विनय, खोटाङ**

उमेरभन्दा पनि अध्ययन पूरा गरी दुवै आफ्नो खुट्टामा उभिन सक्षम भएपछि।

**विनोद खतिवडा, इनरुवा**

उमेरभन्दा पनि शारीरिक, मानसिक एवं आर्थिक रूपमा परिपक्व भएपछि विवाह गर्नु राम्रो हुन्छ ।

**शान्ता गौतम** (२५), **हल्दिबारी, झापा**

२६ को भइयो सम्पादकज्यू, अब ४ वर्षपछि उचित होला। किनकि त्यसबेलासम्म उनी पनि २३ की हुनेछिन्। आफू २३ नपुगी उनले विवाह नै नगर्ने भनेकी छिन् क्या, बेइमान !

**रोहितेश विरही, झापा**

यो प्रश्नको उत्तर राजेश हमाल र कोमल वलीसँगसोध्नुपर्छ ।

**हडिन्द्र कार्की** (२४), **धनकुटा**

म त २५ मा नै गर्छु तर भगवान्ले जुराइदिएकी उनीसँग सोध्नुपर्छ। उनलाई कुन उमेरमा विवाह उचित लाग्छ ?

**रुद्रप्रसाद दाहाल, दोलखा**

खै सम्पादकज्यू, आफ्नो त उमेर सानै छ, त्यस्तो कुरा कहाँबाट थाहा होस्। विवाह गर्न २०-२२ नै ठीक होला ?

**नवीन दहाल** (१४), **दोलखा**

खै, आफू अहिले १९ वर्ष लागिसकियो र पनि सबैले विवाह गर्ने उमेर भा'छैन भन्छन्। भयो भनेपछि तपाईंलाई भनौंला नि ।

**नारायण भट्टराई, गाईघाट, उदयपुर**

त्यत्रो रेडियो र टिभीले बिहेबारी बीस वर्ष पारि भनेर फुकेको एकपटक पनि सुन्नु भा'छैन कि क्या हो ?

**जयराम भट्टराई, जनकपुर**

हामीले पढेअनुसार केटाका लागि २३ वर्षपछि र केटीका लागि २० वर्षपछि हो।

**दिव्या भट्टराई, गाईघाट, उदयपुर**

सोच्नै पर्दैन। २५ वर्ष, जेहोस् २० भन्दामाथिको उमेरमा विवाह गर्नु उचित हो। किनकि यो उमेरपछि परिपक्वता आइसकेको हुन्छ र स्वास्थ्यका दृष्टिले पनि उचित हुन्छ ।

**किरण राना** (१६), **पोखरा**

तपाईंको कति वर्षमा भएको थियो सम्पादकज्यू ?

**समर्पण भट्टराई, जनकपुर**

केटा कम्तीमा २२ तथा केटी कम्तीमा १८ तर के भन्ने सानैमा विवाह गर्न मन पराउने धेरै भेटिन्छन्।

**रोशन आले, बगर-१, पोखरा**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. बुद्धि ठूलो कि बल ? किन ?
२. देशभक्ति के हो ?
३. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
४. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
५. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
६. प्रेममा धोका हुने कारण के हो ?
७. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
८. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
९. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
१०. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?



## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : हाम्रा एक छोरा र एक छोरी छन्। हामी आफ्नो दाम्पत्य जीवनप्रति पूर्ण सन्तुष्ट छौं। अब हामी स्थायी परिवार नियोजन गर्ने सोचमा छौं, तर कहिलेकाहीं कतै-कतैबाट भ्यासेक्टोमी वा मिनिल्यापले यौनचाहनालाई कम गर्छ भन्ने पनि सुनिन्छ। यसमा कति सत्यता छ ? डिम्बवाहनी नली काटेपछि महिनावारी कसरी हुन्छ ? अथवा पुरुषको स्थायी रूपमा नशा काटेपछि पनि लिंग उत्तेजित भैरहन्छ ? हामी चाहँदैनौं यही कारणले हाम्रो दाम्पत्य जीवनमा कटुता उत्पन्न होस्।**

**– आर.एस.**

**उत्तर** : सर्वप्रथम त सन्तुष्ट दाम्पत्य जीवनयापन गरिरहनुभएको कुराले हामी हर्षित छौं। कुनै पनि व्यक्ति उसको यौन तथा प्रजनन अङ्गमा हुने वा गरिने कुनै पनि कुराप्रति निकै सजग हुन्छ। त्यसमा पनि यस्तो शल्यक्रियाको कुरा गर्दा चासो, चिन्ता मात्रै होइन, एक किसिमको भयले सताउनु स्वाभाविक हो। बन्ध्याकरण गर्न लागेका प्राय: सबैजसो पुरुष वा महिलालाई कतै पुरुषत्व वा नारीत्व नै गुमाउँछु कि वा यौनआनन्द नै पाइँदैन कि भन्ने प्रश्नले सताउँछ। कतिपय यही भयकै कारण शल्यक्रिया गर्नबाट बच्ने प्रयास गर्छन्।

**के खसी पारेकै हो ?**

पुरुष बन्ध्याकरण अर्थात् भ्यासेक्टोमीलाई खसी पारिएको भन्ने मिथ्या धारणाको व्यापकताले पनि असर पारिरहेको छ। गोरु वा खसी बनाइँदा अण्डकोषलाई पोषण पुऱ्याउने रक्तनशा वा अन्य स्नायु सबै नै नष्ट गरिन्छ। यसो गर्दा अण्डकोषले आफ्नो कार्यसम्पादन गर्न नसक्ने हुन्छ, तर पुरुष बन्ध्याकरण गर्दा अण्डकोषदेखि वीर्यथैलीसम्म शुक्रकीट ओसार्ने नली (शुक्रवाहिनी नली) लाई मात्रै काटिन्छ, त्यसैले वीर्य उत्पादन र स्खलन भए पनि शुक्रकीट नभएकाले गर्भ रहँदैन। अन्य रक्त तथा स्नायु प्रणालीका नशा यथावत् नै हुन्छन्, त्यसैले अण्डकोषले हार्मोनको निष्कासनलगायत अन्य सबै कार्य निरन्तर रूपमा गर्न सक्छ।

त्यसैगरी मिनील्याप अर्थात् महिला बन्ध्याकरण गर्दा पनि डिम्बाशयदेखि पाठेघरसम्म डिम्बलाई ओसार्ने नली (डिम्बवाहिनी नली, जसले शुक्रकीटलाई पनि डिम्बसम्म जाने बाटो दिन्छ) लाई काटिन्छ। यसो गर्दा डिम्ब र शुक्रकीटको मिलन हुन पाउँदैन र गर्भ रहँदैन, तर पाठेघर तथा डिम्बाशयले आफ्नो कार्य निरन्तर रूपमा गर्न कुनै बाधा पुग्दैन।

**के यौनआनन्द पाइन्छ ?**

नपाइने कुरै छैन। बन्ध्याकरण गर्दा यौनआनन्द प्राप्त गर्ने कार्यप्रणालीमा कुनै किसिमको असर पुग्दैन, यौनसम्बन्धी व्यग्रता र भावनाहरू यथावत् नै रहन्छन्। यौनेच्छालाई प्रभावित पार्ने महत्त्वपूर्ण रागरस (हार्मोन) टेस्टेस्टेरोन हो। बन्ध्याकरण गरे पनि यो हार्मोन उत्पादन गर्न सक्ने क्षमतालाई कुनै नकारात्मक असर गर्दैन। त्यसैले पुरुषको यौनेच्छामा कुनै कमी आउँदैन। महिलाको सन्दर्भमा यौनसंवेदनशील अङ्ग जस्तै– भगांकुर र योनिमा यो शल्यक्रियाले कुनै असर पार्ने प्रश्नै उठ्दैन। त्यसैले महिलाले यौनआनन्द प्राप्त नगर्ने भन्ने प्रश्नै आउँदैन। यो शल्यक्रियाले यौनेच्छामा यसरी नकारात्मक प्रभाव पार्दो हो त लाखौं व्यक्तिले आफ्ना लागि यो गर्भनिरोधको सबैभन्दा उपयुक्त उपाय हो भनेर छनौट गर्दैनथे। नेपालमा मात्रै बर्सेनि हजारौं पुरुषले गर्भनिरोधको उपयुक्त उपायका रूपमा बन्ध्याकरणलाई अपनाउने गरेका छन्।

**लिंग उत्तेजित हुन्छ ?**

के लिङ्ग पहिलेको जस्तै उत्तेजित हुन्छ वा कतै नपुंसक त भइँदैन ? भन्ने प्रश्न बन्ध्याकरण गराउन लागेका सबैजसो पुरुषमा हुने अहं प्रश्न हो। उनीहरूलाई लिङ्ग नै उत्तेजना नहोला र श्रीमतीलाई यौनसुख प्रदान गर्न सक्दिन वा पुरुषत्व खत्तम भएर वैवाहिक जीवन नै बरबाद हुने हो कि भन्ने भय रहन्छ।


यदि तपाईं यो स्तम्भको नियमित पाठक हुनुहुन्छ भने हामीले लिङ्ग उत्तेजित हुने प्रक्रियाका बारेमा पहिले पनि चर्चा गरेका छौं। लिङ्ग उत्तेजित हुँदा लिङ्गमा भएका विशेष तन्तुमा रगत भरिन्छ र यो कडा, मोटो र ठाडो हुन्छ। बन्ध्याकरण गरिँदा त्यसको समीपमा भएका स्नायु तथा रक्त नशालाई कुनै किसिमको चोट नपुगोस् भनेर विशेष ध्यान पुऱ्याइन्छ। यो शल्यक्रिया गर्दा लिङ्गको स्नायु तथा रक्तनशा वा लिङ्गलाई कुनै चोट वा खराबी पुग्दैन। त्यसैले लिङ्गमा रगत भरिने प्रक्रियामा कुनै नकारात्मक असर पर्दैन। फलस्वरूप लिङ्गको उत्तेजनामा कुनै किसिको नकारात्मक असर पर्दैन। रमाइलोसँग यौनसम्पर्क राख्न सकिन्छ, तर यसले एच.आई.भी.जस्ता यौनरोगबाट बचाउँदैन भन्ने कुरा बिर्सनु हुँदैन।

**समाधान**

मिथ्या नै भए पनि कतिपय धारणा मनमा गाडिएर बसे त्यसको असर पर्ने भएकाले त्यसलाई हटाई तथ्यका आधारमा कार्य गर्नु बेस हुन्छ। यसका लागि कुनै परिवार नियोजन सेवाकेन्द्रमा गै प्रत्यक्ष परामर्श लिन सकिन्छ। बन्ध्याकरणपछि सफल दाम्पत्य जीवन बिताइरहेका व्यक्तिसँग कुराकानी गर्नुभए पनि हुन्छ। गर्भ रहने चिन्ता नै नहुने भएकाले कतिपयको यौनजीवन अझ आनन्ददायक भएका उदाहरणहरू छन्। त्यसैले दाम्पत्य जीवनमा तुसारापात हुने कुरै छैन।

कुनै पनि समाजले व्यक्तिको यौनिकतासँग वा प्रजनन क्षमतासँग सम्बन्ध राख्ने कुनै पनि कुरालाई गहिराइमा पुगेर हेर्छ। बन्ध्याकरण गराउने व्यक्तिको मनमा यौनसम्बन्धी अनेक प्रश्न हुन सक्छन्। चिकित्सकले वा परामर्शदाताले पनि यौनसम्बन्धी चासो र चिन्ताका बारेमा खुलस्त कुराकानी गरेर समाधान गरिदिए धेरैलाई सजिलो पर्ने थियो। उहाँहरूले बन्ध्याकरण गराउने व्यक्तिलाई यौनसम्बन्धी कुरा कुरा सोध्न असजिलो लाग्नु स्वाभाविक नै हो भन्ने कुरा बुझ्नुपर्छ। त्यसमाथि बन्ध्याकरण शिविरका भीडभाडमा त यौनसम्बन्धी कुरा सोध्ने वातावरण नै हुँदैन। त्यसैले साथीभाइसँग जानकारी लिएको भरमा चित्त बुझाउनुपर्ने बाध्यता हुन्छ, जुन कतिपय स्थितिमा तथ्यपरक नहुन सक्छ।

# पोर्नोसाइटको प्रभाव



व्यापारीकरणको आजको परिस्थितिमा यौन पनि यसबाट अछुतो छैन। इन्टरनेट यसको बलियो र सर्वसुलभ माध्यम बन्न पुगेको छ। पोर्नोसाइटहरूमा यौनजन्य सामग्रीहरूलाई यति आकर्षक र नियोजित रूपमा राखिएको हुन्छ कि जोकोही जिज्ञासापूर्वक एउटा यौनजन्य साइट खोल्नेबित्तिकै अन्य त्यस्तै वेबसाइटहरू सर्च गर्नतर्फ अग्रसर हुन्छन्। अधिकांश पोर्नोसाइटले स्त्री-पुरुषका अश्लील तस्बिरहरूका साथै यौनसंसर्गका विभिन्न मुद्रालाई प्रस्तुत गरेको पाइन्छ। पोर्नोसाइटमा गरिएका डिस्प्ले कुनै अश्लील चलचित्रका स्टिल फोटोग्राफीजस्तै हुन्छन्, जसले व्यक्तिलाई धेरै हदसम्म यौनको काल्पनिक संसारमा विचरण गराउँछ। यसले व्यक्तिमा अधिकतर नकारात्मक प्रभाव पार्छ। उसका लागि यौनआनन्द तथा प्रेम अभिव्यक्तिको माध्यम नरहेर शारीरिक आवश्यकता पूर्ति गर्ने साधन बन्न पुग्छ, जसले गर्दा उसको यौनजीवन प्रभावित हुन्छ।

आज पोर्नोग्राफी एउटा व्यवसाय भएको छ, जसले इन्टरनेटको माध्यमबाट यौनलाई बेचिरहेको छ। हरेक क्षण यसको मोहजालमा कोही न कोही फसिरहेका हुन्छन्। अश्लील तस्बिरका विभिन्न आकार-प्रकार पार्टनर एक्सचेन्ज, यौनका अकल्पनीय कुराहरू, सामूहिक यौनसम्पर्क, समलैङ्गिकता, पशुसितको सम्बन्ध आदिले व्यभिचार एवं बलात्कार तथा महिलालाई कुनै वस्तुका रूपमा उपयोग गर्नेजस्ता कलुषित र विसंगतिपूर्ण सोच र व्यवहारलाई बढावा दिइरहेको अनुभव गर्न सकिन्छ। वैवाहिक जीवन पनि यसबाट प्रभावित भैरहेको देखिन्छ। यसले आफ्नो साथीसितको प्रेम अभिव्यक्ति र उसको सन्तुष्टिप्रतिको ख्याल र प्राथमिकतालाई पनि क्षीण बनाउँदै लगिरहेको आभास हुन्छ।

दिल्ली विश्वविद्यालयद्वारा सन् २००५ मा इन्टरनेट सेक्ससम्बन्धी गरिएको एक अनुसन्धानअनुसार हरेक १० जना पुरुषमध्ये ४ जना इन्टरनेट सेक्सबाट प्रभावित भएको पाइयो। प्रतिदिन इन्टरनेट प्रयोग गर्ने ५ जना पुरुषमध्ये २ जनाले पोर्नोसाइट सर्च गरेको देखियो। इन्टरनेट यौनक्रियाकलापको मामिलामा पुरुषको तुलनामा महिलाको संलग्नता भने निकै कम पाइयो। उक्त अध्ययनअनुसार प्रत्येक ४० जना महिलामध्ये मात्र एक जना यसबाट प्रभावित भएको देखियो। महिलाको तुलनामा कामेच्छा बढी हुने भएकाले पुरुषहरू आफ्नो सुन्दर प्रेमिका वा पत्नी हुँदाहुँदै पनि पोर्नोसाइटतर्फ अग्रसर हुन्छन् भन्ने कुरालाई यौनविद्हरू मान्न तयार देखिँदैनन। यौनविद्हरूका अनुसार कामेच्छाभन्दा पनि पोर्नोसाइटप्रति स्वाभाविक कौतूहलताले नै पुरुषवर्ग यसतर्फ आकर्षित भएको देखिन्छ। प्राय: गरी प्रेमी वा पतिको यौन चाहना जब परिपूर्ण हुँदैन तब ऊ अश्लील चलचित्र, साहित्य वा पोर्नोसाइटको माध्यमबाट आफ्नो अतृप्त इच्छालाई पूर्णता प्रदान गर्ने प्रयास गर्छ। यो व्यवहारबाट उसको यौनजीवनमा पर्ने प्रभाव प्रतिकूल वा अनुकूल दुवै हुने सम्भावना रहन्छ।

उल्लेखित व्यवहारका कारण यौनजीवनले सकारात्मक गति पनि लिन सक्छ, परन्तु यसमा स्त्रीपक्षको सकारात्मक र सक्रिय संलग्नताको आवश्यकता पर्छ। यौन मामिलामा विचारहरू परिवर्तन भैरहेका छन्। अत: युगल जोडीले यसलाई नवीन ढंगबाट परिभाषित गर्नुका साथै अँगाल्न पनि सिक्नुपर्छ। राम्रा-नराम्रा पक्ष, हरेक कुरामा विद्यमान हुने भएकाले पोर्नोसाइटलाई पनि सोही रूपमा बुझ्नु बुद्धिमानी हुन्छ। आफ्ना पति वा प्रेमिकाको चाहना बुझेर उसलाई सहयोग गर्नु उचित हुन्छ। पोर्नोसाइटकै माध्यमबाट युगल जोडीले आफ्नो यौनजीवनलाई रोमाञ्चपूर्ण बनाउँदै नयाँ आयाम सञ्चार गर्न सक्छन्, तर अश्लीलताको महसुस एवं यौनजन्य क्रियाकलापको प्रयोगमा अति गर्न थाले, आफूलाई त्यसमा असहज महसुस भए तथा मनले स्वीकार गर्न नसक्ने अवस्था आए असल एवं समझदार साथीका रूपमा आफ्ना पति वा प्रेमीलाई त्यसका बारेमा खुलेर भन्नु राम्रो हुन्छ। धेरै हदसम्मको अश्लीलताले यौनप्रति वितृष्णा र घृणा उत्पन्न गराउन सक्ने भएकाले युगल जोडीले सचेतता, समझदारी एवं सतर्कता अपनाउनु आवश्यक हुन्छ।

पोर्नोसाइटले यौनजीवनमा रोमाञ्चता एवं नवीनता सञ्चार गर्नमा लाभ पुऱ्याए पनि यसको प्रतिकूल प्रभावलाई नकार्न सकिँदैन। यसबाट पर्ने नकारात्मक प्रभावका कारण दाम्पत्य जीवन धराशायी हुँदै सम्बन्ध टुट्नसमेत सक्छ। केही पुरुष त्यस्ता हुन्छन् जसको यौनचाहना साइट हेरेरै मात्र पनि तृप्त हुन्छ। परन्तु ती पुरुषको संख्या बढी पाइन्छ, जसको मस्तिष्कमा ती साइटको अश्लीलता हावी हुन्छ र आफ्नी पत्नी वा प्रेमिकाबाट त्यसको परिपूर्ति नभएको अवस्थामा उनीहरू बलात्कार वा वेश्यागमनतर्फ अग्रसर हुन्छन्। अधिकतर पुरुष पोर्नोसाइटमा देखिएका हदैसम्मका क्रियाकलापलाई आफ्नो पार्टनरसित प्रयोग गर्न इच्छुक देखिन्छन्, जुन वास्तविक जीवनमा सम्भव नहुन सक्छ। त्यसलाई आफ्नो जीवनमा अँगाल्न खोज्नु मुर्खता पनि हुन सक्छ र यसबाट उब्जन सक्ने परिस्थिति र परिणाम बीभत्सपूर्ण। त्यसैले परिणामलाई दृष्टिगत गरेर आफ्नो यौन व्यवहारलाई मर्यादित बनाउनु उचित हुन्छ र सम्भव भएसम्म यो विषयमा यौनविद् एवं मनोविद्हरूको परामर्शको सहारा लिनु बुद्धिमानी हुन्छ, किनकि यौनसम्बन्धी चाहना र कल्पना प्राकृतिक एवं स्वभाविक प्रवृत्ति हो। यसका लागि पोर्नोसाइटको माध्यमबाट आफ्नो कल्पनालाई साकार गर्न खोज्नु अनुचित होइन, तर जब यो चाहना र व्यवहारले व्यक्ति एडिक्ट बन्न पुग्छ तब यसले मनोरोगको रूप धारण गर्छ। समयमै समाधान गरिएन भने त्यसको परिणामबाट व्यक्ति स्वयं तथा उसको परिवार, आफन्तजन एवं समाजले पनि अनेकन अप्ठ्यारा परिस्थितिको सामना गर्नुपर्ने हुन्छ।

**–रोजिन शाक्य**

# शुभ-अशुभको घेरामा लाटोकोसेरो



दीपावलीको अवसरमा धनकी देवी लक्ष्मीको वाहन लाटोकोसेरोको चर्चा हुनु स्वाभाविक हो। लाटोकोसेरो देवी लक्ष्मीको वाहन भएकाले यो पक्षीलाई धनको देवता पनि मानिन्छ, तथापि यो पक्षीका सम्बन्धमा हाम्रो लोकजीवनमा कैयन प्रकारका धारणा, मान्यता एवं अन्धविश्वास प्रचलित छन्। लाटोकोसेरोलाई शुभ र अशुभको घेराभित्र राखिएको पाइन्छ। लाटोकोसेरोले राति मात्रै देख्न सक्ने भएकाले दिनभरि सुत्ने र रात परेपछि शिकारका लागि निस्कन्छ, तर रूसी अनुसन्धानकर्ता डा. सँरु यर्सन विक्टरका अनुसार लाटोकोसेरोले दिनमा पनि देख्न सक्छ तर अल्छी भएकाले दिनमा सुत्ने ढोंग गर्छ। डा. विक्टरका अनुसार भोकले सताएका बेला लाटोकोसेरोले दिउँसो पनि आरामसित सिकार गर्न सक्छ।

कुनै पनि संकटको सजिलैसित पूर्वानुमान गर्नसक्ने भएकाले लाटोकोसेरोलाई सामाजिक परिवेशमा अपसकुन मानिन्छ। तन्त्रशास्त्रमा भने लाटोकोसेरोको विशिष्ट भूमिका हुन्छ। अतः यसको प्रयोग तान्त्रिक तन्त्र शक्तिका लागि हुने गरेको देखिन्छ। प्राचीन कालमा यसको प्रयोग मौसमको अवस्था जान्न गरिन्थ्यो। यदि लाटोकोसेरोका पखेटा सुकेको अवस्थामा भए आउने दिनमा तापमान केही वृद्धि हुने तथा केही भिजेको देखिए वर्षा हुने सम्भावना हुन्छ भन्ने मान्यता उतिबेला थियो। लाटोकोसेरोको पखेटा अत्यन्त कडा देखिए चिसो बढ्नेछ भन्ने अनुमान गरिन्थ्यो।

**केही प्रचलित मान्यता :**

- दीपावलीको दिन लाटोकोसेरोको दर्शन हुनुलाई भाग्योदयको प्रतीक मानिन्छ।
- लाटोकोसेरोले कुनै गर्भवती महिलालाई छोए उनलाई पुत्री लाभ हुन्छ भन्ने मान्यता पाइन्छ।
- यदि कुनै गम्भीर रोगीलाई छोएर लाटोकोसेरो उडे त्यो रोगी ठीक हुने सम्भावना हुन्छ।
- यदि राति लाटोकोसेरो देखिएमा धनको नाश हुने तर प्रातःकालमा लाटोकोसेरो देखिए वा लाटोकोसेरोको आवाज सुनिए मंगलकारी हुन्छ भन्ने मान्यता छ।
- यदि कसैको आँगनमा मरेको लाटोकोसेरो भेटिए घरधनीको पारिवारिक वातावरणमा कलह उत्पन्न हुने तथा कुनै विशेष स्थानमा लाटोकोसेरोको नियमित रूपमा आवतजावत रहे कुनै ठूलो दुःखदायी घटनाको संकेतका रूपमा लिइन्छ।
- उत्तर दिशातर्फ बसेको लाटोकोसेरोको आवाज सुन्ने व्यक्ति बिरामी पर्ने, पश्चिम दिशामा बसेको लाटोकोसेरो देख्ने व्यक्तिलाई ठूलो नोक्सान हुने तथा सोही दिशामा बसेको लाटोकोसेरोको आवाज मात्र सुने शत्रुनाश हुन्छ भन्ने मान्यता छ।
- राति लाटोकोसेरो कसैको आँगनमा आई बस्नुलाई उक्त घरमा कसैको विवाह हुने संकेत मानिन्छ।

उल्लेखित मान्यताहरू वैज्ञानिक रूपमा तर्कसंगत देखिँदैनन्। यी मान्यताहरू परम्परादेखि अन्धविश्वासका रूपमा प्रचलित छन्। शुभ-अशुभ सूचकका रूपमा लाटोकोसेरोका सम्बन्धमा विभिन्न धारणा प्रचलित रहे पनि धनकी देवी महालक्ष्मीको वाहनका रूपमा दीपावलीमा यसको महत्त्व भने उत्तिकै छ।

**– रोजिन शाक्य**

## जन्मदिनको शुभकामना



ऋषभ प्याकुरेल
२०५७ कात्तिक २३



प्रथम भट्टराई
२०६० कात्तिक २४



शिजलकृष्ण ताम्राकार
२०६० कात्तिक २४



अनुष्का केसी
२०६० कात्तिक २५



हरि मगर
२०५८ कात्तिक २७



रोशन श्रेष्ठ
२०५९ कात्तिक २८



अपूर्व के.सी.
२०६३ कात्तिक २५



विपिशा भण्डारी
२०६० कात्तिक २७

**कुपन**

## जन्मदिनको शुभकामना

नाम :.....................................................

जन्म मिति :.....................................................

स्कुल :.....................................................

ठेगाना : .....................................................

**तस्बिर अनिवार्य**

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

## साप्ताहिक रंग भर प्रतियोगिता - १२



**प्रतियोगीको नाम :**

**कक्षा :**

**विद्यालयको नाम :**

माथि दिइएको चित्र भाइटीका गरिरहेको दृश्यको हो। नेपाली समाजमा भाइटीकाको ठूलो सांस्कृतिक महत्व छ। दिदी-भाइ वा दाजु-बहिनीबीचको सम्बन्धलाई सुमधुर र प्रगाढ बनाउनमा भाइटीकाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। धार्मिक रुपमा यम र यमुनाको कथासँग जोडिएको भए पनि भाइटीकाले अहिले जुन किसिमको सामाजिक महत्व पाएको छ, त्यसले पनि भाइटीकालाई नेपाली समाजमा स्थापित गरेको छ।

**नियमहरू :**


१. यो प्रतियोगितामा कक्षा ५ देखि १० सम्मका भाइ-बहिनीहरूले भाग लिन सक्नेछन्।
२. पुरस्कृत चित्र साप्ताहिकमा प्रतियोगीको तस्बिरसहित प्रकाशित हुनेछ।
३. प्रतियोगीले आफ्नो नाम, विद्यालयको नाम, कक्षा, उमेरसहित रंगीन तस्बिर पनि पठाउनुपर्नेछ।
४. पुरस्कृत चित्रलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ।

## चौथो पुस्ताको सुँगुरको क्लोन



जापानका वैज्ञानिकहरूले क्लोनिङ सुँगुरलाई जन्म दिएका छन्। यसले मानिसमा नयाँ अंग प्रत्यारोपणका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ। क्लोनिङ गरिएको भाले सुँगुरलाई टोकियो विश्वविद्यालयको प्रयोगशालामा जन्माइएको थियो। उक्त सुँगुरको हजुरबा पनि क्लोनिङ प्रविधिमार्फत नै जन्मिएको थियो। यसअघि क्लोनिङ प्रविधिबाट पुस्तौँपुस्ता जनावरहरूलाई जन्म दिँदा तिनीहरूमा अणुवंशिक समस्या आउने र जातीय गुण खस्कने आशंका गरिन्थ्यो। अमेरिकी वैज्ञानिकहरूले क्लोनिङ प्रविधिबाट मुसाको छैटौं पुस्तालाई जन्म दिए पनि चौथो पुस्ताको ठूलो जनावर भने जापानका वैज्ञानिकहरूले जन्माएको सुँगुर नै हो।

**तल दिइएको चित्रमा कति सामानहरू लुकेका छन् ?**



## बादलमाथिबाटै हेलो-हेलो




हवाईजहाज निर्माता कम्पनी एयरबस र एक आईटी कम्पनीबीच सम्झौता भएको छ।

यो सम्झौतापछि हवाईजहाजमा मोबाइलमा कुराकानी गर्न मिल्ने सुरक्षित उपकरण जडान गरिने भएको छ। यो प्रविधिअनुसार यसै वर्षदेखि ३० हजार फिटको उचाइबाट एयर फ्रान्सले आफ्ना यात्रुहरूलाई मोबाइल फोनमार्फत आफ्ना परिवार तथा निकटवर्तीहरूसँग सम्पर्क गर्न दिने योजना बनाएको छ। निकट भविष्यमा नै आयरल्यान्ड र मलेसियाका हवाई कम्पनीहरूले पनि यही प्रविधि जडान गर्दै आएका छन्। जापान र अमेरिकाले सन् २००९ भित्रमा आफ्ना हवाई कम्पनीहरूको व्यावसायिक उडानमा ग्राहकहरूलाई मोबाइल फोन प्रयोग गर्न दिने योजना बनाएका छन्।

हवाईजहाजले उडान भर्नुअगावै मोबाइलको स्विच बन्द गर्नुहोस् र सिटबेल्ट बाँध्नुहोस् भनी परिचारिकाले गर्ने आग्रह अब यात्रीको कानमा नगुञ्जन सक्छ। कतिपय हवाई कम्पनीहरूले उडिरहेको जहाजबाट मोबाइल सम्पर्क गर्न दिँदा असुरक्षा नहुने कुरा पत्ता लगाएपछि यो अवस्था सिर्जना भएको हो। यसका लागि

## डुबेको जहाज फेला पर्‍यो



दक्षिण कोरियाका पुरातत्त्वविद्हरूले अक्टोपसको सहयोगले १२ औं शताब्दीमा समुद्रमा डुबेको काठले निर्मित पानीजहाज पत्ता लगाएका छन्। पुरातत्त्वविद्हरूले दक्षिण सिउलको समुद्रको पींधमा हिलोमा डुबेको जहाजबाट विभिन्न प्रकारका २ हजार भाँडा निकालेका थिए।

२५ फिट लामो उक्त पानीजहाज कोरियाको प्राचीन कार्यो वंशको शासनकालको भएको अनुमान पुरातत्त्वविद्हरूको छ। कार्यो वंशले कोरियामा ९ सय १६ देखि १ हजार ३ सय ९२ सम्म शासन गरेको थियो। डुबेको पानीजहाजबाट निकालिएका भाँडालाई अहिले एउटा सङ्ग्रहालयमा राखिएको छ।

# मधुमेहप्रति सजग बनौं

**डा.बालकृष्ण साह**

विश्वका १ सय ९५ वटा देशमा विभिन्न कार्यक्रमका साथ यस वर्ष पनि विश्व मधुमेह दिवस मनाइँदैछ। विश्व स्वास्थ्य संघको तथ्यांकअनुसार प्रत्येक वर्ष हुने मृत्युको पाँच प्रतिशत कारण मधुमेह हुने गरेको छ। विश्वमा २४ करोडभन्दा बढी मधुमेह रोगी छन् भने आगामी २० वर्षभित्रै यो संख्या करिब ३८ करोड पुग्ने अनुमान गरिएको छ। सन् २००० मा नेपालमा मधुमेह रोगीको संख्या ४३ हजार ६ सय थियो भने सन् २०३० सम्ममा नेपालमा यो संख्या १३ लाख २८ हजार पुग्ने अनुमान विश्व स्वास्थ्य संघको छ।

**बालबालिका र मधुमेह**

बालबालिकाहरूलाई मधुमेह भन्दा अचम्म मान्नुपर्दैन। मधुमेह भन्नेबित्तकै सामान्यतया ३०-४० वर्ष पार गरेका मानिसहरूमा लाग्ने रोग बुझिन्छ। हाल बालबालिकामा पनि यो रोग अत्यधिक मात्रामा देखिएको छ। विश्व स्वास्थ्य संघको तथ्यांकअनुसार प्रत्येक वर्ष ७० हजार बालबालिका (१५ वर्षमुनिका) मा यो रोग थपिने गरेको छ, अर्थात् प्रत्येक दिन करिब २ सय बालबालिका मधुमेहबाट ग्रसित हुन्छन्। त्यसमध्ये करिब एक चौथाइ दक्षिण-पूर्व एसियामा छन्। यी बालबालिकामा मधुमेह-१ अर्थात् रगतमा इन्सुलिनको मात्रा कम भएको मधुमेह लाग्ने गरेको पाइन्छ तर थोरै संख्यामा मधुमेह-२ बाट पीडित हुने गरेको पनि पाइएको छ।

आफ्ना बालबालिकामा मधुमेह पाइयो भन्दा आमाबाबुमा पनि खिन्नता बोध हुन सक्छ, बालबालिकालाई त नहुने कुरै भएन। मधुमेहका बारेमा थाहा नभएका बालबालिका, आफैलाई मधुमेह भएको र यो निको नहुने रोग हो भनेर बुझ्दा मानसिक रूपमा खिन्नता बोध हुनु तथा असन्तुलन हुनु स्वाभाविक हो। त्यसैले यस्ता बालबालिकासँग अभिभावक, परिवार एवं समाज संवेदनशील हुनुपर्छ। मधुमेहका लागि एकता भन्ने नाराका साथ विश्व मधुमेह संघ (डब्लु. डी. एफ.) ले यही सन्देश लिएर यस वर्षको विश्व मधुमेह दिवस मनाइरहेको छ। यस्ता बालबालिकालाई रोगका बारेमा तथा यसका असरका बारेमा मात्र जानकारी दिएर पुग्दैन। यस रोगका महत्त्वपूर्ण अङ्ग खाना, व्यायाम तथा शारीरिक तौलमा दिनुपर्ने विशेष ध्यानका सम्बन्धमा पनि राम्रोसँग सम्झाउनुपर्छ। भोक लागेको बेला के गर्ने ? कस्तो खाना खाने ? औषधी कसरी लिने ? घाउ-चोटबाट कसरी बच्ने आदि सामान्य दैनिक गतिविधिका बारेमा अभिभावक तथा शिक्षकवर्ग संवेदनशील एवं सचेत हुनुपर्छ।

**गर्भावस्था र मधुमेह**

मधुमेहका रोगी महिलाले शिशु जन्माउने इच्छा राख्नु अपराध नभए पनि यो सामान्यचाहिँ हुँदैन। मधुमेह आमा र शिशु दुवैका लागि खतरा साबित हुन सक्छ। गर्भावस्थामा रगतमा चिनीको मात्रामा सन्तुलन कायम गर्दागर्दै पनि निरन्तर रूपमा गर्भ तुहिने सम्भावना हुन्छ। करिब २० प्रतिशतमा महिना नपुग्दै शिशु जन्मिने हुन्छ। समय नपुग्दै शिशु जन्मनुको पछाडि पिसाबको संक्रमण वा सामान्यभन्दा ठूलो शिशु भएको हुन सक्छ। २५ देखि ५० प्रतिशत महिलामा सामान्य महिलाको भन्दा बढी सालनाल, ठूलो पेट तथा शिशुको आकार पनि ठूलो भएको पाइन्छ। मधुमेहले गर्भावस्थामा गर्ने अर्को खतरा प्रि-इक्लेम्पसिया हो।

प्रि-इक्लेम्पसिया हुने सम्भावना २५ प्रतिशत मधुमेह भएका महिलामा हुन्छ। २० हप्ताभन्दा बढीको गर्भ रहेको अवस्थामा ब्लडप्रेसर १ सय ४०/९० भन्दा बढी हुनुका साथै पिसाबमा प्रोटिन देखिने अवस्थालाई प्रि-इक्लेम्पसिया भनिन्छ। यसले धेरैवटा प्रणालीमा असर गर्ने भएकाले आमा र शिशु दुवैका लागि राम्रो मानिँदैन। यसबाहेक मधुमेहका अन्य असरहरू जस्तै आँखामा रेटिनोपाथी, मृगौलामा नेफ्रोपाथी, किटोएसिडोसिस आदि हुन सक्छ। त्यस्तै शिशु जन्मने बेलामा धेरै समय लाग्ने एवं धेरै रगत बग्ने आदि हुन सक्छ।

गर्भस्थ शिशुलाई पनि आमाको मधुमेहले असर गर्ने हुन्छ। शिशुको टाउको सामान्यभन्दा ठूलो हुनु, शिशुका अङ्गहरूको विकास राम्रोसँग नभएको हुनु तथा गर्भभित्रै शिशु मर्नु यसका असरहरू हुन्।

त्यसैले मधुमेहका रोगी महिलालाई गर्भवती नबन्न सल्लाह दिइन्छ। गर्भधारणा गर्नैपरे सामान्य चिकित्सक, स्त्री तथा प्रसूति रोग विशेषज्ञ दुवैको परामर्श लिनु आवश्यक हुन्छ। यस्ता महिलाले खाना र व्यायाममा ध्यान दिनुका साथै इन्सुलिनको सुई लिई नियमित स्वास्थ्य परीक्षण गराइरहनुपर्छ।

**मधुमेह र मृत्युको कारण**

मधुमेह रोगीको रगतमा ग्लुकोजको मात्रा असन्तुलित हुन्छ। नियमित औषधी सेवन गर्दा पनि यसले मुटु, मस्तिष्क, मृगौला, आँखा, रगतका नशाहरू, स्नायु रेशाहरू आदिमा असर गर्छ। नियमित मात्रामा मिलाएर औषधी सेवन गर्नाले रगतमा ग्लुकोजको मात्रा सन्तुलित रहन्छ र यी असर कम हुन्छन् तर अधिकांश मानिसले रगत परीक्षण, खाना र व्यायाममा हेलचेक्र्याइँ गरिरहेका हुन्छन् र त्यसको असर विभिन्न अङ्गमा पर्छ। त्यस्ता मानिसमध्ये ७० प्रतिशतको मृत्यु मुटु तथा रक्तसञ्चारमा आएको खराबीले हुन्छ। मुटु तथा रक्तसञ्चारमा गर्ने असरमा मायोकोडडियल इन्फ्रक्सन (एमआई) अर्थात् मुटुका कोषहरूको मृत्युले गर्दा हुन्छ। मधुमेहका रोगीको मृत्युको अर्को कारण हो- पक्षघात अर्थात् स्ट्रोक। मधुमेहका रोगीहरूमध्ये त्यस्तै १० प्रतिशतको मृत्युको कारण रेनल फेलर अर्थात् मृगौलाले शरीरमा भएको विकार तत्त्व युरिया, युरिक एसिड, क्रेसेनिन आदि निष्काशन गर्न नसकेर मानिसको मृत्यु हुन्छ। करिब १० प्रतिशत मधुमेहका रोगीको मृत्यु विभिन्न किसिमका क्यान्सर लागेर हुन्छ।

त्यस्तै ६ प्रतिशतको मृत्यु संक्रमणले गर्दा हुन्छ। करिब एक प्रतिशत मधुमेहका रोगीको मृत्यु किटोएसिडोसिस अर्थात् उच्च ग्लुकोजको मात्राका कारण रगतमा आएको खराबीले हुन्छ।

यी सबै मृत्युका कारणबाट बच्ने एउटै प्रमुख उपाय हो– नियमित रूपमा रगतमा ग्लुकोजको मात्रा, पिसाबको परीक्षण, मुटु तथा आँखाको परीक्षणका साथै नियमित रूपमा एउटै मात्रामा खाना खाने साथै आवश्यकताअनुसार औषधी एवं नियमित व्यायाम गर्ने।



**विश्व मधुमेह दिवस**
**१४ नोभेम्बर**

# मधुमेह र छालाको हेरचाह



मधुमेह, रगतमा ग्लुकोजको मात्रामा असन्तुलन ल्याउने एउटा रोग हो, जुन इन्सुलिन हार्मोनको कमी वा प्रभाव कम भएकाले गर्दा हुन्छ। त्यस्तै छाला शरीरको एउटा प्रमुख अङ्ग हो। छालाले शरीरको तापक्रमको सन्तुलन ल्याउन मद्दत गर्ने मात्र होइन, शरीरको चोटपटक तथा संक्रमणबाट बचाउनुका साथै यसमा रहेको नसाहरू (स्नायुरेसा) को मद्दतले तातो, चिसो, दुखाइ, चाप तथा छोएको अनुभव पनि गरिन्छ।

मधुमेहले हाम्रो छालालाई मुख्यतः दुई किसिमले असर गरिरहेको हुन्छ। मधुमेहमा रगतको ग्लुकोजको मात्रा सामान्यभन्दा बढी हुन्छ। ग्लुकोजको मात्रा बढी भएकाले शरीरले सामान्यभन्दा बढी पानी फाल्छ, त्यसैले छाला बढी सुख्खा हुन्छ। छाला सुख्खा भएपछि फुट्ने तथा चिलाउने हुन्छ। छाला फुटेको ठाउँबाट वातावरणीय जीवाणुहरूले संक्रमण गर्ने अवसर पाउँछन्, फेरि रगतमा ग्लुकोजको मात्रा बढी भएपछि संक्रमणका लागि अझ सजिलो र तीव्र हुन्छ। त्यस्तै मधुमेहका रोगीमा छालाका स्नायुरेसाहरूमा असर परेका कारण पसिना कम निस्कने हुन्छ। पसिनाले छालालाई नरम बनाउन तथा सुख्खा हुन नदिन ठूलो भूमिका खेलेको हुन्छ। पसिनाको उत्पादन कम भएकाले मधुमेहका रोगीलाई छालाको समस्या बढी देखिन्छ। मधुमेहका रोगीमा मुख्यरूपमा फङ्गल इन्फेक्सन अर्थात् फन्जाईको संक्रमणले सताउँछ, यसबाहेक खुट्टाको घाऊ तथा सोरयालिस पनि हुन सक्छ।

**छालाको हेरचाह कसरी गर्ने ?**

-छालाको संक्रमणको उपचार गराउनुभन्दा पनि छालाको राम्रो हेरचाह गरेर संक्रमणबाट जोगाउनु उत्तम उपाय हो। शरीरमा ग्लुकोजको मात्रा सन्तुलित राख्नु छालाको विभिन्न समस्याबाट जोगिने प्रमुख उपाय हो। ग्लोकोजको मात्रा सन्तुलनमा राख्न मधुमेहको औषधीको उचित प्रयोग एवं खानामा ध्यान पुऱ्याउनु आवश्यक छ।

-छाला हल्का साबुनले राम्रोसँग धुने तथा सफा कपडाले पुछ्ने तथा नियमित कामसँगै कपडाले पुछ्ने बेलामा पानी लुक्ने ठाउँ जस्तै औंलाहरूका बीचको भाग, काप, काछ आदि ठाउँमा विशेष ध्यान पुऱ्याउनुपर्छ। छाला सुख्खा भएको, दाग आएको चिलाएको फुटेको तथा कत्ला परेको छ कि भनेर राम्रोसँग अवलोकन गर्नुपर्छ। यसो गर्दा छालामा आएको खराबीको उपचार समयमै गर्न सकिन्छ।

-छाला सुख्खा हुन नदिन मोइस्चराइजर तथा लोसन प्रयोग गर्न सकिन्छ तर यस्ता लोसनले छालामा भएको खराबीलाई छोप्न तथा छालाले पाउने अक्सिजनबाट वञ्चित गर्ने भएकाले अनावश्यक रूपमा अर्थात् धेरै लगाइरहनु राम्रो होइन।

-धेरै तातो पानीले नुहाउने तथा जाडोयाममा धेरै नुहाइरहनु छालाका लागि राम्रो होइन यस्तो बेलामा मोइस्चराइजर भएको साबुनको प्रयोग गर्नु उचित हुन्छ।


-सुति अर्थात् कटनका भित्री पहिरनले शरीरमा हावाको वहावलाई मद्दत गर्ने भएकाले सुतीका भित्री पहिरन नै उपयुक्त हुन्छ।



-छालामा भएको सानो घाउ तथा चोटपटकले मधुमेहका रोगीमा ठूलो रूप लिन सक्छ। त्यसैले दैनिक गतिविधि-दाह्री काट्ने तथा हेयर रिमुभरको प्रयोगदेखि लिएर अन्य सम्पूर्ण गतिविधिमा बढी होसियार हुनुपर्छ। घाऊ लागेको ठाउँमा न्यानो मलहम (क्रिम) लगाउनु पनि हुँदैन। त्यस्तो अवस्थामा स्वास्थकर्मीसँग परमर्श लिनु आवश्यक हुन्छ।

यसबाहेक मधुमेहका रोगीले सामान्यभन्दा बढी पानी सेवन गर्नुपर्छ। यसले छालालाई स्वस्थ राख्न मद्दत गर्छ। त्यस्ता व्यक्तिले छालाको सानो समस्या पनि लुकाउनु हुँदैन। जतिसक्दो छिटो चिकित्सकसँग सम्पर्क गरी आवश्यक उपचार गर्नु ठूलो दुर्घटना हुनबाट जोगिनु हो भन्ने कुरा बुझ्नुपर्छ।

## रंग भर प्रतियोगिता - ८ को नतिजा



**प्रतियोगीको नाम : रोजन जोशी**

**कक्षा : एलकेजी**

**विद्यालयको नाम : युनाइटेड स्कुल, ललितपुर**











LAST WICKET
NEPAL
NEPAL
NEPAL
















Lali Gurans Association
Proudly Presents
Indian Idol
LIVE in Hong Kong
Amit Paul
Charu
With Prashant Deepali Charu & Amit Paul
Prashant
Date: 23, Nov. 2007
Time: 7:30 PM
Venue: Queen Elizabeth Stadium Wan Chai
Official Media www.nepal.hk
Ticket Price: $200, $300, $500, VIP
For group tickets and show information, please contact:
Vishal Gurung: 6222 2853, Chetan Gurung: 6228 5521, Aruna Tejwani: 6083 0204, George Pannu: 9747 9012, Papil Thakali: 6341 2144, Bharat Roka: 6177 4349, Purna Gurung: 6712 0617, Nabin Gurung: 6152 4601, Himal Rana: 6071 9024, Naren Rai: 6696 8604
Ticket are available at all Urbits outlets: 2734 9009, Morning Star, Chung King Mansion, 1/F, Shop No: 16, Tel: 2368 2947, Nepali Corner, Jordan: 2625 5564
Manakamana Store, Yuen Long: 2443 6204
Two-way Chartered Bus Services arranged from Yuen Long to Stadium